Bhunia at al., (2011) the study aims to identify the financial strengths and weaknesses of the Indian public sector pharmaceutical enterprises by properly establishing relationships between the items of the balance sheet and profit and loss account. The liquidity position was strong in case of both the selected companies thereby reflecting the ability of the companies to pay short-term obligations on due dates and they relied more on external funds in terms of long-term borrowings thereby providing a lower degree of protection to the creditors. Financial stability of both the selected companies has showed a downward trend and consequently the financial stability of selected pharmaceutical companies has been decreasing at an intense rate.

Berthilde, and Rusibana (2020) carried out a research to ascertain benefits of financial statements analysis and Investment Decision Making in Commercial Banks: A Case of Bank of Kigali, Rwanda. It is concluded that understanding financial statement analysis provides that is very important to those who have the businesses as tools for reducing the considerable risks involved in starting and growing the business.

Raymond at al., (2017) this study assesses the investment value of Telecommunication firm so as to determine whether it is comparable with commercial banks in Nigeria. The results show that there is a significant difference between the profitability of telecommunication firms with that of commercial banks in Nigeria; that there is a significant difference between the coverage ratio of telecommunication firms with that of commercial banks in Nigeria; that there is a significant difference between the debt ratio of telecommunication firms with that of commercial banks in Nigeria and also that there is a significant difference in the efficiency ratios of telecommunication firms with that of commercial banks. The implication of this finding is that telecommunication firms have high investment value than commercial banks and as such telecommunication firms do not maintain high liquidity value when compare with commercial banks.

Enekwe at al., (2014) Carried out a scientific research to determine the effect of financial leverage on financial performance of the Nigeria pharmaceutical companies, the results of the analysis showed that debt ratio (DR) and debt-equity ratio (DER) have negative relationship with Return on Assets (ROA) while interest coverage ratio (ICR) has a positive relationship with Return on Assets (ROA) in Nigeria pharmaceutical industry.

## 3. Research Methodology:

This research follows the analytical research methodology which is based on the quantitative data. The main source of data used for the study is secondary data derived from the published Annual Reports of the Janajyoti Campus. The information related with theoretical background has been collected from websites, journals, magazines, newspapers and books. Present study covers the financial statement analysis of Janajyoti Campus for twelve consecutive years. The year of the study is between 2008 and 2020. The rationale behind selecting this year is the availability of data. For this purpose, exploratory method has been adopted as it helps to investigate any problem with suitable hypothesis, and it is also important for the clarification of the concept.

The analysis and interpretation of financial statement is used to determine the financial position and result of operation as well. The following are the tools that are used for analyzing the financial position of the campus: Comparative Financial Statements, Ratio analysis and trend analysis.

## 4. Result and Discussion

4.1 Comparative Financial Statements: It is the analysis of financial statements of the company for two years. Also known as 'horizontal analysis, are financial statements showing financial position & profitability at different periods of time. These statements give an idea of the enterprise financial position of two or more periods (Gyawali et al., 2020).

**Table 1**

*Common Size Comparative Balance Sheet*

| Owner fund and liabilities | 2064-065 | | 2065-066 | | 2066-067 | | 2067-068 | | 2068-069 | | 2069-070 | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| Accumulate Fund | 1303083 | 98.75 | 1383055 | 95.96 | 9884233.8 | 99.50 | 16742374.4 | 99.70 | 11628421 | 99.57 | 11653297 | 99.80 |
| Expenses payable | 16500 | 1.25 | 58200 | 4.04 | 50000 | 0.50 | 50000 | 0.30 | 50000 | 0.43 | 23764 | 0.20 |
| Endowment fund | | 0.00 | | 0.00 | | 0.00 | | 0.00 | | 0.00 | | 0.00 |
| **Total Owner fund and liabilities** | **1319583.00** | 100.00 | **1441255** | 100.00 | 9934233.8 | 100.00 | **16792374.4** | 100.00 | **11678421** | 100.00 | **11677061** | 100.00 |
| **Assets** | | | | | | | | | | | | |
| **Bank balance** | 587971 | 44.56 | 695972 | 48.29 | 9626476 | 96.90 | 2537232 | 15.11 | 2145887 | 25.56 | 1299156 | 11.13 |
| Fixed deposited | 650000 | 49.26 | 650000 | 45.10 | | 0.00 | 6250000 | 37.22 | 6250000 | 74.44 | 5650000 | 48.39 |
| **Receivable** | | 0.00 | | 0.00 | | 0.00 | | 0.00 | | 0.00 | 1653000 | 14.16 |
| Cash | 2658 | 0.20 | 25740 | 1.79 | 1260 | 0.01 | 1 | 0.00 | | 0.00 | 25247 | 0.22 |
| **Fixed assets** | 78954 | 5.98 | 69543 | 4.83 | 306487.8 | 3.09 | 8005141.4 | 47.67 | | 0.00 | 3049658 | 26.12 |
| Endowment fund deposited | | 0.00 | | 0.00 | | 0.00 | | 0.00 | | 0.00 | | 0.00 |
| - | **1319583** | 100.00 | **1441255** | 100.00 | 9934223.8 | 100.00 | 16792374.4 | 100.00 | **8395887** | 100.00 | **11677061** | 100.00 |

| 2070-071 | | 2071-072 | | 2072-073 | | 2073-074 | | 2074-075 | | 2075-076 | | 2076-077 | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 10389836.0 | 100.00 | **10049828.90** | 99.95 | 19028820 | 99.78 | 21049426 | 99.71 | 21902108.07 | 99.37 | 25,935,113.02 | 99.41 | 29024270.34 | 99.63 |
| | 0.00 | 4740 | 0.05 | 42740 | 0.22 | 60440 | 0.29 | 87800 | 0.40 | 103,300.00 | 0.40 | 51,100.00 | 0.18 |
| | 0.00 | | 0.00 | | 0.00 | | 0.00 | 51,000.00 | 0.23 | 51,000.00 | 0.20 | 56,000.00 | 0.19 |
| **10389836.0** | 100.00 | **10054568.90** | 100.00 | 19071560 | 100.00 | **21109866** | 100.00 | **22,040,908.07** | 100.00 | **26,089,413.02** | 100.00 | **29131370.34** | 100.00 |
| | | | | | | | | | | | | | |
| 2547406.14 | 24.52 | 2136959.91 | 21.25 | 1837576.00 | 9.64 | 1502727.00 | 7.12 | 2291946.17 | 10.40 | 3,582,832.30 | 13.73 | 2,003,841.46 | 6.88 |
| 5650000.00 | 54.38 | 5650000.00 | 56.19 | 5650000.00 | 29.62 | 5650000.00 | 26.76 | 5,650,000.00 | 25.63 | 5,650,000.00 | 21.66 | 5,650,000.00 | 19.39 |
| 1033597 | 9.95 | 921447 | 9.16 | 2221365 | 11.65 | **417120** | 1.98 | **130120** | 0.59 | **270,120.00** | 1.04 | **105,120.00** | 0.36 |
| 3476 | 0.03 | | 0.00 | | 0.00 | 85,190.00 | 0.40 | | 0.00 | | 0.00 | | 0.00 |
| 1155375 | 11.12 | 1346162 | 13.39 | 9362919 | 49.09 | 13,454,829.00 | 63.74 | 13,917,841.90 | 63.15 | 16,535,460.72 | 63.38 | 21316408.88 | 73.17 |
| | 0.00 | | 0.00 | | 0.00 | | 0.00 | 51,000.00 | 0.23 | 51,000.00 | 0.20 | 56,000.00 | 0.19 |
| **10389854.14** | 100.00 | **10054568.91** | 100.00 | **19071860.00** | 100.00 | **21,109,866.00** | 100.00 | **22040908.07** | 100.00 | **26,089,413.02** | 100.00 | **29,131,370.34** | 100.00 |

Source: Annual reports of JC (064/65 – 076/77)

Common size balance sheet displays both the numeric value and relative percentage for total Assets / total liabilities. Table 1 show that the accumulated fund including reserve and surplus cover major portion of total liabilities of JC. The amount of outstanding expenses in relation to the total liabilities is in second position. Total assets of JC include fixed assets, fixed deposit, bank balance and receivable. It is found that the provision and contingencies is not shown the financial statement of a campus. There is high investment in the fixed assets by the campus which can be taken as a symbol of bright future of earning

**Table 2**

*Common Size Comparative Income Statement*

| Particulars | 2064-065 | | 2065-066 | | 2066-067 | | 2067-068 | | 2068-069 | | 2069-070 | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | Rs. | % | Rs. | % | Rs. | % | Rs. | % | Rs. | % | Rs. | % |
| Service revenue ( Income from students) | 187047 | 9.08 | 474520 | 60.44 | 721015 | 37.05 | 1236310 | 59.89 | 1606960 | 48.19 | 2387190 | 55.53 |
| Grant and Donation | 1821192 | 88.37 | 230076 | 29.31 | 678910 | 34.89 | 2160 | 0.10 | 690000 | 20.69 | 1030000 | 23.96 |
| Interest income | 4362.44 | 0.21 | 60005 | 7.64 | 463566 | 23.82 | 807597.3 | 39.12 | 920344 | 27.60 | 783059 | 18.21 |
| Other income | 48300 | 2.34 | 20500 | 2.61 | 82336 | 4.23 | 18109 | 0.88 | 117228 | 3.52 | 99050 | 2.30 |
| Total revenue | **2060901.44** | 100.00 | **785101** | **100.00** | **1945827** | **100.00** | **2064176.3** | **100.00** | **3334532** | **100.00** | **4299299** | **100.00** |
| Salary and allowance | 294229 | 14.28 | 572008 | 72.86 | 1189233 | 61.12 | 1563466 | 75.74 | 2022032 | 60.64 | 2376249 | 55.27 |
| Educational expenses (Registration fees, exam fees, Scholarship and students welfare expenses) | 280000 | 13.59 | 54150 | 6.90 | 173430 | 8.91 | 141560 | 6.86 | 165729 | 4.97 | 263267 | 6.12 |
| Administrative expenses | 76954 | 0.04 | 40156 | 5.11 | 161624 | 13.59 | 40976 | 2.62 | 41927 | 2.07 | 68624 | 2.89 |
| Research and development expenses | 103824 | 5.04 | 15435 | 1.97 | 49900 | 2.56 | 59113 | 2.86 | 100969 | 3.03 | 110901 | 2.58 |
| Other expenses | 2811.44 | 0.01 | 200 | 0.03 | 45946 | 2.36 | 5184.31 | 0.25 | 106449 | 3.19 | 16243 | 0.38 |
| Deprecation | 0.00 | 0.00 | 23180 | 2.95 | 28566.7 | 1.47 | | 0.00 | | 0.00 | | 0.00 |
| **Total expenses** | **757818** | **32.95** | **705129** | **89.81** | **1648699.7** | **90.01** | **1810299.31** | **88.34** | **2437106** | **73.90** | **2835284** | **67.24** |
| Surplus (Deficits) | 1303083.00 | 67.05 | 79972.00 | 10.19 | 297127.30 | 9.99 | 253876.99 | 11.66 | 897426.00 | 26.10 | 1464015.00 | 32.76 |
| Salary turnover ratio (Service revenue/ Salary | 0.64 | 0.64 | 0.83 | 0.83 | 0.61 | 0.61 | 0.79 | 0.79 | 0.79 | 0.79 | 1.00 | 1.00 |

| 2070-071 | | 2071-072 | | 2072-073 | | 2073-074 | | 2074-075 | | 2075-076 | | 2076-077 | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **Rs.** | **%** | **Rs.** | **%** | **Rs.** | **%** | **Rs.** | **%** | **Rs.** | **%** | **Rs.** | **%** | **Rs.** | **%** |
| 3043170 | 57.92 | 2083805 | 43.32 | 3300981 | 70.31 | 4003959 | 67.67 | 4082835 | 70.37 | 4914871.00 | 68.46 | 3,577,435.00 | 65.65 |
| 1226840 | 23.35 | 1877243 | 39.02 | 626100 | 13.34 | 1178275 | 19.91 | 865190 | 14.91 | 1000825 | 13.94 | 1,029,900.00 | 18.90 |
| 786069 | 14.96 | 679359.31 | 14.12 | 594905 | 12.67 | 468638 | 7.92 | 588876 | 10.15 | 721959.26 | 10.06 | 682,746.39 | 12.53 |
| 198018 | 3.77 | 170400 | 3.54 | 173000 | 3.68 | 266230 | 4.50 | 264958 | 4.57 | 541795.00 | 7.55 | 158,760.00 | 2.91 |
| **5254097** | **100.00** | **4810807.31** | **100.00** | **4694986** | **100.00** | **5917102** | **100.00** | **5801859** | **100.00** | **7179450.26** | **100.00** | **5,448,841.39** | **100.00** |
| 2728895 | 51.94 | 3120386 | 64.86 | 3402035 | 72.46 | 4278850 | 72.31 | 4475797.00 | 77.14 | 4853848.00 | 67.61 | 5,477,562.40 | 100.53 |
| 421488 | 8.02 | 429290 | 8.92 | 637703 | 13.58 | 553950 | 9.36 | 542240 | 9.35 | 692575 | 9.65 | 274,125.00 | 5.03 |
| 88633 | 3.25 | 124467 | 3.99 | 242522 | 7.13 | 203816 | 4.76 | 181879 | 4.06 | 156699 | 3.23 | 171,430.00 | 3.13 |
| 132546 | 2.52 | 109825 | 2.28 | 72137 | 1.54 | 34,418 | 0.58 | 110,585 | 1.91 | 16,730 | 0.23 | 210,400.00 | 3.86 |
| 120102 | 2.29 | 211490 | 4.40 | 111078 | 2.37 | 269105 | 4.55 | 227516 | 3.92 | 200898 | 2.80 | 222,792.00 | 4.09 |
| | 0.00 | | 0.00 | | 0.00 | 606826.00 | 10.26 | 625014.76 | 10.77 | 566398.31 | 7.89 | 576,141.85 | 10.57 |
| **3491664** | **68.02** | **3995458** | **84.45** | **4465475** | **97.07** | **5946965** | **101.82** | **6163031.76** | **107.15** | **6487148.31** | **91.40** | **6932451.25** | **127.21** |
| 1762433.00 | 31.98 | 815349.31 | 15.55 | 229511.00 | 2.93 | -29863.00 | -1.82 | -361172.76 | -7.15 | 692301.95 | 8.60 | -1483609.86 | -27.21 |
| 1.12 | 1.12 | 0.67 | 0.67 | 0.97 | 0.97 | 0.94 | 0.94 | 0.91 | 0.91 | 1.01 | 1.01 | 0.65 | 0.65 |

Source: Annual reports of JC (064/65 – 076/77)

In table 2, common size income statement shows all income and expenditure in figures and percentage of expenses on the basis of total revenue. It clears that most of the revenue is consumed by salary and allowance. All other expenses are nominal and less than 10 percent except office operating expenses of 2072/073 in comparison with total revenue. The study depicts that the revenue can cover entire expenses during period except years 2073/074, 2074/075 and 2076/077 due to high increase in salary and allowance of teaching and non-teaching staff. The study depicts that the service revenue cannot cover entire salary and allowance expenses during period except years 2069/070, 2070/071 and 2075/076 due to high increase in salary.




| Fiscal year | 2064-065 | 2065-066 | 2066-067 | 2067-068 | 2068-069 | 2069-070 | 2070-071 | 2071-072 | 2072-073 | 2073-074 | 2074-075 | 2075-076 | 2076-077 |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| Total expenses | 757.818 | 705.129 | 1648.7 | 1810.299 | 2437.106 | 2835.284 | 3491.664 | 3995.459 | 4465.475 | 5946.965 | 6163.031 | 6487.148 | 6932.451 |
| Total Income | 2060.901 | 785.101 | 1945.827 | 2064.176 | 3334.532 | 4299.299 | 5254.097 | 4810.807 | 4694.986 | 5917.102 | 5801.859 | 7179.45 | 5448.841 |

Analyzing the above figure, it can be seen that the revenue of the campus is increasing and decreasing trend and expenditure is increasing trend. In fiscal year 2064-2065 to 2072-2073, it was found that the expenditure was less than the income. In fiscal year 2073- 2074, 2074-2075 and 2076-2077, the expenditure was more than the income.To meet the increased expenditure the campus needs to move forward with a long-term plan to increase revenue to meet rising costs.

**4.2 Ratio analysis:** Ratio analysis is a quantitative method of gaining insight into a company's liquidity, operational efficiency and profitability by comparing information contained in its financial statements. Financial ratio analysis is performed by comparing two items in the financial statements. (Gyawali et al., 2020).

a) **Return on Equity (ROE):** it is used to measurement of profits per unit of capital and specifically used for computing the return on shareholder's equity. Higher return on equity is considered as better performance in terms of profitability of firms. Return on equity is calculated by dividing net income by the total equity (Gyawali et al., 2020).

RoE= Surplus / Accumulated fund

| **2064-065** | **2065-066** | **2066-067** | **2067-068** | **2068-069** | **2069-070** | **2070-071** | **2071-072** | **2072-073** | **2073-074** | **2074-075** | **2075-076** | **2076-077** |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 100.00 | 5.78 | 3.01 | 1.52 | 7.72 | 12.56 | 16.96 | 8.11 | 1.21 | -0.14 | -1.65 | 2.67 | -5.11 |

From the above analyzing the ROE ratio, the initial three years appear to be declining. Although it gradually increased in the following years, it was found to decrease gradually from three years. Fiscal years 2073-2074, 2074-2075 and 2076-2077 were found to be negative. The highest was 100 percentages in the first year and the lowest was 5.11 percentages in the fiscal year 2077. It is that the community has been able to achieve the expectations they had established with the help of capital.

b) **Return on assets (ROA):** This ratio shows relationship between net profit and total amount of assets. Return on assets (ROA) is an indicator of how profitable a company is relative to its total assets. ROA gives a manager, investor or analyst an idea as to how efficient a company's management is at using its assets to

generate earnings. The return on net assets is a measure of financial performance of a company which takes the use of assets into account. Higher ROA means that the company is using its assets and working capital efficiently and effectively. ROA is used by investors to determine how well management is utilizing assets. Return on assets (ROA), in basic terms, tells you what earnings were generated from assets.

ROA = Surplus/ Total assets

| **2064-065** | **2065-066** | **2066-067** | **2067-068** | **2068-069** | **2069-070** | **2070-071** | **2071-072** | **2072-073** | **2073-074** | **2074-075** | **2075-076** | **2076-077** |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 98.75 | 5.55 | 2.99 | 1.51 | 10.69 | 12.54 | 16.96 | 8.11 | 1.20 | -0.14 | -1.64 | 2.65 | -5.09 |

From the above analyzing the ROA ratio is seen that the initial three years have decreased. Although it has increased in Fiscal year 2068-2069, it has decreased again in the coming days. In the fiscal years 2073-2074 and 22074-075, it was found to be negative. It is clear that the campus has not been able to benefit from the use of fixed assets and the performance has not been satisfactory.

c) **Total assets turnover ratio:** This ratio shows the relationship between net service revenue and total assets. This ratio is used to determine efficiency of management in utilization of total assets for generating revenue. A higher total fixed assets turnover ratio reflects a better utilization of fund employed in assets. Whereas, a lower ratio indicates that assets have not been used efficiently and this will result in reduction of production and increase in cost of service (Gyawali et al., 2020).

d) Total assets turnover ratio = Service revenue / Total

| 2064-065 | 2065-066 | 2066-067 | 2067-068 | 2068-069 | 2069-070 | 2070-071 | 2071-072 | 2072-073 | 2073-074 | 2074-075 | 2075-076 | 2076-077 |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 14.17 | 32.92 | 7.26 | 7.36 | 19.14 | 20.44 | 29.29 | 20.72 | 17.31 | 18.97 | 18.52 | 18.84 | 12.28 |

From the above analyzing the total assets turnover ratio has been increasing and decreasing since the beginning of the year. The highest was 32.2 in FY 2066 and the lowest was in FY 2067. It is clear that the existing property has not been fully utilized as a result service cost cost per unit seems to have increased. The campus needs to create an environment that makes full use of the property.

## 5. Conclusion

The absolute accounting figures reported in the financial statements does not provide a meaningful understanding of the performance and financial position of the firm, the study is concerned on financial analysis to evaluate the financial performance of the Janajyoti campus (JC). The scope of this study extends to a number of areas, by taking the help of ratio analysis, the financial strength and weakness of the campus was identified. Ratio analysis is an excellent tool to find out what went wrong or what the campus is doing right; therefore, the campus can take actions. The study aims at analyzing the profitability and overall performance of the company by using ratio analysis. Here the study is for a period of ten years, from 2064 to 2077. The future plans of campus should be laid down in view of the firm's financial strength and weakness by properly establishing relationship between the items of the Balance Sheet and income and expenditure account. These study recommendations regarding the campus should be made for the improvement. Providing a base for the further studies to researchers on related topic will be another additional merit of the study. The analysis is based on financial statement. The main

objective of this paper is to assess financial performance in terms of profitability for a specified time period of five years. Measurement of performance is made on the basis of Comparative Financial Statements, return on equity, return on assets, total assets turnover ratio. The study reveals that the financial performance of the campus is not better. The campus spent most of its income on salaries and allowances. It does not appear to have been spent on research work. In the coming days, it is necessary to increase the expenditure on research and student services. The study shows that the community did not seem to be able to reap the benefits from the campus by setting up the investment with the expectation of the community as a result the cost per unit seems to have increased. In the future, the campus needs to create an environment that makes full utilization of the property to achieve the expectation of society and deduct cost per unit. The campus did not seem to be able to make a benefit in proportion to the large amount of capital invested. Therefore, the campus needs to come up with a strategy to make full use of its physical assets in future. The campus seems to have spent most of its income on salaries and allowances. It does not appear to have been spent on research work. In the coming days, it is necessary to increase the expenditure on research and student services. The campus should carry new subjects based on the aspirations of students to increase its revenue to meet the increase expenditure.

**Acknowledgement**

I would like to take this golden opportunity to express profound gratitude and deep regard to Dr. Dil nath dangal and Bhabani adhakari for providing valuable feedback. I also like to give thanks to Chairperson of Janajyoti campus who regular encouragement to right the article. I would also like to give a very special word of thanks to Campus chief Keshab Raj kaphle, RMC coordinator Deepak Bhattrai and faculty members for providing precious help and support without which this research would be incomplete.

**References**

Bajracharya, P., Ojha, K.P., Goet, J., Gautam, C.M., Bhattarai, R. & Shah, B. (2014). *Management Accounting.* Kathmandu: Asmita Books Publishers and Distributors Pvt. Ltd.

Bhunia, A., Mukhuti, S.S., & Roy, S.G. (2011). Financial Performance Analysis-A Case Study. *Current Research Journal of Social Science, 3*(3), 269-275. https://studylib.net/doc/13331869/current-research-journal-of-social-sciences-3-3---269-275.

Brigham E.F. & Houstan J.F. (2011). Fundamentals of *Financial Management. India*: Cengage learning India Pvt. Ltd.

Berthilde, M. and Rusibana, C. (2020) Financial Statement Analysis and Investment Decision Making in Commercial Banks: A Case of Bank of Kigali, Rwanda. *Journal of Financial Risk Management*, **9**, 355-376. doi: 10.4236/jfrm.2020.94019.

Dangol, R.M. & Dangol. J. (2015). *Management accounting*. Kathmandu: Taleju Prakashan Publisher and Distributor

Enekwe, C. I., Agu, C. I., & Eziedo, K. N. (2014). The effect of financial leverage on financial performance: Evidence of quoted pharmaceutical companies in Nigeria. *Journal of Economics and Finance*, *5*(3), 17-25. http://www.iosrjournals.org/iosr-jef/papers/vol5-issue3/C0521725.pdf

Gyawali A, Bhandari, H. B., Thankur R., Chapgai S.D., et al (2020). *Financial Accounting and analysis.* Kathmandu: Karudhara publication Pvt. Ltd.

Haralayya, B. (2021). Financial Statement Analysis Using Common Size on Mahindra Sindol Motors. *Iconic Research and Engineering Journals*, *5*(1), 150-159. https://irejournals.com/formatedpaper/1702836.pdf

Koirala, Y.R., Joshi, P.R., Shakya, S.R., Goet, J.,Shah,B., Shandari, D.R., & Neupane, R. P. (2019). *Accounting for financial analysis and planning.* Kathmandu: Asmita Books Publishers and Distributors Pvt. Ltd.

Narayanaswamy, R. (2003). *Financial accounting: A managerial perspective.* New Delhi: Prentice Hall of India Private Limited.

Pandey, I.M. (2011). *Financial Management (10th ed.). NewDelhi*: Vikas publishing house Pvt. Ltd.

Ravichandran, M., & Subramanian, M. V. (2016). A Study on Financial Performance Analysis of Force Motors Limited. *International Journal for Innovative Research in Science & Technology*, *2*(11), 662-666.

Ezejiofor, R. A. , Olise, M. C. , & C., J. R. (2017). Comparative Analysis on Investment Decision of Telecommunication and Banking Industries in Nigeria. *Journal of Finance and Economics*, *5*(2), 65-75. http://pubs.sciepub.com/jfe/5/2/4/index.html

S. Devaki & C. Chitra, (2018) A Comparative Analysis on Financial Performance of Indian Automobile Companies, *International Journal of Interdisciplinary Research in Arts and Humanities, 3(1)* 216-219. https://zenodo.org/record/1218344#.YTXl_I4zaCg

Sultan, A. S. (2014) Financial Statements Analysis - Measurement of Performance and Profitability: Applied Study of Baghdad Soft-Drink Industry *Research Journal of Finance and Accountings 5 (4).* https://www.iiste.org/Journals/index.php/RJFA/article/view/11276/11593 http://janajyoticampus.edu.np/school-info/introduction/

# ंनेपाली भाषा शिक्षणका सामस्या र समाधानका उपायहरु

*सीतादेवी भट्टराई*
*उप-प्राध्यापक*
*bhattaraisita345@gmail.com*

**शोधसार :**

आरम्भदेखि नै विद्यालयमा नेपाली भाषालाई प्राथमिकताका साथ शिक्षण गराउन खोजिए तापनि यसको शिक्षणका क्रममा विभिन्न समस्याहरु देखिएका छन् । यस्ता समस्या समाधान गरी नेपाली भाषाको सिकाइलाई प्रभावकारी र समयसापेक्ष बनाउनका लागि विभिन्न उपायहरु अपनाइए तापनि विद्यालय तहमा नेपाली भाषाको शिक्षणमा विभिन्न समस्याहरु देख्न सकिन्छ । वर्तमान समयमा विद्यालय तहमा नेपाली भाषा शिक्षणका क्रममा देखिएका समस्याहरुको पहिचान गरी तिनीहरुको समाधानका लागि आवश्यक र उपयुक्त सुझाब दिई नेपाली भाषा शिक्षणलाई प्रभावकारी बनाउन सहयोग गर्ने उद्देश्यले तयार गरिएको यो अध्ययन पत्रमा नेपालका सबै प्रकारका विद्यालय तहमा नेपाली भाषा शिक्षणका क्रममा आइपर्ने यावत किसिमका समस्याहरु पहिचान गरी समाधानका लागि सुझाव दिन सम्भव नभएकाले यहाँ समग्र विद्यालय तहमा नेपाली भाषा शिक्षणका क्रममा देख्न सकिने समस्याहरुलाई अलगअलग शीर्षकमा विभाजन गरी तिनको समाधानका लागि समस्याका शीर्षकअनुसार नै सुझावहरु दिइएको छ। यसका साथै नेपाली भाषा शिक्षणका क्रममा देखिएका समसामयिक समस्याहरुलाई अन्य समस्याअन्तर्गत राखी तिनीहरुको समाधानका लागि पनि अन्य सुझावहरु शीर्षकमा यहाँ सुझावहरु दिइएको छ । विद्यालय तहमा नेपाली भाषा शिक्षणका समस्याहरु पहिचान गर्ने क्रममा पुस्तकालयीय विधिमा आधारित भई प्राथमिक श्रोत र गौण श्रोतका सामग्रीहरुलाई यहाँ विश्लेषणात्मक शैलीमा प्रस्तुत गरिएको छ भने गौण श्रोतका सामग्रीहरुलाई पनि उत्तिकै महत्व दिई सम्बन्धित लेखका लेखकहरुद्वारा प्रस्तुत नेपाली शिक्षणका समस्या र समाधानका उपाय सम्बन्धी विचारहरुलाई पनि यस अध्ययन पत्रमा समेट्ने प्रयास गरिएको छ ।

**महत्वपूर्ण शब्दसुची** :

मानकसम्मत, स्तरीय नेपाली, विचार विनिमय, सिपमूलक, समसामयिक, दोस्रो भाषा सर्वाधिक,

## पृष्ठभूमि

सस्कृतको 'भाष्' धातुमा अङ्+(अ)+'टाप् (आ) प्रत्यय लागेर बनेको भाषा शब्दको शाव्दिक अर्थ बातचित, बोली वा 'व्यक्त वाणी' भन्ने बुझिन्छ (बराल, २०६८) । "मानिसको उच्चारण अङ्गबाट उच्चरित सार्थक ध्वनि समूहलाई भाषा भनिन्छ जसका माध्यमबाट मानिसले समाजमा बुझ्ने र बुझाउने काम गर्दछ"– पतञ्जली ।

मानव मात्रको पेवा मानिने भाषा अभिव्यक्तिको प्रमुख माध्यम हो । व्यक्तिले भाषाको आर्जन समाजबाट गर्दछ र सामाजिक सम्पर्क स्थापना गर्न तथा वृद्धि गर्न समाजमा नै उसले भाषाको उपयोग गर्दछ। त्यसैले यो सामाजिक साधन पनि हो। भाषाको आर्जन एकातर्फ सामाजिक सम्पर्कद्वारा अनौपचारिक रुपमा भइरहेको हुन्छ भने अर्कातर्फ औपचारिक शिक्षाबाट पनि यसको आर्जन गर्न सकिन्छ। मानिसको उमेर र सामाजिक सम्पर्कको विस्तारको फलस्वरुप मानिसमा भाषाको विस्तार हुँदै जाने भएकाले यो मानवीय व्यवहार र सामाजिक व्यवहारको अभिन्न अङ्ग बनेको छ। विचार विनिमयको सर्वाधिक सरल र सुगम माध्यम मानिने भाषा सिकाइ सिपमूलक विषय हो। विद्यार्थीको विचार सम्प्रेषणको एकमात्र सशक्त माध्यम भाषाका सिपहरु (सुनाइ, बोलाइ, पढाइ, लेखाइ र भाषा तत्व(व्याकरण)का विविध पक्षमा उनीहरुलाई सक्षम बनाउनका लागि गरिने शिक्षण सिकाइ कार्यकलापलाई भाषा शिक्षण भनिन्छ । प्रायोगिक भाषा विज्ञानको एक महत्वपूर्ण शाखा मानिएको भाषा शिक्षणले विषयवस्तुका माध्यमबाट विद्यार्थीमा उनीहरुको क्षमताअनुसारको बोध र अभिव्यक्ति सिप विकास गराउने उद्देश्य लिएको हुन्छ । त्यसैले भाषा शिक्षण भनेको विषवस्तुको शिक्षण नभएर विषयवस्तु व्यक्त गर्ने वा बुझ्ने माध्यम वा सिपको शिक्षण हो। यसमा विषयवस्तु साधन वा सहयोगी सामग्री र भाषिक सिप साध्य वस्तुका रुपमा आउने हुँदा विद्यालयका कक्षामा राखिएका नेपाली विषयका विविध विषयवस्तुले युक्त पाठ्यपुस्तक नेपाली भाषाको बोध, अभिव्यक्ति सिप एवम् भाषा तत्व सिकाउने साधन मात्र हुन् ।

भारोपेली परिवारको सतमवर्ग भित्रको भारत–इरानेली शाखाअन्तर्गत भारतीय आर्य भाषाको प्राचीन स्वरुप संस्कृतबाट प्राकृत र अपभ्रंश हुँदै विकसित भएको (लम्साल र अन्य, २०७३:२३९) नेपाली भाषा लामो इतिहास भएको जीवन्त भाषा हो । यसै भाषालाई नेपालको संविधान,२०७२को धारा ७ उपधारा १मा 'देवनागरी लिपिमा लेखिने नेपाली भाषा नेपालको सरकारी कामकाजको भाषा हुनेछ' भनिएको छ भने धारा ७ मा 'नेपालमा बोलिने सबै मातृ भाषाहरुलाई राष्ट्रभाषा हुन्' भनी उल्लेख गरिएको छ । (नेपालको संविधान-२०७२) । नेपालको सरकारी कामकाजको भाषाको रुपमा संवैधानिक मान्यता प्राप्त यो भाषा शिक्षणको माध्यम भाषा पनि हो। विद्यालयको तल्लो तहदेखि उच्च शिक्षाको उपल्लो तहसम्म शिक्षण गरिने केही प्राविधिक विषयवाहेक अन्य सम्पुर्ण विषय शिक्षणको प्रमुख माध्यम भाषा पनि नेपाली नै भएकाले नेपालको सन्दर्भमा यो ज्यादै लोकप्रिय भाषा वन्न पुगेको छ ।यतिमात्र होइन विज्ञान प्रविधिका विभिन्न क्षेत्रमा पनि नेपाली भाषाको प्रयोग दिनानुदिन बढ्दै गइरहेकाले देशको राजनीति, विभिन्न पेसा तथा व्यवसाय, शिक्षा, अर्थतन्त्र, कानुन, विज्ञान, सञ्चार आदि विविध क्षेत्रका अवस्था, उपलब्धि, समस्याहरु एवम्

त्यहाँका भावी कार्यक्रमहरु पनि नेपाली भाषामा अभिव्यक्त हुन थालेको हुँदा यसको लोकप्रियता र आवश्यकता दिनानुदिन बढ्दै गएको प्रतीत हुन्छ ।

नेपाल जातीय एवम् भाषिक विविधताले भरिपूर्ण मूलुक हो । जनगणना २०६८ को भाषा तथ्याङ्क आनुसार यहाँ १२३ वटा भाषाहरु अस्तित्वमा छन् भने ४४.६१ प्रतिशत नेपालीहरु मातृभाषाको रुपमा नेपाली भाषा प्रयोग गर्दछन् (केन्द्रिय तथ्याङ्क विभाग, २०६९) । बहुभाषी मूलुक हाम्रो देशमा भएको भौगोलिक विविधता सँगसँगै नेपाली भाषामा क्षेत्रीय भेद तथा उपभेदहरु प्रशस्त पाइन्छन् जसले गर्दा मातृभाषा नेपाली हुनेहरुको भाषिक प्रयोगमा समेत एकरुपता नआई भाषिक प्रयोगगत विविधताको स्थिति देख्न पाइन्छ । यिनै विषम परिस्थितिमा विभिन्न भाषाभाषी विद्यार्थीहरुलाई एउटै कक्षाकोठामा राखेर समान वातावरणमा भाषिक सिपमा दक्षता बृद्धि गर्न नेपाली भाषाको शिक्षण गर्नु निकै चुनौतिपूर्ण र गहन कार्य हो । यस अध्ययनमा एउटै परिवेश र उही समयमा शिक्षकले नेपाली भाषा शिक्षण गर्दा सामना गर्नुपर्ने जटिलतालाई नेपाली भाषा शिक्षणका समस्याको रुपमा चित्रण गरिएको छ । त्यस्ता समस्याहरुको समाधानका विभिन्न उपायहरुलाई यहाँ सुझावको रुपमा उल्लेख गरिएको छ भने नेपाली भाषा शिक्षणमा देखा परेका समस्याहरुको पहिचान गरी ती समस्याहरुको समाधानका लागि सुझावहरु दिनु नै यस अध्ययनको उद्देश्य रहेको छ ।

**अध्ययन विधि** :

प्रस्तुत अध्ययनका लागि पुस्तकालयीय अध्ययन विधिमा आधारित भई द्वितीय स्रोतका सामग्रीहरु(पुस्तक तथा सन्दर्भ सामग्री)बाट आवश्यक सामग्रीहरु संकलन गरी ती सङ्कलित सामग्रीलाई वर्णनात्मक तथा विश्लेषणात्मक विधिको सहायतावाट यो अध्ययन पत्र  तयार गरिएको छ ।

**.विषयवस्तुको विश्लेषण :**

**नेपाली भाषा शिक्षणका समस्याहरु**

बहुसंख्यक नेपालीहरुको मातृभाषाको रुपमा रहेको नेपाली भाषा समग्र नेपालीको साझा सम्पर्कको भाषा तथा सूचना र सञ्चारको प्रमुख भाषा पनि हो । यस भाषालाई विश्वका विभिन्न मुलुकहरुमा रहेका नेपाली तथा नेपाली मूलका नागरिकले पनि आफ्नो सामाजिक र सास्कृतिक प्रयोजनका लागि प्रयोग  गर्दछन् । विश्व परिवेशमा नै महत्वपूर्ण भाषाको रुपमा स्थापित भइसकेको नेपाली भाषा सिकाइको प्रमुख आधार स्थल विद्यालय नै हो। शिक्षाप्रेमी देवशमशेरले वि.सं. १९५८ मा स्थापना गरेको भाषा पाठशालामा जयपृथ्वी बहादुर सिंहद्वारा लिखित 'अक्षराङ्क शिक्षा' नामक पुस्तकमा आधारित भएर नेपालमा नेपाली भाषा शिक्षण औपचारिक रुपमा आरम्भ भएको थियो (शर्मा र पौडेल, २०६८) नेपाली भाषा सिकाइको आरम्भदेखि नै

यसको सि काइमा विभिन्न समस्याहरु देखिएका थिए र तिनको समाधानको लागि विभिन्न प्रयत्न गरिए तापनि परिवर्तित समय सन्दर्भ अनुसार नेपाली भाषा शिक्षणमा विभिन्न समस्याहरु देखिएका छन्। नेपाली शिक्षणलाई प्रभावकारी बनाउन जतिसुकै प्रयास गरिए तापनि हाल विद्यालयका तल्ला तहका विद्यार्थीको मात्र होइन माथिल्लो कक्षाको अध्ययन सकेका विद्यार्थीले पनि सही उच्चारण गरेर गति यति मिलाई सुद्धसंग नेपाली पढ्न,लेख्न र बोल्न नसकिरहेको अवस्था अहिले देख्न सकिन्छ । विद्यार्थीले अध्ययन गरेका विभिन्न विषयको बोध तथा मौखिक र लिखित रुपमा अभिव्यक्ति क्षमता विकासका लागि भाषा शिक्षण बलियो र प्रभावकारी हुनुपर्दछ । यस अनुसन्धानमा भाषा सिकाइका क्रममा आइपर्ने केही महत्वपूर्ण समस्याहरु र तिनको समाधानका लागि दिइएका सुझवहरुलाई निम्नानुसार उल्लेख गरिएको छ :

१. स्तरीय नेपाली सिकाउने समस्या,
२. नेपाली भाषा पाठ्यक्रम र पाठयपुस्तकसंग सम्बन्धित समस्या,
३. दक्ष शिक्षकको कमी,
४. दोस्रो भाषाका रुपमा नेपाली सिकाउने समस्या,
५. नेपाली भाषाको शैक्षणिक भूमिका प्रतिको वेवास्ता,
६. शैक्षणिक सामग्रीहरुको अभाव,
७. मुल्याङ्कनमा समस्या,
८. कक्षामा विद्यार्थीहरुको चाप बढी हुनु,
९. अन्य समस्याहरु

**स्तरीय नेपाली सिकाउने समस्या** :

विद्यार्थीहरुलाई नेपाली भाषाको स्तरीय तथा मानकसम्मत रुप सिकाउने क्रममा आएका समस्याहरु यस अन्तर्गत पर्दछन् । नेपाली भाषाको प्रयोग देशभर एकै किसिमले नभइ फरकफरक ढङ्गबाट गरिन्छ । क्षेत्रगत भाषिक प्रभाकका कारण नेपाली मातृभाषा भएका विद्यार्थीहरुलाई नेपाली भाषाको स्तरीय तथा मानकसम्मत रुप सिकाउने समस्या भएको वर्तमान अवस्थामा नेपाली इतर मातृभाषा भएका विद्यार्थीहरुका लागि दोस्रो भाषाको रुपमा नेपाली भाषाको स्तरीय कथ्य र लेख्य रुप सिकाउनु अझ ठूलो समस्याको रुपमा रहेको छ । बहुभाषिक प्रभावबाट कुनै न कुनै रुपले प्रभावित विद्यार्थीहरुलाई एकै ठाउँमा राखी मौखिक र लिखित अभिव्याक्तिका निमित्त औपचारिक किसिमले शिष्ट र स्तरीय नेपाली भाषिक रुपको प्रयोगमा अभ्यास्त गराउनु शिक्षकका निमित्त सजिलो कार्य होइन । यस आधारबाट हेर्दा मातृभाषा नेपाली भएकाहरुलाई

नेपालीको स्तरीय रुप सिकाउने क्रममा जुन समस्या देखा पर्न सक्छ मातृभाषा नेपाली नहुनेहरुलाई नेपाली सिकाउँदा त्योभन्दा फरक किसिमका समस्याहरु देखिन सक्छन् ।

**नेपाली भाषा पाठ्यक्रम र पाठयपुस्तकसंग सम्बन्धित समस्या :**

नेपाली भाषा पाठयक्रम तथा पाठ्यपुस्तकको प्रमुख उद्देश्य विद्यार्थीहरुलाई नेपाली भाषाका सुनाइ,बोलाइ,पढाइ र लेखाइ सिपमा दक्ष बनाउनु हो । तर विद्यालयको वर्तमान पाठयक्रम र पाठयपुस्तकमा सोहीअनुसारको पाठ्यवस्तु राखी भाषा सिकाइको प्रायोगिक र सिपमूलक पक्षमा जोड दिएको पाइँदैन । वि.सं.२०२८ सालपछिको नेपाली भाषा पाठ्यक्रम र पाठ्यपुस्तकहरुमा पुरानो पाठ्यक्रमका तुलनामा निकै सुधार भएको पाइए पनि अझै पनि यिनमा विभिन्न प्रकारका अस्पष्टताहरु छदैछन् । (अधिकारी, २०६७) विद्यालय तहमा नेपाली भाषा विषयको पाठ्यक्रम र पाठ्यपुस्तकका विच तहगत तालमेल मिलेको देखिँदैन । जस्तै : नयाँ पाठ्यक्रम २०७४ का अनुसार आधारभूत शिक्षा पाठ्यक्रम कक्षा (६–८) अन्तरगतका नेपाली भाषा पाठ्पुस्तकहरुमा क्रमशः २०, २१ र २२ वटा पाठहरु समावेश गरिएको पाइन्छ भने माध्यमिक शिक्षा पाठयक्रम ९ र १० अन्तर्गतका भाषा पाठयपुस्तकहरुमा १६/१६ वटा पाठहरु समावेश भएको पाइन्छ । यसवाट तल्ला तहका कक्षाहरुमा माथिल्लो कक्षाको तुलनामा पाठहरुको बोझ धेरै भएको देखिन्छ (शर्मा र सुवेदी, २०७७) । त्यसैगरी पाठ्यक्रमको क्षेत्र र क्रममा विषयवस्तु र विधाको सीमा तथा छनोटका विषयमा असन्तुलन हुनु, भाषाका सिपगत उद्देश्यसंग तालमेलको कमीका साथै कक्षाको स्तर अनुरुप विधाहरुको संयोजनको कमी हुनुलाई प्रमुख कमजोरी मान्न सकिन्छ । यस्तै पहिलो भाषाको रुपमा नेपाली सिक्ने र दोस्रो भाषाको रुपमा नेपाली सिक्ने विद्यार्थीहरुका लागि एउटै पाठ्यक्रम तथा पाठ्यपुस्तकको प्रयोग भएको पाइन्छ । पाठ्यक्रमका तहगत सक्षमता तथा कक्षागत सिकाइ उपलब्धि र पाठ्यपुस्तकमा समावेश गरिएका पाठ्यवस्तुको तारतम्यता मिलेको देखिँदैन । भाषा तत्व (व्याकरणका विभिन्न पक्ष)लाई कार्यमूलक ढङ्गले शिक्षण गर्नेगरी पाठ्यपुस्तकमा संयोजन गरिएको भए पनि सैद्धान्तिक रुपमा नै शिक्षण गरिएको पाइनु तथा भाषा शिक्षण सिपहरुको शिक्षणमा भन्दा पनि विधा वा विषयवस्तुको शिक्षणमा वढी केन्द्रित भएको देखिनु,आदिजस्ता विविध प्रकृतिका समस्याहरुले गर्दा नेपाली भाषा शिक्षण प्रभावकारी बन्न सकेको छैन।

**दक्ष शिक्षकको कमी :**

शिक्षक स्वयम् दक्ष र कुशल प्रवक्ता भएमा मात्र विद्यार्थीलाई प्रभावकारी ढङ्गबाट मानक नेपाली भाषा सिकाउन सकिन्छ । कक्षामा गएर पढाउने शिक्षकको भाषा नै स्तरीय नेपालीका दृष्टिले अशुद्ध छ भने एक त शिक्षार्थीहरु त्यही अशुद्ध भाषा सिक्छन्, अर्को उनीहरुले जानिसकेको भाषाको शुद्ध रुप पनि कतिपय स्थितिमा शिक्षककै संगतले अशुद्धिमा परिणत हुन सक्छ (अधिकारी, २०६७) । त्यसैले नेपाली भाषा शिक्षणलाई

स्तरीय, मानकीकृत र व्यवहारिक बनाउन नेपाली मानक र स्तरीय भाषाको प्रयोग व्यवहार गर्न सक्ने शिक्षकको महत्वपूर्ण भूमिका रहन्छ ।

नेपाली भाषालाई विद्यालयमा पढाइने विषयहरु मध्यको सवैभन्दा सजिलो विषय ठानी अन्य विषय पढाउन नसकेका शिक्षकले नेपाली विषय शिक्षण गर्न सक्छन् भन्ने दृष्टिकोण अझै पनि कतिपय प्रशासनिक तथा शैक्षिक क्षेत्रमा हटिसकेको छैन । यस्तै मूल विषय नेपाली लिई प्रशिक्षण प्राप्त शिक्षक अरु कुनै विषय पढाउन सक्षम रहेछन् भने उनले नेपाली विषय पढाउने अवसरबाट बन्चित हुनुपर्ने अवस्था कतिपय विद्यालयमा अझै भेट्टाउन सकिन्छ (अधिकारी, २०६७) । नेपालका कतिपय विद्यालयहरुमा नेपाली भाषा शिक्षकको दरवन्दी नहुनु, तथा अन्य विषयका शिक्षकले नेपाली विषय पढाउने चलन हटिनसक्नु, आदि पनि समस्याका रुपमा रहेका छन् भने नेपाली शिक्षकलाई आवश्यकता अनुसारको पुनरताजकी तालिम पनि दिन नसकिएको तथा तालिम पाएका शिक्षकहरुले पनि तालिममा आफूले पाएअनुसारको भाषा शिक्षण कला कक्षामा प्रयोग नगरेको अथवा प्रयोग गर्न नसकेको अवस्था पनि समस्याको रुपमा रहेको छ । यसका साथै दोस्रो भाषाका विद्यार्थीलाई मानक नेपाली सिकाउने कला वा ज्ञानको कमी हुनु, भाषा शिक्षणमा शिक्षक केन्द्रित विधि तथा कार्यकलापको मात्र प्रयोग गर्नुलाई पनि शिक्षकसंग सम्बन्धित समस्या मान्न सकिन्छ ।

**दोस्रो भाषाका रुपमा नेपाली सिकाउने समस्याः**

बालकले जन्मजात रुपमा लिएर आएको भाषिक सामर्थ्यका आधारमा आमाको काखबाट सिकेको भाषालाई पहिलो भाषा भानिन्छ भने पहिलो भाषा सिकेपछि सिकिने अन्य जुनसुकै भाषालाई दोस्रो भाषा भनिन्छ । (शर्मा र सुवेदी, २०७७) । नेपाल बहुभाषिक मुलुक हो । नेपालमा बोलिने मैथली, राई, नेवार, माझी, कुमाल, गुरुङ, मगर, थारु, भोजपुरी लगायतका अन्य थुप्रै राष्ट्रिय भाषालाई पहिलो वा मातृभाषाको रुपमा बोल्नेहरुले नेपाली भाषालाई दोस्रो भाषाको रुपमा सिकेको पाइन्छ । यसका साथै नेपाली भाषाका स्थानीय भेद तथा भाषिका(जुम्ली, डोटेली, बैतडेली आदि)लाई पहिलो भाषाका रुपमा सिक्ने विद्यार्थीहरुका लागि नेपाली भाषा सिकाउँदा दोस्रो भाषा सरह नै सिकाउनुपर्ने अवस्था छ (खनिया र अन्य, २०६८) । पहिलो भाषाको सिकाइ जति सरल, सहज, एवम् स्वतःस्फूर्त हुन्छ, दोस्रो भाषाको सिकाइ त्यति नै कठीन पनि हुन सक्छ । पहिलो भाषा सिकाइको भाषिक प्रभावले दोस्रो भाषा सिकाइमा बाधा र सुविधा दुवै पर्न सक्छ । यहाँ पहिलो भाषाका रुपमा नेपाली सिक्ने र दोस्रो भाषाका रुपमा नेपाली सिक्ने विद्यार्थीहरुलाई एउटै कक्षाकोठामा राखी समान वातावरणमा एउटै शिक्षण विधि तथा कार्यकलापको प्रयोग गरी नेपाली शिक्षण गरिन्छ । यसो गर्दा दोस्रो भाषाका रुपमा नेपाली सिक्ने विद्यार्थीहरुले नेपाली भाषाको मानक रुप सिकाइमा विभिन्न त्रुटिहरु गर्दछन् । जसले गर्दा दोस्रो भाषाको रुपमा नेपाली सिकाउन समस्या भएको पाइन्छ ।

**नेपाली भाषाको शैक्षणिक भूमिका प्रतिको बेवास्ता :**

हाम्रो देशमा विद्यालय तहको मात्रै नभएर केही प्रविधिक विषयभन्दा बाहेक उच्च शिक्षामा पढाइने सवै विषय शिक्षणको माध्यम नेपाली भाषा नै मानिन्छ तर हाम्रा कतिपय आधारभूत तथा माध्यमिक विद्यालयहरुमा अझै पनि नेपाली विषय सवैभन्दा कमजोर शिक्षकको विषय भइरहेको छ। अरु कुनै विषय पढाउन नसक्ने शिक्षक नेपाली विषय पढाउन सक्षम हुनुपर्दछ भन्ने धारणा अझै पनि गएको छैन। विद्यालय तथा त्यो भन्दा माथिल्ला प्रशासनिक एकाइले नेपाली शिक्षकको दरवन्दी राख्ने र सम्बन्धित विषयमा योग्य तथा प्रशिक्षण प्राप्त शिक्षक खोज्ने कुरामा वास्ता गरेको पाइँदैन किनभने कुनै विद्यालयले नेपाली विषयको शिक्षकको आवश्यकता अनुभव गर्यो भने प्रशासनले नेपाली मुख्य विषय लिएकै शिक्षक नेपाली पढाउनका लागि आवश्यक छ भन्ने ठान्दैन (अधिकारी,२०६७) र अर्को विषयको शिक्षक नियुक्ति गरी शिक्षण गराइन्छ जसले गर्दा नेपाली शिक्षणमा  समस्या देखिन्छ। यसैगरी अग्रेजी माध्यमका विद्यालयको बढ्दो प्रभाव तथा अग्रेजी भाषाप्रति अभिभावक र विद्यार्थीहरुको बढ्दो झुकावले गर्दा विद्यालय शिक्षणको मध्यमका रुपमा रहेको नेपाली भाषाको भूमिका प्रति नै प्रश्न चिह्न खडा हुन गएको छ। यस्तै विद्यालय, कार्यालय, सुचना प्रविधिको क्षेत्र तथा विभिन्न सार्वजनिक स्थलहरुमा गरिने नेपाली भाषाको त्रुटिपूर्ण प्रयोगको प्रभाव विद्यार्थीको नेपाली भाषा सिकाइमा पनि पर्न गएको पाइन्छ । यसरी नेपाली भाषाको शैक्षणिक भूमिका प्रति वेवास्ता गर्नु पनि नेपाली भाषा शिक्षणको प्रमुख समस्या  मानिएको छ।

**शैक्षणिक सामाग्रीहरुको प्रयोगको अभाव :**

शिक्षण सिकाइको क्रममा विषयवस्तुलाई सरल, सहज र प्रभावकारी तरिकाले प्रस्तुत गरी सिकाइलाई उद्देश्यपूर्ण बनाउनका लागि प्रयोग गरिने विविध सामग्रीहरु नै शिक्षण सामग्रीहरु हुन् (शर्मा र सुवेदी, २०७७) । शिक्षण सामग्रीहरुको उपयुक्त प्रयोगले सिकाइलाई सरल, सहज, उद्देश्यपूर्ण, चीरस्थायी एवम् प्रभावकारी बनाउन सहयोग गर्दछ। भाषा सिकाइ एक किसिमको सिप सिकाइ हो।यसमा भाषिक सिपहरुमा सिकारुलाई दक्ष बनाउने उद्देश्य राखिन्छ। सिकारुले किताव पढेर भन्दा विषयवस्तु सुनेर, हेरेर, बोलेर तथा अनुभव गरेर त्यससम्वन्धी छिटो सिक्दछ र यसरी सिकिएका कुराहरु चीरस्थायी पनि हुन्छन्। हाम्रो देशको सन्दर्भमा विद्यालय तहमा नेपाली शिक्षण गर्दा शैक्षणिक सामग्रीको ज्यादै कम प्रयोग भएको पाइन्छ । विद्यालयमा भाषा शिक्षणमा आवश्यक पर्ने पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका, अभ्यासपुस्तिका तथा शब्दकोश लगायतका सामग्रीहरुको प्रयोगको अभाव भाषा शिक्षणका क्रममा देखिन्छ । त्यसैगरी चित्र, प्रतिमूर्ति, चाट, तालिका, पोष्टर, आदिको प्रयोग भाषा शिक्षणको क्रममा गरेको पाईदैन। कम्प्युटर, प्रोजेक्टर, रेडियो, टेपरेकर्डर लगायतका सूचना प्रविधिसंग सम्बन्धित सामग्रीहरुलाई कक्षासम्म लगेर प्रयोग गरी भाषा

शिक्षण गर्ने स्थिति नेपालका सबै विद्यालयहरुमा रहेको पाइँदैन । यद्यपि उपलब्ध केही सामग्रीहरु छन् भने पनि तिनीहरुलाई कक्षासम्म लगेर नेपाली शिक्षणका क्रममा प्रयोग गरेको पाइँदैन । शैक्षणिक सामग्रीको प्रयोगको नाममा पाठ्यपुस्तक र शैक्षणिक पाटीको मात्र प्रयोग भएको अवस्था देखिन्छ ( सुवेदी ,२०७७) । शैक्षणिक सामग्रीको प्रयोग सम्बन्धी यस्ता विविध समस्याले गर्दा नेपाली भाषा शिक्षण प्रभावकारी बन्न सकिरहेको छैन ।

**मूल्याङ्कनमा समस्या :**

भाषा शिक्षण भाषिक सिपहरुको शिक्षण भएकाले भाषिक मूल्याङकन पनि भाषाका सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपको मूल्याङकनमा आधारित हुनुपर्दछ । विद्यालय तहमा अहिले गरिने भाषिक मूल्याङकन विषयवस्तु विद्यार्थीहरुले के कति मात्रामा बुझे/जाने वा जानेनन् भन्ने आधारमा मात्र गरिन्छ (शर्मा र सुवेदी, २०७७) । वर्तमान सन्दर्भमा २५ पूर्णाङ्कको प्रयोगात्मक र ७५ पूर्णाङ्कको सैद्धान्तिक भनी भाषिक मूल्याङ्कनमा चारै सिपलाई समेट्न खोजिए तापनि यसलाई व्यवहारिक वनाउन सकिएको छैन । हाल प्रचलित अधिकांश मूल्याङ्कन लेखाइ सिपको परिक्षणमा मात्र आधारित भएको पाइन्छ । भाषा शिक्षणमा सुनाइ, बोलाइ र पढाइ सिप तथा निरन्तर विद्यार्थी मूल्याङ्कनलाई वेवस्ता गरिएको पाइन्छ । यसरी मूल्याङ्कन समग्र भाषिक सिप केन्द्रित नभई विषयवस्तु केन्द्रित र सैद्धान्तिक हुनु नेपाली भाषा शिक्षणको समस्याको रुपमा देखिएको छ ।

**कक्षामा विद्यार्थीहरुको चाप बढी हुनु :**

कक्षामा विद्यार्थी संख्या धेरै हुनुलाई पनि **ने**पाली भाषा शिक्षणको समस्याका रुपमा लिन सकिन्छ। नेपालका हिमाल, पहाडका तुलनामा उपत्यका तथा तराइका विद्यालयहरुमा विद्यार्थीको संख्या धेरै रहेको पाइन्छ । कक्षाकोठामा विद्यार्थी संख्या धेरै हुँदा आवश्यक मात्रामा विद्यार्थीहरुलाई भाषिक सिपगत अभ्यास गराउन तथा पुनरावृत्ति गराउन समस्या पर्दछ । गृहकार्य परीक्षण तथा व्यैयक्तिक शिक्षण गरी पृष्ठपोषण दिन समस्या छ । कक्षाकोठालाई भाषिक सिप शिक्षण मैत्री बनाइ विद्यार्थी केन्द्रित विधि तथा क्रियाकलापहरुको उचित प्रयोग गर्न सकिएको छैन । जसले गर्दा नेपाली भाषा शिक्षण प्रभावकारी हुन सकेको छैन (शर्मा र सुवेदी, २०७७) ।

.

**अन्य समस्याहरुः**

१. विद्यालयका प्रारम्भिक तह र कक्षामा नेपाली भाषाका विषयगत शिक्षक नहुँदा भाषिक सिकाइको जग बलियो नभएका विद्यार्थीलाई माथिल्ला कक्षामा भाषाका आधारभूत सीप सिकाउन खोज्दा विभिन्न समस्याहरु देखिएका छन् । जसले गर्दा नेपाली भाषा शिक्षण नै झन्झटिलो र बोझिलो बन्नु (खरेल, २०७७),

२. शिक्षक सेवा आयोगबाट सिफारिश भई नियुक्ति लिएर सेवा प्रवेश गरेका तथा विद्यालयले गरेको अस्थायी विज्ञापनबाट छनोट भई नियुक्ति भएका शिक्षकहरुलाई तालिम विना नै कक्षाकोठामा पठाउँदा भाषा शिक्षणमा समस्या देखिनु,

३. योग्यता पुगेका र तालिमप्राप्त शिक्षकहरुले समेत आफ्नो सजिलोको लागि विद्यार्थीलाई विषयवस्तु घोकाउनतिर लाग्नु तथा पाठ घोकेका भरमा लेख्ने विद्यार्थीलाई पुरस्कार तथा प्रोत्साहन गरिदिनाले विद्यार्थीमा सिर्जनात्मक र स्वतन्त्र लेखन सिपको विकासमा समस्या हुनु ( खरेल, २०७७),

४. भाषाका आधारभूत ज्ञान र सिप हासिल नहुँदै कक्षा चढाइदिने उदार कक्षोन्नतिको नीतिका कारण माथिल्लो कक्षामा नेपाली भाषा विषयमा अपेक्षित नतिजा प्राप्त हुन नसक्नु,

५. भाषिक विषयको परीक्षणमा पूर्णाङ्क दिनु हुँदैन भन्ने गलत मान्यताले विद्यार्थीले जतिसुकै राम्रो र मौलिक उत्तर लेखे पनि उनीहरुले चाहना अनुसारको नम्वर प्राप्त गर्न नसक्ने हुँदा यस विषयप्रति नै वितृष्णा आई उनीहरुमा नेपाली सिक्ने चाहना घट्दै जानु,

६. बहुभाषिक विद्यार्थी भएको कक्षाकोठामा शिक्षकले विद्यार्थीको पारिवारिक, सामाजिक, भाषिक अवस्था लाई बुझेर शिक्षण गर्न नसक्दा उनीहरुको नेपाली भाषा सिकाइमा प्रभाव परेको पाइनु,

७. विद्यार्थीले पढेर तथा बुझेर कुनै पनि शब्द एवम् वाक्यको शुद्ध रुप कसरी लेखिँदो रहेछ भन्ने नबुझी सुनेका भरमा शब्द एवम् वाक्य लेख्न थाल्ने प्रवृत्तिका कारण उनीहरुको हिज्जे सिकाइमा धेरै गल्ती हुने भएकाले यस्त गल्ती सुधारका लागि उनीहरुलाई कक्षामा निरन्तर अभ्यास गर्ने गराउने चलन नहुनु,

८. अंग्रेजी माध्यमका विद्यालयमा नेपाली विषय मात्र नेपाली भाषामा अध्यापन भई अन्य सबै विषय अग्रेजी भाषामा अध्यापन हुनाले विद्यार्थीहरु नेपाली भाषा सिकाइमा पर्याप्त अभ्यस्त हुन नपाउनु,

९. अभिभावकहरूको अंग्रेजी भाषा प्रतिको बढ्दो मोहका कारण उनीहरु आफ्ना छोराछोरीले जुनसुकै मूल्य तिरेर भए पनि अंग्रेजी भाषा राम्ररी सिकुन् भन्ने चाहना राख्दछन् । जसले गर्दा उनीहरू छोराछोरीलाई नेपाली किताब पढ्न, नेपालीमा लेख्न र बोल्न प्रेरित गर्दैनन् । अभिभावकको चाहना

पूरा गरेर लोकप्रिय हुन चाहने विद्यालयहरूले पनि नेपाली विषयलाई महत्व नदिई अग्रेजी भाषालाई नै बढी जोड दिने भएकाले नेपाली भाषा शिक्षणमा समस्या भएको,

१०. कतिपय अंग्रेजी माध्यमका विद्यालय परिसरभित्र प्रवेश गर्ने बित्तिकै 'इङ्गलिस स्पिकिङ जोन' लेखिएका आकर्षक प्लेट देखिन्छन् भने कतिपय विद्यालयहरुमा नेपाली कक्षामा भन्दा बाहेक अन्य समयमा नेपाली भाषामा बोल्ने विद्यार्थीलाई कारबाही समेत गरेको पाइन्छ। जसले गर्दा उनीहरुमा नेपाली भाषा सिक्ने चाहना कमजोर भएको पाइनु (खरेल, २०७७),

**नेपाली भाषा शिक्षणमा देखिएका समस्या समाधानका उपायहरु**

नेपाली भाषा शिक्षणमा देखिएका माथि उल्लिखित समस्याहरुको समाधानका लागि निम्नानुसारका सुझावहरु दिइएको छ।

**नेपाली भाषाको स्तरीय रुप सिकाउने क्रममा देखिएका समस्या समाधान गर्नका लागि दिइएका सुझावहरु :**

क) नेपाली भाषाका क्षेत्रीय भेद तथा उपभेदका बारेमा विद्यार्थीहरुलाई सचेत गराई उनीहरुलाई भाषाको स्तरीय कथ्य र लेख्य अभिव्याक्तिको शिष्ट प्रयोगमा निरन्तर अभ्यास गराउने,

ख) नेपाली भाषाको शिष्ट एवम् स्तरीय उच्चारण शब्द बनोट, शब्द प्रयोग तथा बाक्य गठनमा शंका लागेमा शिक्षकले नेपाली भाषाको आधिकारिक व्याकरण, पाठ्यपुस्तक, शैक्षणिक तथा प्रयोगात्मक प्रकृतिका शब्दकोश र यस भाषाका कुशल प्रयोक्ताको सहयोग लिनुका साथै पत्रपत्रिका तथा सञ्चारका अन्य साधनहरुको पनि उपयोग लिन सकिने (खनिया र अन्य, २०६८),

ग) विद्यार्थीका भाषिक कमजोरीहरुको पहिचान गरी निराकरणात्मक शिक्षणमा जोड दिदै उनीहरुलाई भाषाको शुद्ध रुपको प्रयोगमा प्रशस्त अभ्यास गराउने,

घ) स्तरीय नेपाली भाषा सिक्नु पर्नाका कारणहरु विद्यार्थीहरुलाई जानकारी गराउँदै यसको उपयोगका बारेमा समेत उनीहरुलाई सचेत बनाउने,

ङ) भाषा शिक्षणका क्रममा विद्यार्थी केन्द्रित शिक्षण विधिको प्रयोग गरी शिक्षणमा विद्यार्थी सक्रियता बढाउने,

च) शिक्षक स्वयमले शिष्ट र स्तरीय नेपाली भाषाको प्रयोगमा ध्यन दिने तथा पूर्व तयारी वा योजनाबद्ध तरिकाले कक्षाकोठामा प्रवेश गरी भाषा शिक्षण गराउने,

छ) विद्यालयमा शुद्ध नेपाली भाषाको प्रयोग गर्ने गराउने बातावरणको व्यवस्था गर्ने,

ज) विद्यालयभित्र र बाहिर तथा घर व्यवहारमा समेत विद्यार्थीलाई भाषाको स्तरीय रुपको प्रयोग गर्न सचेत गराउने,

**नेपाली पाठ्यक्रम र पाठ्यपुस्तकसंग सम्बन्धित समस्या समाधानका लागि दिइएका सुझावहरु :**

क) विद्यालयका हरेका तह र कक्षाका भाषा पाठ्यक्रममा उद्देश्य अनुरुप विधाहरुको क्षेत्र र क्रमको सन्तुलन मिलाउने,

ख) पाठयक्रम र पाठयपुस्तकको प्रभावकारी कार्यान्वियन गर्न उपयुक्त शिक्षक निर्देशिकाको प्रयोगमा ध्यान दिने,

ग) हरेक तह र कक्षाको नेपाली पाठयक्रम र पाठ्यपुस्तकमा शिक्षकलाई स्पष्ट निर्देशनको व्यवस्था गर्ने,

घ) नेपाली पाठ्यक्रम र पाठयुस्तकलाई प्रयोगमा ल्याउनु भन्दा अगाडि पाठयक्रम अनुरुपताका साथै विषयवस्तु, विधा, शब्दभण्डार, वाक्य गठन, अभ्यास व्याकरणत्मक अभ्यास तथा तल्ला र माथिल्ला कक्षाका पाठयवस्तु र प्रस्तुतीकरण लगायत अन्य विविध विषयमा सम्वन्धित क्षेत्रमा काम गर्ने दक्ष तथा अनुभवी शिक्षक, शिक्षाविद, विषयविज्ञ, व्यक्तिहरुसंग यसको परीक्षण तथा छलफल गर्नुपर्ने,

ङ) कुन तह र कक्षाका लागि पाठ्यक्रम र पाठयुस्तक निर्माण गरिदै छ सोही तह र कक्षाका विद्यार्थीहरुको भाषिक स्तरको मनोवैज्ञानिक ढङगबाट अध्ययन गरी सोही अनुसार पाठ्यक्रम र पाठयुस्तकमा  पाठयवस्तुको छनोट र स्तरण गरिनुपर्ने,

**दक्ष तथा तालिम प्राप्त शिक्षकको अभावसंग सम्वन्धित समस्या समाधानको लागि दिइएका सुझाबहरु :**

क) विद्यालयका हरेक तहमा नेपाली भाषा शिक्षणका लागि नेपाली शिक्षक दरवन्दीको व्यवस्था गरिनुपर्ने,

ख) प्रशिक्षण प्राप्त गरी वा नगरी लामो समयसम्म अध्यापनरत सवै खालका नेपाली विषयका शिक्षकहरुलाई समय समयमा परिवर्तित भाषा र व्याकरणात्मक नियमसंग सम्बन्धित पुनरताजगी तालिमको व्यवस्था गरिनुपर्ने (खनिया र अन्य २०६८),

ग) नेपाली मातृभाषा नभएका तर प्राथमिक तहमा नेपाली शिक्षण गर्ने शिक्षकहरुलाई नेपाली भाषाको शिक्षण सम्बन्धी तालिमको व्यवस्था गर्नुपर्ने (खनिया र अन्य २०६८),

घ) भर्खरै सेवा प्रवेश गरी प्रशिक्षण प्राप्त नगरेका नेपाली विषयका शिक्षकहरुलाई अल्पकालीन र दीर्घकालीन योजना निर्माण गरी उनीहरुलाई नेपाली भाषा शिक्षण सम्बन्धी तालिमको व्यवस्था गर्नुपर्ने,

non-formal examination that is called liberal promotion or automatic promotion. Evaluation is a mirror to both teachers and students and other stakeholders (Sharma, 2017).

"The existing assessment system of Nepal has neither been effective nor has it been acknowledged as an integral part of teaching and learning". Therefore, the government of Nepal decided to implement CAS in all schools of Nepal. Summative assessment did not judge the students' actual performance rather it tested intelligence only within fixed period. Government had already piloted CAS through Basic and Primary Education (BPEP II 1999) in five districts of Nepal as an experiment (Aryal, 2015).

Aryal (2015) said that BPEP II started a training program named Whole School Approach Teacher Training that conducted teacher training and devised other assignment strategies for making good teachers to effective implementation of CAS. Government of Nepal already declared that CAS has been implemented in all the schools of Nepal up to seven but now it is implemented in 1-3 classes partially.

Throughout the work, this study explores the current situation and to investigate the gap between policy and practice of continuous assessment system.

**Methodology**

In this qualitative research, based on primary as well as secondary information. In this research, my concern is whether students have been measured in their schools according to the rules of CAS given in policy documents or not, whether teachers who teach in basic level are familiar with the policy of CAS, the tools/ instruments for CAS or not. So that my study concerned with such problems which are needed to be researched. The policy of CAS and real practice in schools need to be researched. Therefore, I am interested to find out the current situation as well as gap between policies and practices of CAS.

In this study, the semi-structured interview is applied and get necessary information (the policy, rules, method of keeping records etc.) with four teachers who teach in basic level and two headmasters also in selected schools. In this study, the participants were

selected purposefully on the basis of implementation and gap of the practice of continuous assessment system.

**Findings and Discussion**

The data collected via interview and observation of classroom have been discussed in relation to the research questions and the results have been made as consistent as possible with the objective of the study.

**Headmaster's Opinion Regarding the Implementation of Continuous Assessment System**

Regarding the implementation of continuous assessment system, according to the headmasters of community schools in Tanahun district, continuous assessment is an assessment conducted from the time they enter school or from the time they enter the classroom to the annual examination. In order to make them more involved, to motivate them to impart practical knowledge, to make them activity oriented etc., it is to provide support to the students by continuously evaluating them along with daily reading.

Similarly, regarding the use of continuous assessment system is based on the activities performed by the students on a daily basis along with teaching activities. Assessing behaviors such as assisting etc. is also evaluated and through this evaluation an attempt is made to impart practical knowledge to them and it is ongoing on a daily basis.

**Teacher's Opinion Regarding the Implementation of Continuous Assessment System**

Regarding the implementation of continuous assessment system, according to community school teachers in Tanahun district, continuous assessment system is an evaluation system which is conducting along with daily students' attendance, class work, homework, behavior change, discipline, cleanliness or hygiene status, engagement in extracurricular activities, ability to lead and participation in various activities,. It is understood that the class is given to the students by conducting regular assessment. According to this policy, students are not allowed to fail, that is, a liberal promotion policy (LPP) is adopted.

Based on the above-mentioned opinion, it can be said that the continuous assessment system was taken by all the school's principals in addition to the written test as a daily assessment from the time of admission to the annual examination. It has been taken a policy to upgrade by providing regular support after evaluation from various sources. Similarly, the headmaster was asked if there were any problems in the use of the system and what should be done to solve the problem. He expressed his view that training should be arranged.

The basic level teachers said that, this system is a process of teaching and evaluating on a daily basis based on their homework, class work, attendance, project work, behavior change, creative work, cleanliness, regularity, etc. The teachers' opinion about continuous assessment system policy was clear but its implementation level was very weak. It was found that the student assessment details were burden, time consuming and not very achievable.

It is mentioned that the policy of continuous assessment system along with the student's studies, his / her attendance, homework, participation in extracurricular activities, creative activities, behavioral changes are regularly evaluated and the weak side is immediately identified and improved. Where continuous learning is done through continuous assessment of students, their learning achievement is detected and students who are unable to learn are given appropriate teaching and the policy aspect of continuous assessment seems to be somewhat similar. Similarly, the policy concept of understanding and continuous evaluation of the headmaster and most of the teachers seems to be similar.

Thus, as mentioned above, it can be said that the headmaster has a clear view on continuous evaluation while not all the teachers have a clear view in this regard. Especially the teachers who are most aware of the implementation side of this concept should be clear that they are not fully aware of it. Teachers were seen taking this policy only as a government policy. Therefore, as stated by the headmasters, before implementing this policy, it is inevitable that all teachers should be given continuous

assessment training or complete information as well as responsibility towards the profession.

**Continuous Assessment System and Classroom Management**

The continuous assessment system is a new concept brought to the basic level of developing countries. As it is new concept, there are various difficulties in implementing it. In order to carry out continuous student assessment not only in policy but also in practice, the physical and educational condition of the school should be strengthened as weak physical and educational condition affects the psychology of the students. From the educational management of the school to the classroom management, physical management, management of educational materials, many things affect the assessment. Classroom management is a process designed to conduct teaching and learning in a well-organized and effective manner. As long as the classroom is not made student-friendly, meaningful learning cannot take place. As the curriculum divides the classroom management into physical and psychological. The condition of the physical and psychological and educational aspects of the school is given below.

**Physical Management**

Analyzing the basis for the research, it has been found that the physical infrastructure of all schools is good. During the study, the researcher has tried to visualize the size of the classroom, arrangement of furniture, arrangement of lighting, decoration of the classroom and the condition of cleanliness under the physical management aspect of the selected schools through direct observation. According to the Education Regulations 2059, the classrooms are generally 9 feet height and sun-protected. The condition of furniture in all the schools was found to be good. The selected schools have fully organized classrooms with full lighting. One school has relatively small windows and is not well. It was found that various charts and attractive and greedy creations of the students were pasted as educational materials. Similarly, all the schools made positive efforts in the field of sanitation but despite the provision of dustbin.

**Educational & Psychological Management**

Classroom temperature, noise and other irritating noises seem to have had no effect on all schools because all schools are located away from the city area and on the main streets. Similarly, none of the teachers in all schools understood the emotional barriers (anxiety, stress and fear) that may appear in the students and tried to understand such emotional barriers or sympathy.

While the teachers of one school seemed to be aware of the curiosity of their students, the teachers of the other schools did not seem to pay much attention to it. i.e., they could not identify the level of the students. The frustration of the students regarding teaching in the classroom was found to be due to the fact that the teachers of all schools were interested in the reasons for the frustration of the students. Similarly, for the active participation of the students, it was found that the teachers of all the schools used to ask questions, discuss, do group work, encourage and provide support in the middle of the class work and to be aware of students' health and tiredness.

**Analysis of Teaching-Learning Activities**

None of the teachers selected for the research were found to have any knowledge of the pre-knowledge of the students in any of the lessons. It was found that all the teachers enter the subject to be taught only by memorizing the pre-lessons. According to the curriculum, the teaching method should be student-centered in which group work, project work and discussion methods should be used.

Apart from the educational materials provided by the school, no material related to the subject was used. Similarly, students were found to be taught in different styles based on their interest, level and ability to be active in learning and students were evaluated through written and oral questions, discussions and homework. In each teacher had finished the lesson by summarizing in every class. It was found that they were giving homework to develop the exercises and writing skills in the textbook.

**Continuous Assessment System and Evaluation Method**

In particular, assessment is considered an integral part of teaching and learning process. Did the students acquire the knowledge, skills and behaviors as per the objectives of the

curriculum? How much did you achieve? Student assessment is the act of auditing. When evaluating a student, it should be evaluated on the basis of continuous assessment and not on the basis of written test only.

The methods mentioned in the guideline and the method used by the school for continuous student assessment are mentioned. Although the guideline mentions aspects such as student behavior, knowledge, skills, perceptions, interests, self-confidence, and leadership ability, the teacher observes that the school observes student activity, interest in classroom activities, discipline, cleanliness and honesty.

It was found that the class work and homework were not done as prescribed by the curriculum but only in the exercises and activities given in the textbook. Although the implementation booklet mentions the task of providing context to develop the knowledge and skills of the students, some teachers were found to be ignorant in this regard and some teachers did not implement it in practice and did not take any action in this regard. Twice a week, the teachers checked the hygiene of each student to see how they changed their behavior. They also found that they did not look after their belongings (books, copies, pens) and were disciplined at school.

Although the curriculum mentions that each student has some special ability, it should provide a suitable environment or opportunity to use that ability, such as singing, playing instruments, dancing, drawing, etc. It was found that they were forced to do stories, play games, draw pictures, etc. The attendance of the students was recorded in the register on the basis of daily attendance. The guideline says that self-assessment is for students to self-assess what they have learned and what they have not learned, but the school has not encouraged them to present their assessment of themselves. Although students did not know how to evaluate classmates, sharp students were found to help weak students when needed.

Although the guideline provides for information on social relations, activism and obedience from parental contact, it was found that the teacher allows the student to learn about the student's reading while in contact with the parent. Overall, the teachers of both

the schools have adopted different methods of assessment as mentioned in the guidelines but not all of them have used the assessment criteria.

**Problems of the implementation of Continuous Assessment System and its Solution**

Continuous assessment system is considered as an integral part of the educational process. This system is more related to educational activities than the evaluation system. It also takes into account the individual differences of the students. Therefore, it is not only provided information on student achievement through periodic assessment but also helps to ensure that the student achieves learning achievement as per the expectations of the curriculum. This assessment helps the teacher to collect, present and analyze information about student achievement. This research report shows that this assessment system is essential for the continuous achievement of the students and even though it is considered as a good program by all the stakeholders, it has not been implemented successfully.

The factors can be many in which the study shows that the problems faced by the stakeholders while implementing the policy and the solutions to those problems are presented below.

**Related to Parents**

Parents are also important stakeholders for the effective implementation of the continuous assessment system. Student-related program cannot be successful unless parents are alerted. Even in the context of this program, parents are more excited to get many marks or position than continuous assessment system. So, most of the parents are not found to be confident about this assessment system. There is a problem in its implementation.

In order to solve this kind of problem, parents need to be made clear through various programs. If the parents can be made clear, it can be implemented under their regular supervision and monitoring.

**Related to Physical Management**

If the physical management is weak or the size of classroom is congested the continuous assessment system program cannot be implemented effectively. Similarly, lack of disability friendly building and adequate grounds are also problems of implemented this program.

In this way, in order to solve the problems related to physical management, by coordinating with the central, state and local governments, sufficient assistance can be obtained and the physical construction can be done as per the need of the school.

**Related to the teacher**

The important stakeholder to effective implementation of continuous assessment system is the teacher but if the teacher does not play an effective role, then the program will not be justified. Reasons for not wanting to change the teaching method and evaluation method have also created problems in the effective implementation of this program.

Thus, in order to solve the above-mentioned problems, teachers should be made dutiful and responsible towards the profession as well as refresher training related to thematic training and continuous assessment system.

**Related to Management**

If the management side is strong or perfect, any program can be successfully completed. Lack of resources and means for its successful implementation, inability to motivate teachers, low attendance of students at local festivals and lack of effective supervision and monitoring etc. can be considered as important problems for effective implementation of continuous assessment system.

In order to solve the problems mentioned above, we must always look forward to the leadership role in overcoming the shortcomings seen in all aspects and try to change the attitude of the stakeholders towards it. In the same way, we have to move forward by providing resources and motivating the teachers also.

**Summary and Conclusion**

The effectiveness of educational program and the students' achievement is the crucial part of the educational program. Effective assessment is the only way to know for sure how much a student has achieved, i.e., the evaluation system must be standardized for effective implementation of educational program and positive results. What is the status of implementation of continuous assessment system at basic level? What are the problems? In order to fulfill this objective, the information obtained during the preparation of this research paper has been mentioned as follows.

1. Some teachers were positive about the continuous student evaluation system but some of the teachers did not show interest.
2. It was found that the teachers were expecting training. Even after the program was conducted, some teachers were found to be ignorant about it.
3. In the continuous assessment system, it was found that students were evaluated by giving priority to class work, homework and attendance.
4. The management of the portfolio was not found to be complete but the teacher who created the portfolio was not found to have done it as mentioned in the syllabus.
5. Some aspects adopted for evaluation in continuous evaluation system have not been taken into consideration.
6. The physical condition of the school should also be able to make continuous student assessment effective.
7. It was found that the students' activism is increased every Friday by teaching extracurricular activities like nursery rhyme, poetry competition, sports, sanitation, attendance etc.
8. Most of the teachers understood this policy as a policy of offering classes to the basic level students only on the basis of the various activities they offer.

It cannot be denied that the effective implementation of continuous assessment system will have a positive impact on the overall learning achievement of the students. If the

problems seen in the implementation can be removed to some extent by displacing the shortcomings and weaknesses of the existing evaluation system through continuous assessment system, then appropriate measures can be taken to evaluate all the achievements of the students in a timely manner. In fact, the efforts of teachers alone are not enough for the effective implementation of a continuous assessment system. In order to make it effective, the role of teachers as well as parents, students, headmasters, educational bodies are important. But in the current context, only teachers and headmasters seem to be burdened with its implementation.

In this study, the task was to understand the status of implementation of continuous assessment system at the basic level of schools. Based on the results obtained from all the means of information gathering during the on-site visits to the schools concerned and the interviews with the stakeholders, it was found that the continuous assessment system could not be used as per its essence and all these parties need to cooperate as much as possible.

The study highlights low attendance as well as other teacher vacancies, high student numbers, occasional lack of teacher training, lack of monitoring and supervision by higher authorities and uneducated parents. Since discouraging student absenteeism is a complex problem, the regulatory body needs to take immediate steps to address it so that students can enjoy school full time.

The use of portfolio is also a reliable tool for student assessment, so it needs to be managed in a scientific and systematic way. Since all the learning achievements from the students during the continuous assessment and the things mentioned in the directory are not recorded, it seems that it should be kept in accordance with the continuous assessment system implementation guide book.

In conclusion, the research based on the status of implementation of continuous student assessment needs to be developed to solve all the problems in the education sector not only the use and management of continuous assessment system but also as a means of enhancing continuous relationship between teachers, students, curriculum and parents.

The main objective of this program is to make basic education, which is the foundation of school education, relevant to the times.

The continuous assessment process is carried out with the expectation of creating a conducive learning environment in the classroom without affecting the students' psychology. However, due to lack of resources, lack of skilled manpower and traditional thinking, the current situation could not be satisfied.

Therefore, considering all these things, it seems that all the stakeholders should cooperate from their respective places to achieve the expected goal by making the communication system and monitoring system more active.

**References**

Abony, O.S. Okereke, S. C. Omebe, C. (2005) *A First course in educational measurement and evaluation*. Fred Ogah Publicers, Enugu

Aryal, G.P. (2015). *Continuous assessment system and liberal promotion:* Implementation analysis, Teacher education.

BEPC, (1999) *Basic and primary education project II*. Kathmandu: Ministry of Education. https://moe.gov.np/assets/uploads/files/BPEP_Masterplan_1997-20021.pdf

CDC, (2068). *Continuous Student Evaluation Implementation Book- 2068*. Sanothimi Bhaktapur, Nepal. http://107.170.122.150:8080/xmlui/bitstream/handle/123456789/826/13089.pdf?sequence=1&isAllowed=y

Chaudhari, Kuchhat Narayan (2013), *Continuous assessment technique with Various Aspects of Language Learning*, Kathmandu: Shree Ganesh Offset Press.

Garrison, C. &Ehringhaus, M. (2007). Formative and Summative Assessments in the Classroom. In:HttpWWW. Amle.Org. Formative and Summative Assessment in the Classroom: Theory Into Practice: Vol 55, No 2 (tandfonline.com)

Hernande, R. (2012). *Does continuous assessment in higher education support student learning?* Journal of higher education

https://intranetsp.bournemouth.ac.uk/documentsrep/Continuous%20Assessment.pdf

Hylan, K. (2006). *English for Academic purposes an advanced recourse book*. London and New York: Routledge. https://www.amazon.com/English-Academic-Purposes-Routledge-Linguistics/dp/B00D9Q1VMI

Joy S.C. Obi, Susana U. Obinely (2019) *Continuous Assessment in Counseling,* Hugotez Publication, Nnamdi Azikiwe University, Awka

National curriculum framework for school education in Nepal. (2007). Kathmandu: Ministry of Education. http://www.moe.gov.np/assets/uploads/files/National-Curriculum-Framework-2007-English.pdf

NCF, (2063) Curriculum Development Center (CDC) Kathmandu http://nepaknol.org.np/cdc/catalog/opac_css/index.php?lvl=author_see&id=4276

Nitko, E. G. (2004). *Educational Assessment of Students*. Ohio: Merrill Prentice Hall.

Sharma, Laxmi Devi (2017) *Current Practices of Continuous Assessment System in Grades 1-3 in Nawalparasi District*. https://elibrary.tucl.edu.np/handle/123456789/1746

# खादा र मालाको अभ्यास र प्रयोग

*लक्ष्मी श्रेष्ठ*
*सहायक प्राध्यापक*
*laxmi.sth71@gmail.com*

**लेखसारः**

खादा बौद्ध धर्म र संस्कृतिसँग जोडिएको छ। नेपाली समाजमा सम्मान प्रकट गर्दा गलामा पहिऱ्याउन वा ओढाउन प्रयोग गरिने विभिन्न रङ र स्तरको कपडाको वस्तु नै खादा हो। देवी देवताको पूजाआजामा चोखो ध्वजाको रुपमा पनि यसलाई चढाउने गरिन्छ। हाल चलन चल्तीमा रहेको खादामा अष्टमङ्गल कोरिएको हुन्छ। छत्र, मत्स्य, कलश, कमल, शंख, स्वस्तिक, ध्वजा र धर्मचक्र कोरिएको खादाको प्रयोगले शुभकार्यमा प्रयोग गरिने सूचकको सङ्केत गर्दछ। नेपालमा मात्र नभएर विश्वभरमा नै सामान्य कार्यक्रमदेखि लिएर विशेष प्रकृतिका कार्यक्रमहरु सम्ममा खादाले आफ्नो प्रभुत्व कायम गरिसकेको छ। हरेक जसो कार्यक्रममा खादा अपरिहार्य वस्तुको रुपमा परिचित समेत छ। खासगरी विभिन्न कार्यक्रमहरुमा अतिथि सत्कारको प्रमुख आधार बनेको खादा र यसको विकल्पमा प्रयोग गरिँदै आएको मालाको चर्चामा यो लेख तयार गरिएको छ। खादाको इतिहास, यसको सामाजिक, आर्थिक, धार्मिक र वातावरणीय पक्षको समेत चर्चा गरिएको छ। खादाको उत्पत्ति, बौद्ध धर्ममा खादाको महत्व, जन्म, उत्सव र मृत्यु संस्कार अनुसार कस्तो खादाको प्रयोग गर्ने, जस्ता विषयवस्तुहरुले प्रवेश पाएको छ। त्यसैगरी फूल र मालाको सन्दर्भ र प्रयोगलाई पनि समेटिएको छ। विभिन्न प्रचलित फूलहरु मध्ये हिन्दूहरुले तिहार लगायत विभिन्न चाड, पर्व, मेला र उत्सवहरुमा प्रयोग गर्दै आएका सयपत्री, मखमली र गोदावरी फूल र नेपालीहरुको संस्कृतिसँग जोडिएको यसको गहिरो सम्बन्धलाई उजागर गर्ने उद्देश्य राखिएको छ। द्वितीय स्रोतका सामग्रीका आधारमा लेख तयार गरिएको छ। कृषि सम्बन्धी सयपत्री फूलको व्यवसायिक खेती र बजारीकरणको सम्भावना र आर्थिक लाभलाई विशेष जोड दिइएको छ। दिनप्रतिदिन बढ्दै गइरहेको फूलको मागलाई पूर्ति गर्न सयपत्री फूल खेती गरी आफ्नै उत्पादन प्रयोग गर्न पनि प्रोत्साहन गरिएको छ। फूल खेतीमा आत्मनिर्भर बनी शुद्धता, स्वास्थता र स्वरोजगारमा जोड दिनु, आफ्नो उत्पादनले आफ्नै बजार पाउनु सौभाग्यको कुरा पनि हो। सयपत्रीमा सुन्दरता जोडिएको छ, खुसीका पलहरु जेडिएका छन्। सयपत्रीमा सम्भावना पनि छ। त्यसैले करोडौं मूल्य बराबरको फूल आयातमा भन्दा आफ्नै मेहेनत र परिश्रममा सद्भाव, सम्मान र खुसी खोज्न सिक्नु पर्ने कुरालाई स्पष्ट पारिएको छ।

**विशेष शब्दावलीः** रङ, ध्वजा, बौद्धधर्मावलम्वी, सयपत्री, मखमली, गोदावरी

## पृष्ठभूमि

बुद्धधर्मावलम्बीले पूजा आदिमा चढाउने सेतो वा पहेंलो मलमलको कपडाको टुक्रा वा विशिष्ट व्यक्तिहरुको स्वागत वा विदाइमा दिइने त्यस्तो कपडाको उपहार नै खादा हो (अधिकारी, २०६१) । हजारौं बर्ष पहिले हिमाली भेगमा बोन धर्म थियो । त्यहाँ यो मेरो/हाम्रो इलाका हो भन्ने चिनाउन वा संकेत गर्न सेतो कपडा मालिङ्गा वा लट्ठीमा फहराइन्थ्यो । सबैभन्दा पहिला त खादालाई शुभसाइतको सगुनको रुपमा पहिऱ्याउने गरिन्छ । हिमाली भेगमा खादालाई 'खातक' पनि भनिन्छ । 'खा' भनेको हिउँको प्रतीक र 'तक' भनेको हिउँ नै हिउँले ढाकेको देशमा लगाउने चिन्ह भन्ने बुझिन्छ (शेर्पा, २०७७) । पहिले पहिले हातले बुनेका खादाहरु प्रयोगमा ल्याइन्थ्यो पछि विस्तारै त्यो पनि विस्थापित हुन पुग्यो । सेतो पारदर्शी कपडाबाट सुरु भएको खादा विभिन्न नाम र रङहरुमा परिवर्तीत हुँदै अगाडि बढेको छ । आजभोलि अष्टमङ्गल चिन्ह युक्त खादा पनि निकै प्रयोगमा ल्याइन्छ । अष्टमङ्गल चिन्ह भएको खादा पहिऱ्याउँदा आयुष्मान भव, चिरञ्जीवी भव, सदा सुखी भव, सदा कल्याणवती भव भन्ने आषिशका साथ खादा लगाइदिनु पर्दछ ।

खादाको विषयमा फरक मत राख्नेहरु यसलाई फूलको माला जस्तै कपडाको प्रयोगद्वारा श्रद्धा र सम्मान व्यक्त गर्ने सांस्कृतिक सामग्रीबाहेक अरु केही होइन पनि भन्दछन् । खादा सबैले प्रयोग गर्न सकिन्छ । यो कुनै जाति, धर्मको आधारमा लगाउने होइन किनभने जलको धर्म भनेको शीतल गर्ने हो । जीव र जगतलाई उर्जा दिने हो । सूर्य हिन्दूले मात्र हेर्ने हो र अर्को धर्मावलम्वीले हेर्न हुँदैन भन्ने हुँदैन । सूर्यको काम ताप दिने हो, उसले जीव र जगतलाई जीवन्तता प्रदान गर्ने हो । पानीले बौद्ध धर्मावलम्वीलाई मात्र तिर्खा मेटाउँदैन उसले चराचुरुङ्गी, बोटबिरुवा देखि लिएर सबै जातजातिहरुलाई तिर्खा मेटाउने हुनाले खादा पनि बौद्ध धर्मावलम्वीले मात्र नलगाएर सबैले प्रयोग गर्न सकिन्छ । मात्र के हो भने प्रयोग गर्ने तरिका र यसको मर्म बुझ्न आवश्यक छ (शेर्पा, २०७७) ।

खादा, सम्मान र नेपालीहरुको कार्यक्रम आजकल एकअर्काको परिपूरक बनेको छ । नेपालमा मात्र होइन, विश्व भरका प्राय कार्यक्रमहरुमा खादा अपरिहार्य बस्तु बनेको देखिन्छ । हिजोआज खादालाई सामान्य रुपमा मात्र होइन खादामा नै आयोजक, संघ, संस्थाको नाम नै छपाउने र यसलाई प्रचार प्रसारको माध्यम पनि बनाउने गरिन्छ । हामी कहाँ कुनै विशिष्ट पाहुना आउन् वा पर्यटकलाई स्वागत गर्दा र विदाइ गर्दा होस्, मानिसको जन्म होस् वा मृत्यु अथवा विवाहमा वर वधुलाई वधाई तथा आशीर्वाद दिंदा होस् आम मानिसले खादाको प्रयोग गर्दै आइरहेको छ । आजभोलि हरेक जसो कार्यक्रममा अतिथि सत्कार र सम्मानको लागि खादाको प्रयोग अनिवार्य जस्तै बन्दै आएको छ । कतिपय जातजाति भित्रका चाडपर्वहरुमा पनि खादाको

प्रयोग भएको पाइन्छ । कुनै कार्यक्रममा कदाचित् कुनै अतिथिलाई खादा लगाइएन भने उसले आफू अपमानित भएको अनुभूति सम्म गर्दछ ।

पछिल्लो समयमा भने सम्मान तथा सत्कार गर्दा खादा ओढाउने प्रचलन व्यर्थको भन्दै ठाउँ ठाउँबाट यसलाई प्रतिबन्ध लगाउनु पर्ने आवाज पनि उठिरहेका छन् । सञ्चारका विभिन्न माध्यमहरुमा समेत खादा प्रतिबन्धका समाचार आउन थालेपछि भने बौद्ध धर्मावलम्बीहरुले आफूहरुको पवित्र वस्तुमाथि प्रतिबन्ध लगाएर धार्मिक सहिष्णुता भङ्ग गर्न खोजेको भन्दै चर्को विरोध समेत गरे । खादा प्रतिबन्धको विरुद्धमा ध्यानाकर्षण गराउन नेपाल आदिवासी जनजाति महासंघको नेतृत्वमा नेपाल शेर्पा संघ लगायतले तत्कालीन पर्यटन मन्त्री जीवन बहादुर शाहीलाई ज्ञपन पत्र बुझाएको थियो । मन्त्री शाहीले तत्कालै निर्णय कार्यन्वयन नगर्न संस्कृति मन्त्रालयका सचिवलाई निर्देशन दिएका थिए । खादा माथिको प्रतिबन्ध हटाउन मन्त्रालयले गरेको निर्णय पछि बौद्धमार्गीहरुले सकरात्मक कदम भन्दै खुसी व्यक्त गरेका थिए (पोखेल, २०७५) ।

खादाको प्रयोग सम्बन्धमा भइरहेको दुविधाले एउटा बहसको आवश्यकता हाम्रो सामु पनि ल्याइदिएको छ । यसको प्रचलन कति ठीक कति बेठीक ? मालाले खादालाई प्रतिस्थापन गर्दा समुदायमा कस्तो सन्देश जाला ? भन्ने पक्षमा अध्ययन अनुसन्धान नभइसकेको परिप्रेक्ष्यमा खादा र मालाको प्रयोगमा केन्द्रित भई यसको ऐतिहासिक, धार्मिक एवम् व्यावहारिक पक्ष केलाउन आवश्यक देखिन्छ ।

फूल, दूबो, सुनचाँदीका बत्तू-मणिमाणिक्य आदि एउटै सूत्रमा उनी गलामा पहिरन बनाइएको हारलाई माला भनिन्छ (शर्मा, २०६२) । फूल र मालाको अन्योन्याश्रित सम्बन्ध रहेको छ । माला सयपत्री, मखमली, गोदावरी लगायत धेरै थरीका फूलबाट आकर्षक ढङ्गले बनाउन सकिन्छ । चाडवाडमा श्रद्धापूर्वक भगवानलाई अर्पण गर्न र सभा समारोहमा अतिथिलाई सम्मान स्वरुप गलामा पहिर्‍याउन मालाको आवश्यकता पर्दछ । नेपाली धर्म संस्कृति र परिवेशमा फूल र मालाको छुट्टै विशेष र महत्वपूर्ण स्थान रहेको छ । खादा र मालाको प्रयोग सन्दर्भ सहित यसको ऐतिहासिक, धार्मिक/सांस्कृतिक, आर्थिक र वातावरणीय पक्षहरुको विश्लेषण गर्नु यस लेखको उद्देश्य रहेको छ ।

**अध्ययन विधि**

प्रस्तुत अनुसन्धानात्मक लेखमा द्वितीय स्रोतका सामग्रीहरु प्रयोग गरिएको छ तसर्थ यसमा पुस्तकालयीय विधि र अनलाईन सामग्रीहरु प्रयोग गरिएको छ । यस सन्दर्भमा खादा र माला सम्बन्धी विभिन्न पुस्तक, पत्रपत्रिकामा प्रकाशित लेख रचनाहरुलाई समेत मुख्य सन्दर्भ सामग्री मानेर अध्ययन गरिएको छ ।

**अध्ययनको औचित्य**

यस अध्ययनले खादा र मालाको सन्दर्भ/प्रसङ्ग बुझ्न चाहनेहरुका लागि जानकारी प्राप्त गर्न सहयोग गर्दछ । खादाको इतिहास, यसको धार्मिक/सांस्कृतिक पक्ष, आर्थिक र वातावरणीय पक्ष समेतको जानकारी लिन चाहने साथै यस विषयमा थप अनुसन्धान गर्न चाहनेहरुका लागि समेत यो अनुसन्धान उपयोगी हुनेछ ।

**खादाको इतिहास**

पातलो कपडाको खादा देख्दा सामान्य लागे पनि यसको सांस्कृतिक महत्व र इतिहास धेरै पुरानो छ । 'खादा' तिब्बती संस्कार हो । मंगोलिया हुँदै भित्रिएको यो संस्कृति शुभविवाह, अन्त्येष्टि, चाडपर्वको बेलादेखि शुभ आशीर्वाद दिने बेलामा मानको खातिर अर्पित गर्ने गरिन्छ । नेपालको हिमाली भेग र चिनको स्वशासित क्षेत्रबाट खादाको प्रचलन बिकास भएको हो । तिब्बती शणरार्थी आफूहरुले नै खादाको सुरुवात गरेको बताउँछन् । हिमाली जिल्लाहरुमा फूल नपाइने हुँदा यसको सट्टामा रेशमी देखि सुतीको विभिन्न रङ्का कपडाहरुमा लामा मन्त्र छपाएर सम्मानको लागि खादा पहिऱ्याउने गरिन्छ । खादा प्रयोग ठ्याक्कै कहिले सुरु भयो महायानी बौद्ध विद्वानहरु पनि किटानका साथ भन्न सक्दैनन् । उनीहरु खदाको इतिहास खोज्दै ४,७०० वर्ष अघिको चिनियाँ ह्वाङहो सभ्यतामा मङ्गल कामना गर्दा प्रयोग गरिने कपडाको कथासम्म पुग्छन् । त्यसैगरी वाग्मती उपत्यकाका नेवारले पूजापछि घाँटीमा लगाउने रातो कपडाको ध्वजालाई पनि त्यही खादाकै एउटा अवशेषको अर्थमा अर्थ्याउन खोज्छन् (आहुति, २०७२) ।

खादाको ऐतिहासिक पृष्ठभूमि खोज्दै जाँदा सुरुवातमा यो सेतो रङ्गबाट बनेको पाइन्छ । पछिल्लो समय धेरै रङका खादा चलन चल्तीमा छन् । वास्तवमा खादा सम्मानका निमित्त कपडाको धरोको प्रयोग गर्ने यो संस्कृति उत्तरबाट सुरु भएको मान्न सकिन्छ र तिब्बतमा बौद्ध धर्मको एउटा शाखा महायानको विकाससँगै यसले व्यवस्थित सांस्कृतिक रुप धारण गरेको देखिन्छ । यही महायानी बौद्ध परम्परा बोकेका समुदायहरु आजको नेपालको हिमाली र पहाडी भूभागमा विचरण गर्ने क्रमसँगै खादा पनि नेपाल भित्रिएको पाइन्छ ( आहुति, २०७२) ।

**खादाको महत्व र यसको प्रयोग**

परापूर्व कालमा खादा शुद्ध रेशमको कपडाको हुन्थ्यो । अहिले भने सस्ता कपडाका धेरै बन्छन् र अक्षरमा बुद्ध बन्दना एवम् कुलकुलायनको बन्दना आदि लेख्न थालिएको छ । जसरी हिन्दू धर्मावलम्विहरुले बर्जित मानेका फूलको माला उन्दैनन् त्यसरी नै खादामा शंख, घडा, माछा लगायतका आठवटा मङ्गल चिन्ह लगायतको महायानी बौद्ध परम्पराले मान्ने बौद्ध चिन्ह नराखेको महायानीहरु राम्रो ठान्दैनन् (शेर्पा,२०७७) ।

खादाको प्रयोग गर्ने तरिका पनि फरक फरक छन् । तिब्बतीयन बौद्ध धर्म परम्परा अनुसार चार शिक्षाहरु निङ्गमा, गेलुक्पा, कग्युपा र शक्यपामा चढाउन खादाको विकास भएको हो । बौद्ध संस्कृतिमा लामा गुरुहरुले खादालाई सिद्ध, चोखो र सधैं उच्च सम्मानित रुपले हेर्ने गर्दछन् । यो सिल्क, मलमल कपडा बाट बनेको पहेलो, सेतो र विभिन्न रङमा मन्त्र सहित छापेको कपडाको उपहार हो । तिब्बती संस्कार अनुसार आफूभन्दा ठूला मान्छेको सम्मानको लागि पुगिएको छ भने खादा आधा मात्र फुकाएर टेबुलमा राखिन्छ, ठूला मान्छे आफ्नो घरमा आएका छन् भने उसको हातमा खादा राखेर स्वागत गरिन्छ । आफूभन्दा सानोलाई चाहिँ खादा घाँटीमा बाँधेर बिदाइ गरिन्छ । त्यस्तै बौद्ध धर्मावलम्विहरुले लामाको गुम्बामा गएर सम्मान गर्दै छन् भने लामाको बसाइको प्रकृति हेरेर भिन्न तरिकाले खादाले सम्मान गर्ने चलन छ । हिन्दूहरुले पनि कुलायन पुजा गर्ने बेलामा चढाएको ध्वजा (जुन सेतो र रातो रङको मार्किन कपडाको हुन्छ ) लाई पूजा समाप्ति पछि गलामा पहिरिन्छन् (शेर्पा,२०७७) ।

बौद्ध धर्ममा अष्टमङ्गल चिन्ह र शुभमङ्गल पाठको ठूलो महत्व हुन्छ । खादामा यी नै अष्टमङ्गल चिन्ह र शुभमङ्गल पाठ लेखिएको हुन्छ । अष्टमङ्गल चिन्ह र शुभमङ्गल पाठ नै आम बौद्धहरुको पहिचानको प्रतीक हो । त्यसैले खादाले बौद्ध धर्म र संस्कृतिको प्रतिनिधित्व गर्छ । बौद्ध धर्ममा विशेष गरी खादा पाँच वटा रङको आधारमा बनाइएको हुन्छ । कुन रङको खादा कसलाई लगाईदिनु पर्छ भन्ने अर्को महत्वपूर्ण पाटो रहेको छ । कालो रङलाई भने बौद्धहरु अशुभको रुपमा लिन्छन् । त्यसैले यो रङको प्रयोग हुँदैन । नीलो रङ र नीलो रङको खादा बौद्धधर्ममा स्वच्छताको प्रतीक मानिन्छ । पहेलो रङको खादा बुद्धको चिवर, मैत्री र करुणको प्रतीक हो । रातो रङको खादा बुद्धको दाँत, हड्डी र पवित्रताको प्रतीक हो । त्यस्तै कलेजी रङको खादा बुद्धको हृदय, मध्यम मार्ग र आर्य अष्टाङ्गिक मार्गको प्रतीक हो । आफ्ना दक्ष गुरुलाई सुख शान्ति र समृद्धिको कामना गर्दै पहेलो खादा लगाउनु पर्छ । भगवान बुद्धको लागि पहेंलो र कलेजी रङको खादा प्रयोग गर्नुपर्छ । तारा, बज्रयोगिनी आदिको पूजा पाठ र उनीहरुलाई चढाउन नीलो रङको खादा प्रयोग गर्नुपर्छ । इष्ट देवता, महाभैरव, धर्मपाला आदिको पूजापाठमा उनीहरुलाई रातो रङको खादा अर्पण गर्नु पर्दछ । गुरु वर्गहरुले शुभकार्यमा, खुसियालीमा आशिष स्वरुप आफ्ना शिष्यहरुलाई शुभमङ्गल प्रयोग गर्दा सेतो रङको खादा प्रयोग गर्नु पर्दछ । मातापितालाई जहिले पनि सेतो रङको खादा पहिऱ्याउनु पर्छ । सर्वसाधारण मान्छेहरुले पनि कोही कसैलाई स्वागत तथा शुभकार्य र त्यसको खुसीयालीमा सेतै रङको खादा प्रयोग गर्नु पर्दछ । खादालाई वास्तु शास्त्र अनुसार पनि प्रयोग गर्न सकिन्छ । बौद्ध धर्म अनुसार जन्मकुण्डली गणना गर्ने हो भने जम्मा ५ वटा धातु रहेका हुन्छन् । वृक्ष, अग्नी, पृथ्वी, फलाम र जल धातु मध्ये आफ्नो धातु अनुसारको खादा प्रयोगमा ल्याउनु पर्दछ । पृथ्वी धातु हुनेले पहेलो खादा लगाउनु पर्दछ, वृक्ष धातु

हुनेले हरियो खादा प्रयोग गर्नु पर्दछ त्यसैगरी अग्नी धातु हुनेले रातो, फलाम धातु हुनेले सेतो र जल धातु हुनेले निलो रङको खादा प्रयोग गर्नु पर्दछ (शेर्पा,२०७७) ।

बौद्ध धर्म र संस्कृति अनुसार यो एउटा पवित्र/चोखो दुपट्टा वा गलवन्दी हो, जसलाई खास कुनै धार्मिक अवसर सामाजिक वा पारिवारिक महोत्सव जस्तै : जन्म, विवाह उत्सव आदिको अवसरमा लगाउने गरिन्छ । यसलाई माया, प्रेम र पवित्रताको चिनोको रुपमा लिने गरिन्छ । खादालाई दिने व्यक्ति वा समुहको विशुद्ध माया, प्रेम र सद्भावनाको चिनोको रुपमा लिने गरिन्छ ।

**नेपालमा खादाको सुरुवात**

पछिल्लो समयमा नेपालमा खादाको प्रयोग बढी हुँदै आइरहेको छ । परापूर्व कालदेखि नै  नेपालमा गुरुङ र शेर्पा समुदायले गुम्बा र चैत्यमा खादाको प्रयोग गर्दै आएको देखिन्छ । हाल नेपालमा विभिन्न चाडवाड र सभा समारोहमा बढी मात्रामा खादा जनजातिले प्रयोग गर्दछन् । पछि तिब्बतीहरुले विदेशी पाहुना आउँदा स्वागतको रुपमा खादा लगाउने चलन बसालेका हुन् (पोखेल, २०७५) ।

खादा नेपाली समाजमा पहिल्यैदेखि चलनचल्तीमा रहे पनि यसको व्यापक प्रयोग भने सन् १९६० ताका नेपाल भित्रिएका तिब्बती शरणार्थी सँगसँगै व्यापक हुन थालेको हो । बिरानो ठाउँमा जीविकोपार्जनका लागि उनीहरुले खादाको पनि व्यवसाय थाले । तिब्बतीहरुको देखासिकी गर्दै नेपालमा पनि वि.सं २०४६ साल पछि भित्रिएको यो संस्कृतिलाई नभइनहुने/ अत्यावश्यक वस्तुको रुपमा लिन थालेको देखिन्छ । खादा फूल उत्पादन नै नहुने हिमाली भेगका बौद्ध धर्मावलम्बीको सम्मानको प्रतीक थियो, जो नेपाली सहरिया जमातमा चल्न थालेको दुई दशक मात्रै भएको छ। २०४६ सालभन्दा अगाडिसम्म नेपालका केही सीमित जनजातिहरु बाहेक अन्य जातिहरुमा खादाको प्रचलन खासै देखिँदैन । २०४६ सालमा नेपालमा प्रजातन्त्रको पुनस्थापना भए पश्चात राजनीतिक पार्टीका नेताहरु राजनीतिक भ्रमणमा जिल्ला तथा इलाकाहरुमा जाँदा शेर्पा तथा तमाङ समुदायले आफ्ना नेताहरुको मानको खातिर खादा अर्पण गर्ने गर्दथे (पोखेल, २०७५) ।

सशस्त्र द्वन्द्वको समाप्तिसँगै जब शान्तिकाल सुरु भयो, तव एकाएक खादा प्रकट हुन थाल्यो । यसको यात्रा वेगवान भयो । आज हिमालदेखि पहाड र पहाडदेखि मधेससम्म, राजनीतिक पार्टीदेखि सरकारी औपचारिक कार्यक्रमसम्म, पाहुना वा सम्मान गरिने कुनैपनि व्यक्तिका गलामा हाकाहाकी खादा पहिऱ्याइन्छ ।

पोखरामा विन्ध्यवासिनी धार्मिक विकास समिति र पोखरेली युवा सांस्कृतिक परिवारले २०५७ साल तिरै पोखरामा पहिलोपटक खादामा आफ्नो नाम छापेर चलनमा ल्याएका थिए । खादाको सुरुवात तिब्बतको हिमवन्त प्रदेशमा फूल नपाइने भएपछि नौनी घिउको फूल बनाउन थालियो र पूजाआजामा त्यही प्रयोग गरिन्थ्यो । पछि सम्मानार्थ प्रयोग गर्ने वैकल्पिक सामग्रीको रुपमा खादाको सुरुवात भएको हो । नेपालमा

चाहिँ यहाँबाट बौद्धधर्म तिब्बत पुग्यो । त्यसै क्रममा नेपाल हुँदै तिब्बत पुगेका भारतीय गुरुबाट तिब्बतीहरुले विभिन्न विद्या सिके फेरि तिब्बत हुँदै त्यो विद्या नेपाल आयो । त्यससँगै नेपालमा खादाको प्रवेश भयो । यसर्थ खादा संस्कृति नेपालको होइन । तिब्बतमा पो फूल नभएर खादाको प्रयोग गरियो, नेपालमा फूल नै प्रशस्तै छ त्यसैले फूल नै प्रयोग गर्नुपर्छ । खादा आफैमा गलत भने होइन तर पछिल्ला दिनहरुमा खादालाई गलत काममा पनि प्रयोग गर्न थालियो (गुरुङ्ग, २०७३) ।

**आर्थिक पक्ष**

नेपालमा नुनदेखि सुनसम्म प्राय सबैकुरा आयात गरिन्छ । हरेक वर्ष खाध्यान्न, औषधी लगायतका विभिन्न अत्यावश्यक सामग्रीदेखि लिएर विलासिताका सामग्रीहरु आयात गरी वार्षिक खर्वौ व्यापार घाटामा पर्ने देश हो नेपाल । दसैंको भेंडा बोका होस् या तिहारको फूल होस् अथवा भ्यालेन्टाइन डेको गुलाव सबै आयात नै हुन्छन् । हामीले फूलको विकल्पमा कपडाको टालो प्रयोग गर्न त थाल्यौं तर यसमा पनि हामी परनिर्भर नै रहेछौं । नेपाली बजारमा रु १५ देखि रु ५०० भन्दा बढी मूल्यका खादा पाइन्छन् (पोखेल, २०७५) ।

नेपालमा भित्रिने सबै खालका खादा चिनबाट आयात हुने व्यवसायीहरु बताउँछन् । यस पक्षलाई सम्बोधन गर्दै पर्यटन मन्त्रालयले स्वदेशमा नै बनेको खादा चलनमा ल्याउन निर्देशन दिएको अवस्था छ । नेपालमा पुष्पखेती १५५ हेक्टर क्षेत्रफलमा गरिएको छ । जुन कूल खेतीयोग्य जमीनको ०.००५० प्रतिशत हो । हाल ३० लाख ९१ हजार हेक्टर जमीनमा पुष्प खेती हुँदै आएको छ । खेती गर्न हुने बाँझो जमीनको क्षेत्रफल भने १० लाख ३० हजार हेक्टर छ ।  पुष्प व्यवसाय आ.व २०७४/०७५ सम्म पुग्दा ४३ जिल्लामा विस्तार भइसकेको छ । करिब ६९७ फूल व्यवसायी सक्रिय छन् भने ४३ हजार ५०० व्यक्ति यस व्यवसायमा आश्रित छन् । आ.व ०७४/०७५ मा रु एक अर्ब ८७ करोड बराबरको फूलको कारोवार भएको थियो भने रु ११ करोडको फूल आयात भएको थियो । तिहारलाई माला अपुग हुने देखिएकाले २०७५ मा झण्डै रु ११ करोडको ४५ जातका तीन लाख सयपत्रीका माला र फूल आयात गरिएको थियो । भाइटीकामा काठमाडौंलाई मात्र १५ देखि १७ लाख माला आवश्यक पर्छ । राजधानीमा झण्डै ५० लाख मानिस बसोबास गर्छन् ( लोकान्तर, २०७५) ।

तिहारमा सयपत्री, मखमली र गोदावरी फूल, माला र गमला बिक्री हुन्छ । हरेक बर्ष जसो सबैभन्दा बढी सयपत्रीको करिव १३ लाख, मखमली तीन लाख र गोदावरीको एक लाख माला खपत हुने गर्छ । जसमा लगभग ३० प्रतिशत भारतबाट आयात हुने गरेको बताइन्छ । नेपाल प्रशस्त जैविक विविधता भएको भूमि हो । यहाँ स्थानपिच्छे थरीथरी र आर्कषक फूलखेती गर्न सकिन्छ तर आयात गर्न हामी बाध्य छौं । प्रचुर सम्भावना बोकेको पुष्प व्यवसाय प्रवर्द्धन गर्न सरकारले 'पुष्प प्रवर्द्धन नीति २०६९' जारी गरी कार्यान्वयनमा

ल्याएको छ । आव ०७१/०७२ बाट पुष्प व्यवसायका लागि रु एक करोड बजेट विनियोजन गरिएकामा पछिल्लो वर्षबाट प्रदेश सर कार, प्रदेश नं ३, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले पुष्प विकास केन्द्रको विकासका लागि जम्मा रु १६ लाख विनियोजन गरेको छ । बजारमा फूलको माग बढेकाले आवश्यकताअनुसार उत्पादन दिन सकिएको छैन । नेदरल्याण्डस्, हल्याण्ड, थाइल्याड, अमेरिकालगायत देशमा गुलाफ, कारनेसन, जर्वेरा, ग्लाडियोलस, सयपत्री, गोदावरीलगायत नेपाली कट फ्लावरको माग दैनिक बढे पनि नेपालबाट निर्यात भने हुन सकिरहेको छैन । सरकारले कृषि क्षेत्रमा अनुदान बढाउँदै लगे पनि फूलको उत्पादन सन्तोषजनक छैन । बिक्रीका लागि फूलको बजार छ, उत्पादन निकै कम देखिन्छ । झण्डै रु पाँच अर्बभन्दा बढी लगानी रहेको पुष्प व्यवसायमा मानिसको आर्कषण भने क्रमशः बढ्दो छ । विश्वमा फूलको कारोवार करिव २०० अर्ब डलरको छ । जसमध्ये करिव ८० अर्बको कारोवार नेदरल्याण्डस् एक्लैले गर्छ (लोकान्तर, २०७५) ।

**खादाको दुरुपयोग**

हिजोआज जताततै सेमिनार हुँदा होस् या कुनै खुसीयाली रहोस् वा वार्षिक सभा, कुनै सामाजिक संस्थाको अधिवेशन, राजनैतिक पार्टिको अधिवेशन, कुनै कार्यको सफलता होस् खादाकै प्रयोग हुन्छ । जब कि देउतालाई चढाउने र मान्छेले लगाउने खादा भिन्नै हुन्छ । यो छुट्याउन सक्नुपर्छ । खादालाई सस्तो सम्झनु हुँदैन । बौद्ध संस्कार अनुसार यदी खादा भुईमा खसेको छ भने टिप्नुपर्छ । कुल्चनु हुँदैन ठूलो पाप लाग्छ । यहाँ त खादाको खास मर्म नै बुझ्न सकेको अवस्था छैन । त्यसैले खादाको मर्म विपरित यसको दुरुपयोग भएको देखिन्छ । मर्म नबुझी कर्म गर्न थाल्दा हाम्रो समाजमा बौद्धमार्गी भन्दा फरक धर्म र समाजका मान्छेहरुले यसको प्रयोग गर्न थाले । के बौद्ध, के हिन्दू, के मुस्लिम, के ख्रीष्टियन जताततैको परिवेश खादामय बनेको देख्न सकिन्छ । पत्रपत्रिकामा छापिएका फोटा, अनलाइन खबरहरु, विभिन्न कार्यक्रमहरुमा खादाले सम्मान गरिएको सुन्न र देख्न सकिन्छ । अर्को आश्चर्यजनक कुरा त के छ भने कार्यक्रममा उपस्थित गन्यमान्यलाई महँगो खालको खादा र साधारण अतिथिलाई सस्तो खालको खादा प्रयोग गर्ने अभ्यास सुरु भएको छ । खादा वर्ग विभाजनको निशानी पनि बन्न थालेको प्रतीत हुन्छ ।

त्यस्तै सीमापारिबाट आयातित कतिपय खादाहरुमा सीमापारिकै भाषामा सीमापारिकै गीत समेत लिपिवद्ध हुने गर्दछ । तिब्बतियन भाषामा स्वतन्त्र तिब्बतको पक्षमा लेखिएको नारा प्रधान मन्त्री र मन्त्रीहरुको गलामा समेत परेको कुरा सोचनीय छ । त्यस्ता खादामा 'म स्वतन्त्र तिब्बतको पक्षमा समर्थन जनाउँछु' भन्ने नाराहरु लेखिएका हुन्छन् । धेरैजसोले तिब्बतियन भाषा नबुझ्ने हुँदा त्यसमा कसैको ध्यान जान नसकेको स्थिति छ । पछिल्ला दिनहरुमा चीनका विशिष्ट अधिकारीहरुले स्वागत तथा सम्मानमा खादा प्रयोगलाई

निषेध गरेका छन् । पछिल्ला दिनहरुमा खादालाई गलत काममा पनि प्रयोग गर्न थालियो । खादामा के लेखेको छ थाहा छैन, जे गर्दा पनि खादा लगाइदिने प्रचलनले समस्या उत्पन्न भएको छ । चिनियाँहरुले खादामा स्वतन्त्र तिब्बतको नारा लेखिएको हुन्छ भन्ने थाहा पाएपछि चिनियाँ राजदूत होस् या अरु कुनै पाहुना कसैले खादा मन पराउँदैनन् । उनीहरुले खादा बहिस्कार नै गरेको पाइन्छ । स्वतन्त्रताको माग गर्ने अधिकार रहला तर परोक्ष रुपमा खादालाई हतियार बनाउनु र कुनै अमुक व्यक्तिको घाँटीमा सजिनु राम्रो कुरा होइन । नेपालले औपचारिक रुपमा नै एक चीन नीतिलाई स्वीकारेको र चीनको नीतिलाई सघाउने बताइसकेको कारणले पनि यसमा ध्यान दिनुपर्दछ ।

खादाको प्रयोग निम्न समय र अवस्थामा गरिन्छ :

१. मान्छे जन्मिँदा शुद्ध चोखाएर न्वारन गरिसकेपछि

२. बिहे, ब्रतबन्ध, पास्नी आदिमा

३. कुनै व्याक्ति विशेषलाई बिदाइ गर्दा वा कसैको स्वागतमा

४. मृत्यु संस्कारमा

**वातावरणीय पक्ष**

दशौं वर्ष माटोमुनि गाड्दा पनि नकुहिने खादा माटोको लागि पनि घातक छ, सरसफाइका लागि पनि बाधक छ (पत्रिका, २०७७) । वागमती सरसफाइ अभियानमा सबैभन्दा बढी समस्याको रुपमा रहेको खादा वागमतीको मात्र समस्या होइन । यसले राजधानी काठमाडौं साथै नेपालका प्रमुख सहरहरु र समग्रमा सिङ्गो नेपाललाई नै असर पारेको छ । सबैतिर उत्पादित फोहोरमा खादा अत्याधिक देखिएको र ढलमा अड्किएको अवस्थामा पनि वातावरणमा असर गरेको देखिन्छ । जतन गरी घरमा लगे पनि कुनै काम नलाग्ने, पुनः प्रयोगमा पनि नआउने र दशौं वर्षसम्म कुहिएर पनि नजाने यो खादाको जथाभावी प्रयोगले फाइदा भन्दा हानि नै धेरै गर्ने देखिन्छ । खादा कुहाएर मल बनाउने सम्भावना पनि छैन, बारीमा फाल्यो खेती बिगार्ने, खरबारीमा फाल्यो घाँस बिगार्ने खादा हाम्रो जीवनमा काँधमा एकैछिन भिर्नु मात्र हुने गरेको छ । पुनः प्रयोग भनेको तिनै खादा जम्मा गरेर अर्को कार्यक्रममा प्रयोग गर्नु हुन सक्छ र गर्छन् पनि । यसप्रकार एक पटक प्रयोगमा आइसके पछि त्यसलाई पुनः प्रयोगमा ल्याउन पनि नमिल्ने र नष्ट गर्दा पनि वातवरण प्रदूषित हुने अवस्था देखिन्छ ।

पछिल्लो समय सार्वजनिक कार्यक्रमहरु बढी औपचारिक र भद्धा हुन थालेपछि पोखरा महानगरले महानगरमा हुने कार्यक्रमको उद्घाटन र समापनको नाममा तामझाम गरी महानगरको पैसाले खादा, माला, व्याच र मायाको चिनो प्रयोग गर्न नपाइने बताएको छ (पत्रिका, २०७७) ।

**फूल र मालाको धार्मिक एवम् सांस्कृतिक पक्ष**

नेपाली संस्कारमा फूलको विशेष महत्व रहेको छ । जन्म देखि मृत्युपर्यन्त धर्मकर्म, पूजापाठ, प्रेमालाप, कुनै वरिष्ठ पाहुनाको स्वागत, घर वा वातवरणको सजावट र साजसज्जा सबैमा गुच्छा वा मालाको रुपमा फूलको अनिवार्य उपस्थिति रहेको हुन्छ । खासगरी तिहारलाई फूलको पर्व भनेर पनि चिनिन्छ । तिहारमा सयपत्री, मखमली र गोदावरी फूल माला र गमलाका रुपमा विक्री हुन्छ । दिदीबहिनीहरुले धन्य मनले दाजुभाइलाई पूजा गरी माला लगाइदिने पवित्र संस्कृतिमा हामी निकै गर्व गर्दछौँ । हिजोआज त झन् पचास किलो, सय किलोको माला लगाएर सम्मान गर्ने फेसनले फूलको चर्चा अझै बढाएको छ । खादाको बहस सतहमा आएपछि यसको विकल्पको रुपमा माला प्रयोग गर्नुपर्छ भन्ने आवाज पनि सुन्न थालिएको छ । वस्तुतः प्रत्येक फूल सृष्टिको आधार हो र ती आराध्य छन् । हरेक फूललाई शिवलिङ्गको प्रतिमूर्ति मान्न सकिन्छ जहाँ सत्यम् शिवम् सुन्दरम् प्रस्फुटन हुन्छ । नेपालीहरुको सांस्कृतिक फूलको रुपमा सयपत्री , मखमली र गोदावरीले आफ्नो परिचय बनाउन सफल भएका छन् ।

**सयपत्री**

सबैखाले सयपत्रीको उद्‌गम थलो संयुक्त राज्य अमेरिकाको दक्षिणी भूभाग, मेक्सिको तथा दक्षिण अमेरिकी महादेश हो । खासगरी मेक्सिकोको पहाडहरुमा जङ्‌गली रुपमा आफैं उम्रने यी फूललाई पुरानो सभ्य जाति एजेटिकहरुले खेती गर्दथे । ती क्षेत्रमा १५ प्रजातिका सयपत्री भेटिए पनि रुप, रङ्‌ग, गुण र स्वभावले गर्दा स्पेनी अन्वेषकहरुले दुई प्रजातिलाई युरोप पुऱ्याएका थिए । त्यतैबाट सयपत्रीले विश्वका विभिन्न देशमा प्रवेश पायो । नेपालमा कसरी र कहिले यी फूल आए भन्ने भरपर्दो आधार भेटिएको छैन । हाम्रो संस्कार र संस्कृति भित्र परापूर्व काल देखि गहिरो सम्बन्ध गाँसेर बसेको यो अतिथि फूल अब संस्कृति फूल नै बनिसकेको छ (श्रेष्ठ, २०७३) ।

सयपत्री फूलको प्रत्येक पत्र स्वयंमा पृथक् फूल हो । त्यस अर्थमा सयपत्री फूललाई सयौं फूलको पुष्पपुञ्ज मान्न सकिन्छ । जुन पुञ्जमा रहेका प्रत्येक पत्रलाई सजिलै अलग्याउन वा छुट्याउन सकिन्छ । फूलको मध्यभागमा खाँदिएर बसेका र छेउ किनारतिरका पुष्पिकाहरू भिन्नै खालका हुन्छन् । मध्य भागका पुष्पिकाको फेदमा अण्डाशय हुन्छ । त्यसमाथिको पातलो सुइरो स्त्री जननेन्द्रिय हो । त्यस वरिपरि पाँच वटा पुंकेशरका पराग कोषहरू तैनाथ हुन्छन् । पुंकेशर र स्त्रीकेशरका यी अवयव फूलभित्र रहेका हुन्छन् । पुष्प तरेलीको मुख पाँच भागमा काटिएर खुलेको हुन्छ । यी अवयव हेर्न एउटा साधारण आईग्लास भए पुग्छ । सयपत्रीको एउटै पुष्पिकामा भाले र पोथी दुवै जननेन्द्रिय रहेका हुन्छन् । त्यस अर्थमा यो पूर्ण पुष्पको एक रूप हो, जसलाई वनस्पति विज्ञानले फूलको संज्ञा दिन्छ । वनस्पतिशास्त्रले बिरुवाको जननेन्द्रिय अवयवलाई फूल

भन्छ । विभिन्न थरीका सयपत्री अर्थात् मेरिगोल्ड विश्वबजारमा सजिलै पाइन्छ । नेपाली तिहारलाई सिंगार्ने सयपत्रीका फूलहरू दुई समूहमा छुट्याउन सकिन्छ । सानो कदको, सानै फूल फुल्ने र सजिलै माला उन्न मिल्ने तथा फूल पनि नर्झ्ने, नओइलाउने र रंग पनि नखुइलिने सयपत्रीहरू फ्रेन्च मेरिगोल्ड समूहमा पर्छन् । यस समूहका सयपत्री फूलका बाहिरी पुष्पिका फैलिएर फक्रन्छन् । तसर्थ यिनको वैज्ञानिक नाम पनि 'टागेटिस पाटुला' पर्न गएको छ । 'पाटुलस' को ल्याटिन अर्थ फैलनु हुन्छ । सयपत्री फूलहरू गाढा चम्किलो रङमा विशेष गरेर सुन्तले पहेंलोमा गाढा कलेजी वा रातो रङमा सजिएका हुन्छन् । ठूलो खाले सयपत्री फूललाई सामान्यतः अफ्रिकन मेरिगोल्ड भनिन्छ । पुष्पबजारमा यिनको वैकल्पिक नाम अमेरिकन मेरिगोल्ड पनि हो । यिनका फूलहरू डल्लो आकारमा फक्रन्छन् । सुन्तले वा फिका पहेंलो रंगमा यी सयपत्री फुल्दछन् । बिरुवा पनि अग्लो हुने भएकोले यसको वैज्ञानिक नाम 'टागेटिस इरेक्टा' पर्न गएको छ । 'इरेक्टा' शब्दले ठाडो र अग्लो भन्ने बुझाउँछ । सयपत्रीको जातीय नाम 'टागेटिस' प्राचीन रोमको एक दैविक अवतार 'टागेटिस' बाट जुरेको विश्वास गरिन्छ (श्रेष्ठ, २०७३) ।

**वैज्ञनिक पक्ष**

- राष्ट्र संघीयतामा गइसकेको अवस्थामा हरेक स्थानीय तह स्वयंले पालिकाको शिक्षा समिति, कर्मचारी, प्रधानाध्यापकको दायित्वमा पर्ने गरेर मासिक समीक्षा गर्ने बानी वसाल्ने । यसो गर्दा विद्यालयले आफ्ना विद्यालयको शैक्षिक वृद्धिमा गरेका रचनात्मक कार्य सुनाउन पाउँछन् र के कस्ता चुनौती आए, व्यक्त गर्न पनि पाउँछन्। एउटा विद्यालयको सिकाइ र बुझाइ अरू

विद्यालयमा काम लाग्न पनि सक्छ।
- शिक्षकहरूको संघ/संगठन खारेज गर्नु ।
- विषयगत, तहगत एवम् तालिमप्राप्त शिक्षकको व्यवस्था गर्ने,
- प्रतिस्पर्धाका आधारमा प्रधानाध्यापक नियुक्ति गर्ने,
- कक्षाकोठा, डेस्क, र उचित सरसफाइ जस्ता आधारभूत सुविधाहरूको व्यवस्था गर्ने,
- बालबालिकालाई नियमित रूपमा विद्यालय जाने वातावरणका लागि निःशुल्क पाठ्यपुस्तक, छात्रवृत्ति, सहज भर्ना, र दिउँसोको खाना जस्ता प्रावधानहरूलाई पूर्णरुपमा लागु गर्ने,
- कक्षाकोठामा पहिलो भाषा प्रयोग गर्ने वातावरण निर्माण गर्ने,
- स्रोत र साधनको समानुपातिक वितरणको व्यवस्था मिलाउने,
- सरोकारवालाको सहभागिता वृद्धि गर्ने , पारदर्शिता , जवाफदेहिता र सुशासन कायम गराउने,
- विद्यालयमा समतामूलक पहुँच, गुणस्तर एवम् आन्तरिक सक्षमतामा सुधार गर्ने,
- कक्षाको सम्पुर्ण जिम्मेवारी सुम्पने गरी कक्षा शिक्षकको व्यवस्थापन गर्ने,
- प्रत्येक कक्षामा छात्रा र छात्र दुई दुई जना र कक्षा शिक्षकको कक्षा व्यवस्थापन समुह बनाउने,
- प्रयाप्त अतिरिक्त कृयाकलापहरु सञ्चालन गरी उक्त कृयाकलापमा उत्कृष्ठ हुने बिद्यार्थीलाई तत्काल पुरस्कारको व्यवस्था गर्ने,
- जथाभावी लेखिएका कुराहरु रङ् लगाइ मेटाउने र लेख्ने पहिचान गरी दण्ड दिने ।
- हाजिरी कुनै पनि समयमा गर्ने र कम्तिमा दुइ चोटि चेक गरी प्रत्येककक्षाको उपस्थिति सख्या बोर्डमा लेख्ने ।
- कक्षा छोडी भाग्ने र अनुपस्थित हुने बाट शुल्क उठाई त्यहि कक्षाको लागि चाहिने सामाग्री खरीद गर्ने ।
- बिद्यार्थीको अभिभावक संग नियमित सम्पर्क हुने व्यवस्था मिलाउने ।
- सबै शिक्षकहरुलाई विद्यालयको गतिविधिको जानकारी दिनुका साथै समान तरिकाले सहभागी र जिम्मेवार हुने किसिमले कामको जिम्मेवारीहरु दिने व्यवस्था मिलाउने ।
- प्रत्येक दिन एकजना अभिभावक विद्यालयमा आउने र आफ्नो बच्चाको गतिविधि बारेमा कक्षा शिक्षक संग  छलफल गर्नु पर्ने नियम बसाल्ने ।
- अनुपस्थित शिक्षकको खालि हुने घन्टी पहिलो घन्टी लाग्नु अगाडि नै खट्नु पर्ने शिक्षकलाई जानकरी गराउन स्टाफ रुममा बोर्डमा लेखिनु पर्ने,
- शिक्षकहरुलाई कामको आधारमा पुरस्कृत र जिम्मेवारीमा हेरफेर गर्ने,
- बिद्यालयले गर्ने आम्दानी र खर्चको जानकारी शिक्षकहरु तथा अभिभावकहरुलाई पनि गराउने, सबै कक्षा र सबै बिषयमा कक्षा कार्य र गृहकार्यको मुल्यांकन बापतको अंकको आधारमा कक्षा चढाउने नियम बनाउने,
- मिति तोकेर परीक्षा लिने चलन बन्द गरिनु पर्ने,
- बिद्यार्थीको ड्रेस हेर्नु अघि शिक्षकको पनि ड्रेस हेरिनु पर्ने,
- ४० जना भन्दा बढीको कक्षा नबनाउने प्रतिबद्धता आउनु पर्ने ।
- बिद्यार्थीहरुलाई बिभिन्न विधामा पुरस्कारको व्यवस्था गरी नियमित पुरस्कृत गर्ने परिपाटी चलाउनु पर्ने,

विद्यार्थीबाट जानिजानि पुर्याइने क्षतिपुर्ति उसैबाट गराइनु पर्ने।

- बिषय गनेर कक्षा उतीर्ण गराउने चलन पुर्णत बन्द गरी निरन्तर मुल्यांकनको आधारबाट माथिल्लो कक्षामा लान सकिने नियम लागु गरिनु पर्ने ।
- बिद्यार्थीको रिपोर्ट लिन अभिभावक अनिवार्य रुपमा बिद्यालय आउनु पर्ने नियम लगाउने।

सार्वजनिक शिक्षामा देखिएको महत्वपूर्ण शैक्षिक चुनौतीहरूलाई सम्बोधन गर्दै दक्ष जनशक्ति उत्पादन गरी देश विकासमा लगाउने राज्यको आजको महत्वपूर्ण दायित्व हुन आउँछ । शिक्षा नै देश निर्माणको आधार स्तम्भ भएको हुनाले सामुदायिक शिक्षा प्रणालीमै आमूल परिवर्तनको जरुरी छ। अब पुरानै ढाँचामा होइन, समयसापेक्ष परिवर्तन गरी कमीकमजोरी हटाएर राज्यको आवश्यकता र समयको मागअनुरूपको जनशक्ति उत्पादन गर्ने शिक्षा पद्धती लागु गर्नुको विकल्प छैन ।

**हार्दिक शुभकामना**

जनज्योति क्याम्पसको १६औं वार्षिकोत्सवको पावन अवसरमा प्रकाशन हुन लागेको '**ज्योतिपुञ्ज**' स्मारिकाको पूर्ण सफलताको कामना गर्दै क्याम्पसको उत्तरोत्तर प्रगतिको **शुभकामना** व्यक्त गर्दछौं ।

**पाटन बचत तथा ऋण सहकारी संस्था लि.**
PATAN SAVING & CREDIT CO-OPERATIVE LTD.
भिमाद-५, ऋषिङ्गपाटन, तनहुँ
सम्पर्क नं. : ९८५६०७३६४०

प्रबन्धक
अमृत गैह्रे
९८५६०००९६

अध्यक्ष
मौसम शर्मा गैह्रे
९८५६००५००१

**कर्जा तर्फ**
**कृषि कर्जा,**
**व्यवसायिक कर्जा,**
**आवास कर्जा**
**यातायात कर्जा,**
**बैदेशिक रोजगार कर्जा**

"ग्रमिण विकासको विकल्प,पाटन सहकारीको संकल्प"



# तपाईं जिम्मेवार अभिभावक !

**सीतादेवि भट्टराई**
**उप-प्राध्यापक**

म स्कुलबाट घरमा आउँदै गर्दा बाटोमा एक आमाले मलाई भेटेर भन्नुभयो 'म्याडम यस विद्यालयमा विद्यार्थीलाई कुनै होमवर्क दिइँदैन कि मेरो छोराले होमवर्क गर्दैन ? छोरालाई होमवर्क गर न बाबु भन्यो भने सर म्याडमले होमवर्क नै दिनुहुँदैन भन्छ। झोला हेर्यो कुनै कापीमा पनि केही लेखेको छैन, कापी किताव सबै नयाँ नै छन् । मैले सोधेँ के तपाईको छोरो समयमा नै विद्यालय आउने र घर जाने गर्छ त ? अँ म्याडम, ऊ सधैँ समयमा नै स्कुल आइ पढीसकेपछि सरासर घर जान्छ । मैले उहाँलाई भने, भोलि तपाईं विद्यालय गई कक्षा शिक्षक तथा प्रधानाध्यापकसँग छोराको बारेमा सोध्नुहोस् त के भन्नुहुँदो रहेछ। उहाँले भन्नुभयो, म्याडम म त नपढेको मान्छे, यति ठूलो स्कुल, मैले बोल्न जान्दिन कि अथवा म स्कुल गएर सोधिखोजी गर्दा छोराले नराम्रो पो मान्छ कि ? फेरि मेरा बाबु जस्ता कति छन् कति त्याहाँ । के मलाई छोराको बारेमा बताउनुहोला त ? दिदी तपाइँले सोधेका सबै प्रश्नको उत्तर सर म्याडमहरुले अवश्य दिनुहुनेछ, तपाईले छोराको आनिबानी तथा पढाइको अवस्थाको बारेमा थाहा पाउन सक्नुहुनेछ ।

भोलिपल्ट उहाँ विद्यालय गई हेडसरलाई भेट्नुभएछ । सरले छोराको क्लास टिचर चिनाउँदै उसको बारेमा सबैकुरा बताउन लगाउनु भयो । कक्षा शिक्षकबाट आफ्नो छोराको आनिबानी, अवस्था तथा स्वभावका बारेमा थाहा पाए पनि कक्षा शिक्षकको भनाइमा अझै विश्वास नलागी उहाँ आफै कक्षामा गई हेर्दा अरु सवै पढिरहेका छन् तर छोरो कक्षामा छैन । छोराका साथीहरुले पनि लामो समयदेखि ऊ कक्षामा नआएको बताएछन् । जीवनको सर्वस्व ठानेको छोराले यसरी आफूलाई विश्वासघात गरेको थाहा पाएपछि स्कुलका सर म्याडमहरुसँग केही नभनी उहाँ सरासर मलाई भेट्न आई रुँदै भन्नुभयो, मेरो छोरो त लामो समयदेखि विद्यालय आएकै रहेनछ ! कता गयो होला ?

उहाँको कुराले मेरो मनमा चिसो पस्यो ।टिफिन हुने बेला भएको छ तपाईं एकैछिन यहीँ बस्नुहोस् त कतै पो देखिन्छ कि ? हामी दुवैले आँखाले भ्यायसम्म उसैलाई खोजिरह्यौँ । आमा विद्यालय आएर उसलाई खोजेको कुरा कुनै साथीले उसलाई सुनाइदियो या ऊ आफैले आमालाई देखेर हो ऊ अकस्मात हामी भएकै ठाउँमा आइपुग्यो र तिमीलाई कसले स्कुल आउन भन्यो?म अव घरमा पनि आउँदिन, मैले आजदेखि पढ्न छोडेँ, तिमी यहाँबाट घर गइहाल, आदिआदि भन्दै आमालाई तथानाम गाली गर्न थाल्यो ।उसको कुरा सुनेर म किंकर्तव्यविमुढ भएँ । मैले उसलाई संझाउने प्रयास गरेँ ।तर तपाइँलाई के खाँचो भन्दै मसंग नै झगडा गर्न खोज्यो । यस्तो अवस्थामा म चुप बस्नु नै बुद्धिमानी संझेँ । मनमा असह्य पीडा भएर रोइरहेकी ती आमालाई संझाउँदै भनेँ, अव रोएर हुँदैन धैर्य गर्नुहोस् दिदी । उहाँ अलि शान्त भएपछि पुनः सोधेँ के आज जस्तै अरु दिन पनि तपाईको छोरो घरबाट स्कुल जान भनी आएको थियो ? उहाँले सुक्कसुक्क रुँदै छोराको बास्तविकता सुनाउनुभयो ।

विहान सवेरै उठी घरायसी काममा आमालाई सघाउने छोरो खाजा खानका लागि दैनिक रु ५०

लिएर सधैँ नौदेखि साढे नौ बजेसम्ममा ड्रेस लगाएर स्कुल  जान भनी घरबाट हिड्ने र बेलुका ,पाँचबजे सम्ममा घरमा पुग्दो रहेछ । आमाका अगाडि घरिघरि पढेजस्तो गरे पनि  लेख्ने काम भने कहिल्यै नगर्ने रहेछ । कापी सबै खालि देखेपछि एकदिन आमाले लेखाइ सम्बन्धी सोद्धा 'यो स्कुलमा त कहिल्यै लेख्न नै लगाउनु हुँदैन सधै कक्षामा पढाउनु मात्र हुन्छ तथा पढन लगाउनुहुन्छ, कक्षामा नै उत्तर भन्न लगाउनु हुन्छ' भनेछन् अनि आमालाई शंका लागेर कक्षामा पनि त लेख्न लगाउनुहुन्छ होलानि भन्ने जिज्ञासामा छोराले भनेछ तपाई नपढेको मान्छेलाई किन चाहियो ?

छोराछोरीको सुखद् भविश्य निर्माणका लागि बाबाले विदेशमा कडा मिहनत गरी कमाएको पैसा सवै आफु आधा पेट खाएरै भए पनि घरमा पठाउँदा रहेछन् भने आमा पनि  गाउँमा राम्रो पढाइ हुने विद्यालय टाढा भएकाले छोराकै पढाइका लागि भनेर गाउँको जायजेथा त्यसै छोडेर सहर आएकी रहिछिन् । आफ्नो पेट मारेरै भएपनि उनले छोराले भनेअनुसार नै सबै खर्च जुटाउँदिरहिछिन् । सधै घरमै खाजा बनाएर खुवाउन लैजाने आमालाई म अव ठुलो भइसकें, अव मलाई खाजा खुवाउन आउन पर्दैन बरु दिनहुँ रु ५० दिनुहोस् म स्कुलको क्यान्टिनमा नै खाजा खान्छु भनी उसले आमालाई फकाएछ । बाबु रु ५० त अलि धेरै भएन र ? भन्दा उसले अरु साथीहरुले कति महङ्गो खाजा खान्छन् आजकल त्यति पैसाले के नै आउँछ र भनेपछि छोराको खुशीका लागि आमा रु ५० दिन तयार भइछन् ।

विदेशबाट समयसमयमा बाबाले फोन गर्दा छोरो बाबासंग बोल्न चाहँदैन । बोलिहाले पनि ज्यादै कम बोल्छ । पढाइको बारेमा सोध्दा राम्रै छ मात्र भन्छ । मैले पनि छोरो पहिला भन्दा नियमित स्कुल जान्छ र समयमा नै घर फर्कन्छ, स्कूल जान कुनै आनाकानी गर्दैन, घरमा आएर पनि पढन खोज्छ भन्ने गरेकी थिएँ । तर म्याडम अब मैले के भनौं छोराको यो खवर थाहा पाएपछि मलाई बुढाले के भन्लान्, छोरो पढाउन भन्दै गाउँबाट हिडेकी म अब कुन मुख लिएर गाउँ फर्कू ?

आम अभिभावक ज्यू, कतै तपाइँका सन्ततिले पनि तपाईलाई यस्तै व्यवहार त गरिरहेका छैनन् ? हो, हाम्रा अधिकांश अभिभावकहरु वर्तमान परिवर्तित पाठ्यक्रम अनुसारको शिक्षा दिनका लागि असक्षम होलान् तर फूर्सदको समयमा विद्यालयमा गई आफ्ना सन्ततिको विद्यालयीय गतिविधिका बारेमा बुझ्न, आफ्नो बच्चाको घरायसी अवस्था तथा क्रियाकलाप र स्वभावका बारेमा शिक्षकलाई, विद्यालय प्रशासनलाई जानकारी गराउन त सक्छन् । अभिभावकबाट विद्यार्थीको अवस्था वा व्यवहार थाहा पाएपछि शिक्षकलाई कक्षामा पढाउन तथा उनीहरुको कमजोरी सुधार गर्न  सहयोग मिल्दछ ।

तपाईका सन्ततिले ढाँटेजस्तै नियमित र प्रभावकारी पठनपाठन गराउन नसक्ने विद्यालयहरुले विद्यार्थीको वास्तविक गुणस्तर लुकाएर परीक्षामा अनुत्तीर्ण वा कम नम्वर ल्याइ उर्त्तीण विद्यार्थीको राम्रो नतिजा ल्याएको प्रमाणपत्र दिएर अभिभावकहरुसँगबाट मोटो रकम असुली आफ्नो शैक्षिक व्यापारमा बढोत्तरी गरिरहेका त छैनन् ?

अभिभावक आफ्ना नानीहरुको विद्यालय वा कक्षाकोठासम्म उपस्थित भएमा विद्यालयमा प्रभावकारी र नियमित पठनपाठन भए नभएको, आफ्ना नानीहरुले पढाइमा ध्यान दिए नदिएको तथा शिक्षकले विषयवस्तुको पूर्व तयारीका साथ अध्यापन गराए नगराएको मात्र होइन आफ्ना नानीहरु नियमित रुपमा समयमा विद्यालयमा आएनआएको, गृहकार्य गरे नगरेको आदिका बारेमा सजिलै थाहा पाउन सकिन्छ । यसका साथै विद्यालयमा शिक्षक नियुक्ति तथा सञ्चालक समिति गठन प्रक्रियामा राजनीतिक प्रभाव परे नपरेको तथा विद्यालयको व्यवस्थापकीय पक्षको अवस्थाको बारेमा थाहा पाउन सकिन्छ । यसैगरी आफ्ना नानीहरुले कस्ता साथीहरुसंग संगत गर्दछन्, कक्षा कोठाको व्यवस्थापन कस्तो छ, झोलामा

आवश्यकता अनुसारको किताव कापी छ वा छैन, शिक्षकको पढाइ प्रति विद्यार्थीको प्रतिक्रिया कस्तो छ, विद्यालयको खानेपानी, शौचालय खेल मैदान, पुस्तकालय, अतिरिक्त क्रियाकलाप, प्रयोगशाला आदिको प्रत्यक्ष अवलोकल गरी यसबाट आफूले पनि केही सिक्दै यी विषयका बारेमा सम्बन्धित विषय शिक्षक तथा प्रधानाध्यापकसँग आफूलाई लागेका विचारहरु राख्दै सुधारका लागि सकारात्मक र रचनात्मक सुझाव दिन सकिन्छ।यसरी अभिभावकबाट आएको सुझाव तथा कक्षा अवलोकनबाट छोराछोरीहरु नियमित विद्यालय जाने, गृहकार्य गर्न र पढन रुचि राख्ने, अनुशासित तथा लगनशील हुने, कुलतमा लागेका भए सुध्रने अवसर पाउनुका साथै विद्यालयमा स्वच्छ शैक्षिक वातावरण निर्माणमा जोड दिई कक्षा व्यवस्थापनमा समेत ध्यान पुग्न सक्छ। पूर्व तयारीकासाथ उपयुक्त शैक्षिक सामग्रीको प्रयोग गरी शिक्षकले प्रभावकारी रुपमा पढाउन थाल्दछन् भने विद्यालय सरसफाइ र नियमित कक्षा सञ्चालन हुन थाल्छ । जसको सकारात्मक प्रभाव विद्यार्थीको सिकाइमा पर्दछ । अहिले पनि कतिपय विद्यालयहरुले प्रतिभावान र क्षमतावान बालबालिकाहरुलाई प्रविधिमैत्री शिक्षणको अभावमा पुरातन शिक्षण प्रक्रियाकै माध्यमबाट शिक्षण गर्दा उनीहरुको सिर्जनात्मक क्षमतामा ह्रास आइरहेको छ ।

हुन त राजनीतिक दलहरुले आफ्नो चुनावी घोषणा पत्र मार्फत गुणस्तरीय र सिपमूलक शिक्षामा प्रतिबद्धता नजनाएका होइनन् तथा विद्यालयको शैक्षिक गतिविधि निरिक्षण गरी यसको सुधारका लागि आवश्यक सल्लाह सुझाव दिन सरकारी स्तरबाटै विद्यालय निरिक्षकको व्यवस्था तथा समय सापेक्ष प्रभावकारी शिक्षणका लागि शिक्षकलाई पुनरताजगी तालिम तथा प्रधानाध्यापकलाई विद्यालयको कुशल व्यवस्थापनका लागि तालिमको व्यवस्थापन नभएको होइन तर शैक्षिक स्तर झन खस्कदो अवस्थामा रहेको विभिन्न नतिजाले देखाएको पाइन्छ ।

हो, गुणस्तरीय शिक्षा र प्रभावकारी शिक्षणका लागि योग्य शिक्षक र योग्य शिक्षकका लागि सौहार्द शैक्षिक वातावरण भएको विद्यालय भएमा मात्र प्रभावकारी शिक्षणको अपेक्षा गर्न सकिन्छ। तर विद्यालय शिक्षाको जिम्मा पाएको स्थानीय सरकार विद्यालय गेट नजिकै रहेर त्यहाँका हरेक गतिविधि नियालिरहे पनि मुकदर्शक बनिरहेको प्रतीत हुन्छ। सार्वजनिक शिक्षामा सुधार ल्याउनका लागि सरकारी स्तरबाट बनेका हरेक नीति तथा कार्यक्रम असफल भइरहेको बर्तमान परिप्रेक्ष्यमा अव अभिभावक जिम्मेवार बन्नुपर्ने बेला आएको छ । घरमा आफ्ना बाबु नानीलाई कुशल संस्कार, अनुशासन, लगनशीलता, मेहनत गर्ने बानी तथा कर्तव्यबोधको पाठ सिकाउँदै उनीहरुको दैनिक गतिविधिमा निगरानी गरी पढने कक्षाकोठासम्म पुगेर उनीहरुको शैक्षिक गतिविधिमा मात्र होइन शिक्षक, प्रधानाध्यापक, व्यवस्थापन समिति र विद्यालयीय वातावरणमा समेत अभिभावकले खवरदारी गर्न सकेमा मात्र समग्र शैक्षिक सुधारको अपेक्षा गर्न  सकिन्छ । त्यसैले आउनुहोस् अभिभावकज्यू, शैक्षिक सुधारका लागि शिक्षक, विद्यार्थीसंगै एकआपसमा हातेमालो गरौँ, आफ्ना सन्ततिको शैक्षिक भविष्य निर्माणका लागि वेलैमा सहयोगी र जिम्मेवार बनौँ ।

# शुभकामना

जनज्योति क्याम्पसको १६औं वार्षिकोत्सवको पावन अवसरमा प्रकाशन हुन लागेको **'ज्योतिपुञ्ज'** स्मारिकाको पूर्ण सफलताको कामना गर्दै क्याम्पसको उत्तरोत्तर प्रगतिको **शुभकामना** व्यक्त गर्दछौं ।

| स्टेशन म्यानेजर | सचिव | अध्यक्ष |
| --- | --- | --- |
| **अमृत परियार** | **सुनिल श्रेष्ठ** | **मिलन आले** |

**एवम्**

## भिमाद एफ.एम.
## १००.९ मेगाहर्ज परिवार

**भिमाद–६, तनहुँ**

**फोन नं.: ०६५–५७२४५४**



# युवा पलायनको अवस्था र शिक्षा

**खिमाकान्त पराजुली**
**संस्थापक क्याम्पस प्रमुख**

आजका युवावर्गको विदेश मोह र जीवनशैलीले समग्र नेपाली जनजीवनलाई कसरी अगाडि बढाउने हो वा कुन दिशामा लैजाने हो, यसबारे बहस गर्ने वेला भएको छैन त ? किन राज्य संयन्त्र यसतर्फ चुकेको हो ? खास प्रश्न त यो छ, युवा किन पलायन हुन्छन् ? के उनीहरूमा नेपाली संस्कृति र नेपालप्रतिको मोह घटेकै होत ? खास कारण के हो ? जीवनको कुन मोडमा उनीहरू स्वदेश फर्किने ? उनीहरूको बाँकी जीवन कसरी बित्ने ? त्योत भविष्यले नै निर्धारण गर्ला ।

करोडपतिका छोरा हुन् वा राम्रो दर्जाको मानिने जागिरदार, सबैलाई विदेश मोहले यतिसम्म फसाएको छ कि लाग्छ उनीहरू त्यहाँ अमृत प्राप्त गर्न जाँदै छन् । आखिर किन र कहिलेसम्म यो क्रम जारी रहने हो  ? के विदेश गएपछि मात्र युवाले समृद्धिको पर्दा उघार्न सक्ने हो त ? यसप्रकारका यावत् प्रश्नले नेपाली युवालाई किन विदेश जान मात्र उत्प्रेरित गराएको छ । युवावर्गको मनोविज्ञान बुझेर अझै पनि किन योजना तर्जुमा गरिन्न । युवावर्ग पलायन हुनु भनेको स्वदेशी सिर्जनाको मूल शून्यतामा झर्नु हो । त्यसैले आजका युवावर्गको त्यो सीप, क्षमता, समय, ऊर्जा र ज्ञानलाई प्रयोग गरेर अगाडि बढ्न अत्यावश्यक छ ।

विदेश पठाउन पचास लाख खर्च गर्ने अभिभावकले स्वदेशमा त्यही रकम लगानी गरेर उनीहरूलाई अगाडि बढ्न किन प्रेरित गर्दैनन् । यसमा आजका युवावर्ग र उनीहरूका अभिभावकले अवश्य नै ध्यान दिनुपर्ने देखिन्छ । यो देशको निर्माण गर्ने युवाले नै हो । युवाशक्तिलाई कुनै पनि हालतमा कम आँक्न मिल्दैन । त्यसैले नेपाली युवाहरू किन विदेश पलायन हुँदै छन् । त्यसलाई रोक्न युवामुखी विभिन्न कानुन तथा कार्यक्रम तर्जुमा गरेर तत्काल लागू गर्नुपर्ने देखिन्छ । विदेश जाने भिसा लागेपछि जीवनको स्वर्णिम ढोका खुलेको ठानेर खुसीले बुरुक्क उफ्रिने युवालाई स्वदेशमै सम्भावनाहरू देखाएर रोक्न नसकुन्जेल हाम्रो देशको अवस्था झन् झन् तल झर्दै जान्छ ।

नेपाली श्रम बजारमा बर्सेनि लाखौं युवा प्रवेश गरिरहेका हुन्छन् । तथ्याङ्कमा शिक्षित युवाको संख्या धेरै मात्रामा रहेको देखिन्छ । सरकारले अनिवार्य र निःशुल्क शिक्षाको व्यवस्था गरेपछि विद्यालय तहमा अध्ययन गर्ने विद्यार्थीको संख्या क्रमशः उकालो लाग्दै गएको छ । तर विडम्बना हाम्रो शिक्षा प्रणालीको त्रुटिका कारण श्रम बजारमा पुगेका युवा के गर्ने भन्ने अलमलमा परिराखेको देखिन्छ । यही अलमलका बीचमा लाखौं युवाले वैदेशिक यात्रालाई उज्यालो भविष्यको गतिलो गन्तव्यका रूपमा देख्न थालेका छन् । युवा पलायनको पछिल्लो अवस्था डरलाग्दो मात्रै होइन भयावह नै छ । 'नेपालमा बसेर के गर्नु रोजगार नै पाइँदैन' हरेक युवाका लागि यो नै मानक बोली बन्दै गएको देखिन्छ । जुन नेपालको भविष्यका लागि घातक सिद्ध हुने देखिन्छ ।

युवाले नेपालमा सम्भावना नदेख्नुका पछाडि कैयौं जिम्मेवार हुन सक्लान् । यसका बारेमा अनेकानेक तर्क गर्न सकिएला तर शैक्षिक दृष्टिले भने व्यवहारिक तथा व्यवसायिक शिक्षा प्रदान गर्न नसक्नु नै गम्भीर त्रुटि हो । हामीलाई दिमागमा योजना र ठूला ठूला कुरा बोकेको युवा मात्रै चाहिएको होइन,

सीप र क्षमताले पूर्ण आफ्नै माटो मलिलो बनाउनका लागि मेहनत गर्ने युवा चाहिएको हो । आफैँले केही गरेर उद्यमशील बन्ने र अरूलाई समेत रोजगारी सिर्जना गर्न सक्ने युवा चाहिएको हो । चाहिएको एकातिर, अनि उत्पादन अर्कोतिर छ । यसैको परिणाम देशमै केही गर्छु भन्ने युवा मानसिक चिन्ता बोकेर विदेश उडिरहेका छन् ।

हाम्रो शिक्षा प्रणालीमा भएको एउटा त्रुटिले सिङ्गो देशलाई युवाविहीन मात्रै बनाउँदै छैन हरेक नेपाली युवालाई नेपालमा गरीखान केही छैन भन्ने सन्देश प्रवाह भएको छ । त्रुटि एक तर यसको प्रभाव अनेक भएका कारण नेपाली शिक्षा प्रणालीमा केही न केही सुधार गर्नुपर्ने आवश्यकता देखिन्छ । व्यवहारिक शिक्षा आजको अनिवार्य मात्रै होइन अपरिहार्य आवश्यकता भएको छ । यस सन्दर्भमा हाम्रो प्रयास भएको पाइदैन । **जति प्रयत्न त्यत्ती नै प्राप्ती** भन्ने मान्यतालाई आत्मसात् गरेर अघि बढ्ने बेला भएको छ । सरोकार पक्ष बिच छलफल र वहसद्वारा निष्कर्ष निकाल्न बिलम्व भै सकेको छ । युवालाई स्वदेशमै रोक्न युवामुखी विभिन्न कानुन तथा कार्यक्रम तर्जुमा गरेर तत्काल लागू गर्नुपर्ने देखिन्छ । युवावर्गको विदेश पलायनको मनोविज्ञान बुझेर अगाडि बढ्न नसके राज्यलाई कालान्तरमा ठूलो घाटा नहोला भन्न सकिन्न । यसका लागि केही महत्वपूर्ण कार्यहरु गर्नु पर्ने देखिन्छ ।

देशलाई समृद्धिको शिखरमा पुऱ्याउनका लागि उद्यमशीलता (Entrepreneurship) र स्वरोजगार (self employment) नै एक मात्र बलियो अस्त्र हो । उद्यमशीलता विकासका लागि व्यवहारिक शिक्षा प्रदान गर्नुपर्छ । हामीलाई हाम्रो माटो मलिलो बनाउने शिक्षा चाहिएको हो, हामीलाई हाम्रै गाउँबँसीमा काम लाग्ने सीप चाहिएको हो । हामीले शिक्षा प्रणालीमा व्यवहारिक शिक्षाको विकासका लागि केही महत्वपूर्ण विषयमा ध्यान दिनुपर्ने देखिन्छ ।

- **प्राविधिक र व्यावसायिक शिक्षामा जोड :** नेपालमा विभिन्न स्तरको प्राविधिक जनशक्ति उत्पादनका लागि भनेर सरकारले सीटीइभीटी सञ्चालन गरेको छ । त्यसअन्तर्गत कैयौँ शिक्षालय सञ्चालन पनि भइरहेका छन् । नेपालभरि नै एकै खालको पाठ्यक्रम लागू गरेर हामीले विद्यार्थीलाई एउटै आँखाले हेर्ने गरेका छौँ । पहाडी भूभागमा कृषि र वन पढ्ने विद्यार्थीका लागि र तराईमा पनि सोही विषय पढ्ने विद्यार्थीका लागि पढाउने कुरा एकै खालका छन् । हामीले प्राविधिक शिक्षा भनेर सञ्चालन त गऱ्यौं तर त्यो कति व्यवहारिक छ भनेर पछाडि फर्किएनौँ । प्राविधिक तथा व्यवसायिक शिक्षा प्रदान गरेर मात्रै हामीले चाहेजस्तो उत्पादन प्राप्त गर्न सक्दैनौँ । विशेष क्षेत्रका लागि विशिष्टिकृत गरेर नै हामीले कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ । यसका साथै विद्यालय तहदेखि नै विद्यार्थीलाई केही न केही काम गर्नुपर्ने खालका विषय समावेश गर्न सकियो भने उनीहरूमा काम गर्ने, सीप सिक्ने र सिकेको सीपबाट केही आर्थिक उपार्जन गर्ने बानीका विकास हुँदै जान्छ ।
- **शिक्षक तालिममा सुधार :** हाम्रो सिकाइ प्रणाली अहिले पनि परम्परागत ढङ्गले सञ्चालन भइरहेको छ । शिक्षक मात्रै जान्ने हुन् भन्ने खालको परम्परावादी सोचका कारण विद्यार्थीलाई सिकाइमा उत्प्रेरित गर्ने खालको वातावरण नै छैन । पाठ्यक्रममा भएका कुरालाई अन्तर्क्रियात्मक ढङ्गले विद्यार्थीलाई परियोजनाका माध्यमबाट सिकाउन सकियो भने उनीहरूमा सीप विकास हुने आधार तयार हुन्छ । विद्यार्थीलाई व्यवहारिक शिक्षा प्रदान गर्न शिक्षकलाई तालिम दिनुपर्छ । यसमा परियोजना-आधारित सिकाइ, समस्या समाधान, र आलोचनात्मक सोचमा सीप विकास गर्ने विषयलाई समावेश गरिएको हुन्छ । विद्यार्थीलाई हामीले विवेचनात्मक व्याख्या भन्दा पनि

परियोजनात्मक ढङ्गले विभिन्न विषय सिकाउनुपर्ने देखिन्छ । त्यसका लागि शिक्षक नै योग्य हुनु आवश्यक हुन्छ ।

- **स्रोतहरूमा पहुँच बढाउने :** नेपालका धेरै विद्यालयमा पाठ्यपुस्तक, कम्प्युटर र वैज्ञानिक उपकरणजस्ता स्रोतमा पहुँच छैन । आज पनि कम्प्युटरको रुप पनि नदेखेर कम्प्युटर शिक्षा पढ्ने विद्यार्थीको संख्या मनग्य छ । यसका साथै विद्यार्थीलाई व्यवहारिक सीप र ज्ञान प्राप्त गर्नका लागि चाहिने उपकरण र स्रोतको अभावमा केवल किताबी ज्ञान मात्रै विद्यार्थीले लिइरहेका छन् । कतिपय विद्यालयमा स्रोतको व्यवस्थापन भए पनि त्यसलाई प्रयोग र परिचालन गर्न सक्ने जनशक्तिको अभाव नै रहेको छ । यसरी व्यवहारिक ढङ्गले शिक्षा प्रदान गर्नका लागि आवश्यक स्रोत र साधनको व्यवस्थापनमा जोड दिनुपर्ने देखिन्छ । विद्यार्थीलाई फिल्डमा काम गर्न जग्गाको व्यवस्था पनि गर्नुपर्छ ।
- **उद्योगसँग सहकार्य बढाउने :** हामीले विद्यार्थीलाई व्यवहारिक शिक्षा प्रदान गरेर मात्रै पनि यसको विकास सम्भव हुँदैन । विद्यार्थीले सिकेको सीपलाई प्रयोग गर्न सक्ने गरी विभिन्न स्थानीय उद्योग तथा उद्यमीसँग सहकार्य बढाउनुपर्ने देखिन्छ । विद्यार्थीले सिकेको कुरा व्यवहारिक रूपमा लागु गर्न पाए भने त्यसले उनीहरूलाई परिपक्व बनाउँदै लैजान्छ । विद्यार्थीलाई व्यवहारिक अनुभव प्राप्त गर्न मद्दत गर्न विद्यालय र उद्योगबीच थप सहकार्यको आवश्यकता छ । यो इन्टर्नसीप, प्रशिक्षक, र अन द जब प्रशिक्षण कार्यक्रममार्फत पनि गर्न सकिन्छ ।
- **उद्यमशीलतालाई प्रोत्साहन :** हामीले उद्यमशीलताको विकास गर्न सक्यौं भने मात्रै उनीहरूले नेपालमै केही गर्ने सपना देख्न थाल्छन् । सरकारले नै नीतिगत पहल गरेर देशमा उद्यमशीलता संस्कृतिलाई बढावा दिनुपर्ने आवश्यकता देखिन्छ । विद्यार्थीले सीप सिकेकै आधारमा आफूलाई उद्यमशीलतातर्फ लैजान सक्ने अवस्था देखिँदैन । सरकारले नै सहुलियत ऋण, अनुदान या अन्य कुनै माध्यमबाट उद्यमशीलता प्रवर्द्धनमा जोड दिनुपर्ने देखिन्छ । उद्यमशीलता बिना व्यवहारिक शिक्षाको महत्व नै शून्य हुने गर्छ । यसरी उद्यमशीलताको विकासका लागि हामीले नै विशेष ध्यान दिनुपर्ने अहिलेको आवश्यकता हो ।

युवा भने र उमेरलाई मात्र हेरिनु हुदैन । युवाहरु झण्डै १६ देखि २४ वर्षमा सीप विकास गर्ने,सपना र आकांक्षा साँध्ने र २५ देखि ४० वर्षमा व्यवसायिक रुपान्तरणको उमेर मानिन्छ । वास्तवमा युवा भनेको उमेर र अवस्थाका कुरा होइन एउटा विशेष गुण हो । तसर्थ एउटा नेपाली युवाले जबसम्म देशमै केही गर्न सक्छु भन्ने आँट देखाउँदैन तबसम्म देश परिवर्तन हुन सक्दैन । हामीकहाँ भएको व्यवहारिक शिक्षालाई हामीले कार्यान्वयनमा ल्याउनका लागि योजना बनाउनुपर्ने हुन्छ । हामीसँग सीप भएर मात्रै हुँदैन त्यसलाई परिचालन गर्नका लागि सरकारले पनि भूमिका निर्वाह गर्नुपर्ने हुन्छ । परम्परागत शैलीको अव्यवहारिक शिक्षाले मात्रै हामीले खोजेजस्तो नतिजा ल्याउन सकिदैन ।

# शुभकामना

जनज्योति क्याम्पसको १६औं वार्षिकोत्सवको पावन अवसरमा प्रकाशन हुन लागेको '**ज्योतिपुञ्ज**' स्मारिकाको पूर्ण सफलताको कामना गर्दै क्याम्पसको उत्तरोत्तर प्रगतिको **शुभकामना** व्यक्त गर्दछु ।

**प्रो. राजन नेपाली**

# भिमाद अफसेट प्रेस

भिमाद न.पा.-६, क्याम्पसरोड, तनहुँ

फोन नं.: ०६५-५७२२५०, ९८५६०१५६०१, ९८४४८४४८४४







# सिद्ध स्टेशनरी



छपाई सम्बन्धी सम्पूर्ण काम गरिनुको साथै खेलकुद तथा स्टेशनरीको सम्पूर्ण साम्राागी पाईन्छ ।



# कसरी रोक्न सकिएला युवा पलायन ?

महत्वाकाङ्क्षा, आवश्यकता र बाध्यता

**दीपक भट्टराई**
**उप-प्राध्यापक**

भनिन्छ नि युवा देशका मेरुदण्ड हुन् अनि भरोसा पनि । देश विकास गर्ने मुख्य जनशक्ति भनेकै जोश, जाँगर, ज्ञान, सीप र सिर्जनशिलता भएका युवाहरु हुन् । कुनै पनि देशको विकासको संवाहकको रुपमा समेत युवालाई लिने गरिन्छ । सामाजिक, आर्थिक, राजनैतिक र सांस्कृतिक रुपान्तरण तथा परिवर्तनका प्रमुख आधारशिला नै युवा शक्ति हुन् । परिवर्तनका लागि उत्कट चाहना र दृढ ईच्छाशक्ति, आत्मविश्वास र उच्च महत्वाकांक्षाका कारण समेत युवा वर्गलाई राष्ट्र विकासको प्रमुख आधारको रुपमा लिने गरिन्छ । यसरी राष्ट्र निर्माणको मुख्य स्रोतको रुपमा रहेका युवा शक्तिको समुचित परिचालन हुन नसक्दा र मुठ्ठीभर व्यक्तिहरुका विच राजनैतिक र शासकीय विषयमा तालमेल नमिल्दा प्राकृतिक सौन्दर्यताले भरिपूर्ण, सांस्कृतिक विविधतायुक्त, ऐतिहाँसिक वैभव र अपार सम्भावना बोकेको हाम्रो देश नेपालले समयानुकूल विकासको गतिलाई पछ्याउन सकिरहेको छैन भने तिनै विकासका संवाहक युवा जनशक्तिलाई सहि ढङ्गबाट परिचालन गर्न स्पष्ट खाका वा दृष्टिकोण बनाउन नसक्दा पनि आज आम युवाको वाध्यात्मक रोजाइमा वैदेशिक रोजगारी पर्ने गरेको छ अर्थात् यिनै युवा अहिले अकल्पनीय रुपले विदेश पलायन हुँदै गएको कटु यथार्थ हाम्रा सामु छर्लङ्ग छ । तसर्थ युवाको विदेश पलायन सिङ्गो राष्ट्रको निम्ति चुनौतीपूर्ण वनेको छ ।

## युवा लक्षित व्यवस्था

नेपाल सरकारले आफ्नो १५ औ योजना (आर्थिक वर्ष २०७६/७७ -२०८०/८१) मार्फत रोजगारीलाई व्यवस्थित गराउने सन्दर्भमा देशका सवै नागरिकलाई मर्यादित उत्पादनशिल तथा उत्थानशील रोजगारी उपलब्ध गराउने सोच तथा उत्पादनशील क्षेत्रमा रोजगारी अभिवृद्धि गरी बेरोजगारी दर तथा श्रमको अल्प उपयोगमा उल्लेख्य कमी ल्याउने लक्ष्य राखेको छ । त्यसैगरी सरकारले देशभित्रै उत्पादनशील र मर्यादित र रोजगारीका अवसर विस्तार गर्ने लक्ष्य तथा वैदेशिक रोजगारीलाई सुरक्षित मर्यादित र व्यवस्थित गर्ने उद्देश्य राखेको छ ।

उल्लेखित लक्ष्य तथा उद्देश्य हाँसिल गर्ने सन्दर्भमा स्थानीय तहदेखि नै रोजगार कार्यक्रमलाई विस्तार गरी न्युनतम रोजगारीको प्रत्याभुति गराउने तीन तहका सरकार विच रोजगार सिर्जना र श्रम शक्तिको व्यवस्थापनमा प्रभावकारी समन्वय गर्ने, वैदेशिक रोजगारीलाई सुरक्षित, शोषणमुक्त, मर्यादित र अधिकतम फलदायी बनाउने रोजगारी कार्यको नियमन गर्न अधिकार सम्पन्न उच्चस्तरीय राष्ट्रिय रोजगार प्राधिकरण गठन गर्ने रणनीति समेत अवलम्वन गरेको छ । त्यसैगरी नेपालको संविधान २०७२ ले समेत रोजगारी र श्रमसम्वन्धी हकलाई मौलिक हकको रुपमा स्थापित गर्नुका साथै दक्ष र व्यवसायिक श्रमशक्तिको विकास गर्ने श्रमिक र उद्यमीविच सुमधुर सम्वन्ध कायम गर्ने वैदेशिक रोजगारवाट आर्जित पुँजी, सीप, प्रविधि र अनुभवलाई स्वदेशमा उपयोग गर्ने र सवैका लागि मर्यादित कामको अवसर सुनिश्चित गर्ने नीति लिएको छ । यद्यपि पुर्ण कार्यन्वयन हुन सकिरहेको छैन ।

खासगरी युवाको सवालमा कुरा गर्दा युवा लक्षित र राष्ट्र विकासका आधारशिलाका रुपमा रहेका क्षेत्रहरु पहिचान गरी विभिन्न ५ वटा आधार स्तम्भहरु समेत तयार गरिएका छन् जुन क्षेत्रहरु युवाको

चौतर्फी विकास र देशको समृद्धि अनि समुन्नति सँग पनि जोडिएका छन् ।

**राष्ट्र विकासका आधारशिला**

- **१. गुणस्तरीय र व्यावसायिक शिक्षा**
- **२. रोजगारी, उद्यमशिलता र सीप विकास**
- **३. स्वास्थ्य र सामाजिक सुरक्षा**
- **४. युवा परिचालन, सहभागिता र नेतृत्व विकास**
- **५. खेलकुँद र मनोरञ्जन**

**आजको यथार्थ**

कुनै पनि देशको विकास र समृद्धिको आधार युवाशक्ति नै हुन् यसमा दुइमत छैन तरपनि आज तिनै युवा आफ्नो र परिवारको सुनौलो भविष्यको सुनिश्चितताका निम्ति दिनहुँ सयौंको संख्यामा एउटा हातमा पासपोर्ट र अर्को हातमा झोला वोकेर आफ्ना प्राण भन्दा प्यारा वावुआमा, इष्टमित्र साथीभाई अनि मातृभूमिलाई छोडेर अनिश्चित गन्तब्यतर्फ लामवद्ध हुनुपरेको तितो यथार्थ हाम्रासामु छर्लङ्ग छ ।

एउटा युवा देशमा नै केही गर्छु भन्ने हुटहुटी मनमा पालेर संघर्ष गर्दै पढाई पुरा गर्दै अनि आफ्नो योग्यता अनुसारको काम गर्न खोज्छ भौतारिन्छ चाकरी गर्छ र पनि असफल हुन्छ अनि जिन्दगी देखि हार मान्दै वैकल्पिक बाटो तय गर्छ । त्यो हो वैदेशिक रोजगारी ।

युवाहरु किन विदेश पलायन भइरहेका छन् ? यसको दीर्घकालिन समाधान के हुन सक्छ ? यी र यस्ता विषयमा नेपाल सरकारले धेरै नै वकालत गर्छ, सरोकारवालाहरु चर्का-चर्का भाषण पनि गर्छन् तरपनि समस्याको दीर्घकालिन समाधान र व्यवस्थापनमा गम्भीर भएर सोच्न सकिरहेको छैन । परिणामस्वरुप लाखौं उर्जाशील युवा जनशक्ति दिन दुगुना- रात चौगुना काठमाण्डौको त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलबाट छिट्टै आफ्ना सपना साकार हुने आशामा सप्तरंगी फूलको माला र खादा पहिरिएर भारी मन अनि आँखाभरी आँशु पार्दै वृद्ध बाबुआमालाई छाडेर विदेशिन वाध्य छन् वा पलायन भएका छन् जुन अत्यन्तै हृदयविदारक र कारुणिक छ ।

भर्खरै सम्पन्न त्रिभूवन विश्वविद्यालयको ४९ औं दिक्षान्त समारोह दिक्षितहरुको भौतिक उपस्थितिका हिसावले विश्वका सवै विश्वविद्यालय भन्दा बढि उपस्थिति भएर किर्तिमान कायम गर्न सफल दिक्षान्त समारोह भएको भनेर प्रायः सवै मिडियाको हेडलाइनको रुपमा प्रकाशन, प्रसारण भयो तर ती दिक्षित युवाहरुको ज्ञान, सीप र दक्षताको अधिकतम उपयोग गरी राष्ट्र विकासमा कसरी लगाउन सकिन्छ ? उत्पादनसँग कसरी जोड्न सकिन्छ भन्नेतर्फ सम्वन्धित निकाय जिम्मेवार बन्नुपर्ने होइन र ? कि ठुलै सफलता हाँसिल गरेझैं **"पासपोर्टको फारम भर्न लामवद्ध युवाहरुलाई सहज हुनेगरी टोकन बाँड्न सफल राहदानी विभाग"** भन्ने जस्ता समाचार पटक-पटक सुन्नुपर्ने हो ? यी र यस्तै हुन् आजका आम सवाल अनि कटु यथार्थ ।

**यसको दुरगामी असर**

युवाहरुको विदेश पलायनको अझ डरलाग्दो पक्ष भनेको शिक्षित जनशक्तिको पलायन (Brain Drain) हो । कुनै पनि देशको भविष्यको आधार मानिने युवाहरु पढ्ने वाहनामा विदेश गएर उतै पलायन हुने प्रवृत्तिले जतातत‌ै असर गर्न थालेको छ । कुनै समय अध्ययन गर्नका लागि अत्यन्तै प्रतिस्पर्धा हुने विश्वविद्यालय र क्याम्पसहरुमा अहिले न्युनतम कोटा समेत पूरा हुन हम्मेहम्मे पर्नु, ग्रामिण क्षेत्रका सर्वसाधारणलाई सर्वसुलभ ढंगले गुणस्तरीय उच्च शिक्षा प्रदान गर्न स्थापित अधिकांश सामुदायिक क्याम्पसहरु रित्तिदै जानु तर माध्यामिक तह पूरा गरेपछि युवाहरु स्वदेशमै उच्च शिक्षा लिनुको सट्टा विदेश जाने मोह बढ्न गइ विभिन्न भाषा सिकाउने केन्द्रहरु भरिभराउ हुन थाल्नुले पनि हाम्रो शिक्षित युवा जनशक्तिको पलायनलाई छर्लङ्ग पारेको छ । आफ्नै देशमा सम्भावना र भविष्य देख्ने युवा निकै न्यून मात्रामा रहेका छन् र उनीहरुले देशमा जे गरिरहेका छन् त्यो पनि सम्मानजनक ढङ्गबाट गर्न सकिरहेका छैनन् र उनीहरु पनि विदेश पुगेका साथीसङ्गीको जीवनशैलीबाट मोहित भएर नेपालको सम्भावनालाई समेत त्याग्ने मनस्थितिमा पुगेको देखिन्छ । यसरी हेर्दा नेपालमा शिक्षित युवा जनशक्ति पलायनको अवस्था निकै विकराल छ । नेपालमा विगतको भन्दा शिक्षाको अवस्था पक्कै पनि सुधारिएको छ त्यति मात्र होइन कि सम्भावनाहरु समेत बढेर गएका छन् तरपनि उज्यालो भविष्य विदेशमा नै देख्ने क्रम घट्नुको सट्टा वढिरहेको छ । जसको कारण राज्यलाई दीर्घकालिन असर पर्ने निश्चित छ ।

**किन यतिधेरै बढ्यो विदेश मोह ?**

स्वदेशमा नै केही गर्छु भनेर बसेको जनशक्तिलाई वजारले उपयुक्त अवसर दिन नसक्नु, शिक्षित बेरोजगारीको सँख्या डरलाग्दोसँग उकालो लाग्दा समेत उचित विकल्प नहुनु, श्रमको उचित सम्मान तथा आत्मसम्मानका साथ काम गर्ने वातावरण नहुनु, उत्पादित वस्तुको व्यवस्थित बजारीकरण नहुनु, देशमै केही गरौं भन्ने युवाले आफ्नो भविष्यको सुनिश्चितता नदेख्नु, आफ्नो क्षमता, खुबी र दक्षता अनुसारको काम गर्ने वातावरण सिर्जना नहुनु, काम गरेपनि सम्मानजनक जीवन यापनमा कठिनाइ हुनु, राम्रालाई भन्दा हाम्रालाई प्राथमिकता दिनु, नेपालमा केहीपनि हुदैंन, सबै कुरा बिग्रियो, नेताले सबथोक बिगारे भन्ने जस्ता जवरजस्त भाष्य स्थापित हुँदै जानु, सङ्क्रमणकालिन राजनैतिक तथा प्रशासनिक अवस्था, पर्याप्त रोजगारीको अभाव, विदेशी संस्कृतिको जवरजस्त प्रभाव, व्यावसायिक सीप र प्रविधिमा न्यून पहुँच, युवा मैत्री लगानी, उद्यमशील वातावरणको अभाव, क्षेत्रीय तथा जातीय विभेद, राष्ट्र-राष्ट्रियता र वर्तमान शासन व्यवस्थाप्रतिको अविश्वासले गर्दा नै युवाहरुमा विदेश मोह बढेर गएको छ ।

त्यसैगरी हिजोका दिनमा जुन किसिमको जनशक्ति उत्पादन गरियो त्यो जनशक्ति नेपाली श्रम बजारको लागि आवश्यक जनशक्ति थियो त ? सरकारले नेपाली श्रम वजारको आवश्यकतालाई आँकलन नगरी हचुवाको भरमा शैक्षिक कार्यक्रम सञ्चालन गरेकोले समेत युवा जनशक्ति पलायन वढ्दै गएको छ ।

हुनत सबै नीतिहरुको मूल नीतिको रुपमा राजनीतिलाई लिने गरिन्छ तथापि हाम्रो देशको सन्दर्भको कुरा गर्दा राजनीतिप्रति युवाहरुको वितृष्णा बढ्दै गइरहेको देखिन्छ तरपनि गत स्थानीय, प्रदेश सभा र संघीय निर्वाचनमा युवाहरुको उपस्थिति र मत परिणामलाई आधार मान्ने हो भने युवाहरुको दलगत वा अन्य प्रतिनिधित्व चित्तवुझ्दो वा सकारात्मक नै देखिन्छ तरपनि दलीय एवम् सांगठानिक संरचनाको कारण युवाहरुले आफ्नो स्व-विवेकीय क्षमता अर्थात् हस्तक्षेपकारी भूमिका प्रदर्शन सकिरहेको अवस्था

छैन सोहि कारण पनि युवाहरुको राजनीतिप्रतिको उदासिनता र विदेश मोह बढ्दै गइरहेको छ ।

**कसरी रोक्ने विदेश पलायन ?**

- उत्पादनशील क्षेत्रमा रोजगारीका अवसर सिर्जना गर्ने,
- अनौपचारिक क्षेत्रको रोजगारीलाई औपचारिक क्षेत्रको दायरामा ल्याउने,
- श्रम क्षेत्रको निरीक्षण र नियमनलाई व्यवस्थित र प्रभावकारी वनाउने,
- नेपाली श्रम वजारको आवश्यकतालाई अध्ययन गरेर सोही खालका प्राविधिक विषय सञ्चालन गर्ने,
- ग्रामिण क्षेत्रको विकासलाई जोड दिदैं ग्रामिण क्षेत्रलाई व्यावसाय र उत्पादनसँग जोड्ने
- व्यावसायिक र रोजगारमूलक शिक्षामा विशेष जोड दिने,
- सिक्दै-कमाउदै *(Learn & Earn)* कार्यक्रमलाई प्रभावकारी वनाउने,
- उद्यमशिलतामा विशेष जोड दिने,
- श्रमको उत्पादकत्व वृद्धि गरी आर्थिक विकासको सम्भावनालाई फराकिलो वनाउने,
- वैदेशिक रोजगारीबाट प्राप्त पूँजी, प्रविधि, ज्ञान र सीपलाई उत्पादनशील क्षेत्रमा उपयोग गरी आर्थिक गतिविधिलाई थप मजवुत बनाउने तर्फ ध्यान दिने हो भने राष्ट्रप्रति केहि हदसम्म विश्वासिलो वातावरण बन्न गई युवा पलायनलाई कम गर्न सकिन्छ ।

अन्त्यमा, **"कालो वादल माथि चाँदीको घेरा"** भनेजस्तै पछिल्लो समयमा युवाहरुमा स्वदेशमै केही गर्नुपर्छ भन्ने भावनाको विकास पनि नभएको होइन जुन देशका लागि अत्यन्तै सकारात्मक कुरा हो । यस किसिमको भावनालाई सम्वोधन हुने गरी युवा जनशक्तिको विदेश पलायनलाई स्थायी व्यवस्थापन गर्नका लागि सरकारले दुरगामी योजना ल्याउनु अति नै आवश्यक छ । त्यस्तै सरकारले युवाहरुले वैदेशिक रोजगारीमा गएर आर्जन गरेको ज्ञान, सीप, प्रविधि र पूँजीलाई स्वदेश फिर्ता गराउने स्पष्ट दृष्टिकोण सहितको ठोस नीति र त्यसको कार्यान्वयन गराई विश्वासिलो वातावरण तयार गर्न सक्ने हो भने यसलाई अपार संभावनाको रुपमा समेत लिन सकिन्छ मात्र यसको लागि नेतृत्वमा इच्छाशक्ति, दूरदृष्टि, दृढ विश्वास, संकल्प अनि प्रतिवद्धताको जरुरत पर्दछ ।

# शुभकामना

जनज्योति क्याम्पसको १६औं वार्षिकोत्सवको पावन अवसरमा प्रकाशन हुन लागेको **'ज्योतिपुञ्ज'** स्मारिकाको पूर्ण सफलताको कामना गर्दै क्याम्पसको उत्तरोत्तर प्रगतिको **शुभकामना** व्यक्त गर्दछौं ।

अध्यक्ष
निरोज खनाल

## श्री सिद्ध बहुउद्देश्यीय सहकारी संस्था लि.

## Siddha Saving Multipurpose Co-operative Society Ltd.

**भिमाद न.पा.-६, क्याम्पस रोड, तनहुँ, फोन : ०६५-४७२२२३, फ्याक्स : ०६५-५७२२२४**
**सदस्य सेवा केन्द्र भिमाद न.पा.-६, ठाडो लाईन फोन नं.: ०६५-५७२४२३ फ्याक्स : ०६५-५७२२४२**

### हाम्रो सेवा

### कर्जाको किसिम

- व्यापार व्यक्तिगत कर्जा
- शैक्षिक कर्जा
- औद्योगिक कर्जा
- कृषि कर्जा
- हायर पर्चेज कर्जा
- बैदेशिक रोजगारी कर्जा
- आवास कर्जा
- विविध कर्जा

### बचतको किसिमहरू

- साधारण बचत
- दैनिक बचत
- शेयरधनी बचत
- बाल बचत
- सिद्ध विशेष बचत
- सिद्ध सुनैलो भविष्य बचत
- सिद्ध नारी बचत

**विदेशबाट पठाएको रकम भिक्न तथा नेपाल अधिराज्यभर छिटो र छरितो पैसा पठाउन र पाउनको लागि हामिलाई सम्झनुहोस्**

WESTERN UNION MONEY TRANSFER · IME International Money Express · Prabhu Money Transfer · himal remit · Siddhartha Remit · Reliable Remit · XPRESS MONEY · MoneyGram money transfer · CITY EXPRESS MONEY TRANSFER · Laxmi Bank Express Money Transfer · सूर्योदय REMIT

# शुभकामना

जनज्योति क्याम्पसको १६औं वार्षिकोत्सवको पावन अवसरमा प्रकाशन हुन लागेको **'ज्योतिपुञ्ज'** स्मारिकाको पूर्ण सफलताको कामना गर्दै क्याम्पसको उत्तरोत्तर प्रगतिको **शुभकामना** व्यक्त गर्दछौं ।

प्रबन्धक
किशोर पोखेल

अध्यक्ष
चित्र बहादुर राना

**पान नं : ६००५०८७८२**

**दर्ता नं : ६१२/०६८/०६९**

# सहयोगी
## बचत तथा ऋण सहकारी संस्था लि.
SAHAYOGI SAVING & CREDIT CO-OPERATIVE SOCIETY LTD.

**भिमाद न.पा ६ मालेबगर तनहुँ**

Email : sahayogicooperative@yahoo.com
**फोन नं : ०६५-५७२४१०,४११**

**"सहयोगी बचत तथा ऋण सहकारी नै किन ?"**
**"बचतमा आकर्षक ब्याज र सरल कर्जा"**
**" बचतको उद्देश्य, भोली को भविष्य "**



# कटु यथार्थ (लघुकथा)

**लक्ष्मी श्रेष्ठ**
**उप-प्राध्यापक**

केही समय अगाडिको कुरा हो । ऊ त्यति बेला किशोर अवस्थाकै थियो । भारी बोकेर गुजारा गर्ने उसको बुबाले रातमा डराई-डराई "अब श्री ३ को सरकार जान्छ र 'रामराज्य' आउँछ" भनेको उसले सुन्ने गरेको थियो । 'श्री ३' र 'श्री ५' भनेको के हो भन्ने नबुझे पनि 'रामराज्य' मा भने उसको विशेष ध्यान थियो । काला अक्षर भैंसी बराबर भएपनि गाउँमै सुनेको रामायणको कथाको आधारमा उसले सो 'रामराज्य' आएपछि सबैले सुख पाउनेमा ढुक्क थियो ।

जनता सचेत भए, आन्दोलन भयो, श्री ३ फालिए र प्रजातन्त्र पनि आयो तर अचानक केही समयमै उसको बुबाको मृत्यु भएकोले सुख र रामराज्य चाहिँ होइन, बुबाको डोको र नाम्लो भने उसको थाप्लोमा आयो । जीवन गुजारा गर्न अर्को कुनै उपाय र सहारा नभएकोले उसले पनि बुबाकै जस्तो भारी बोक्ने काम सुरु गऱ्यो ।

उसले दशकौं भारी बोकेपछि देशमा फेरि निकै हलचल भएको अनुमान उसले लगायो । ठुला-ठुला कुरा नबुझे पनि यस पाला भने देशमा असली प्रजातन्त्र आउँछ रे अनि सबैले सुखपूर्वक बाँच्न पाउँछन् रे भन्नेसम्म उसले पनि बुझ्यो । राजनैतिक वृत्त र उपल्लो तहमा के कस्ता परिवर्तन भए उसले भेउसम्म पनि पाएन । तर गाउँकै नेताहरूले "'अब तिमीहरू सबै सही अर्थमा स्वतन्त्र भएका छौ" भनेको उसले पनि सुन्यो ।

दोस्रोपल्ट 'स्वतन्त्र' हुँदासम्म उसको शरीर कमजोर भइसकेको थियो । स्वतन्त्रताको फल ऊ सम्म नआए पनि समय-क्रमसँगै उसको थाप्लोको नाम्लो र भारी भने उसकै छोराको थाप्लोमा सरिसकेको थियो । यस बीचमा न गाउँमा कुनै कल-कारखाना खुले, न बिजुली पुग्यो न बाटो नै बने भएका केही पनि कुनै जिर्ण बने कुनै बन्द भए । त्यसो त बाटो बनेर गाडीले सामान ओसार-पसार गर्न थाले आफ्नो व्यवसाय चौपट हुन्छ भनेर उसका दौंतरीहरू बीच कहिलेकाहीँ कुराकानी पनि हुने गर्थ्यो ।

उसको छोराले भारी बोक्न थालेको केही वर्ष पछि देशमा फेरि परिवर्तनका आवाजहरु उठ्न थाले । हदैसम्मको चर्काचर्की र जोडतोडमा कहाँ-कहाँ, के-कस्ता छलफल, लेनदेन र बाँडफाँडमा कुरा भए उसले बुझेन तर गाउँको चौतारीमा घाम ताप्दै गर्दा उसले फेरि गाउँका नवनेताहरुले "अब भने हामीहरु साँचो अर्थमा देशका नागरिक भयौं र अब हाम्रा कुनै मालिक छैनन्, हामी नै देशका मालिक भयौं, जनता अब सम्प्रभुसत्ता सम्पन्न भए" भनेको सुन्यो ।.यो स्वतन्त्र, देशका नागरिक, देशका मालिक, सुख आदि सुन्दै आएका गरिबहरु साँचो अर्थमा सुख र सन्तोषको स्वास फेर्न सक्ने अवस्था सिर्जना हुने कुरा आकाशको फल आँखा तरी मर भनेजस्तै भइसकेको आभास उसलाई भयो ।

ऊ चौतारीबाट जुरुक्क उठ्यो र कुलदेवी थानमा पुग्यो । फाटेको चप्पल भएपनि त्यसलाई फुकालेरै कुलदेवीको अगाडि लम्पसार पऱ्यो र निन्याउरो मुख लगाएर मनमनै देवीसँग पुकारा गर्न लाग्यो-"हे माता ! रामराज्य, प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्र केही चाहिएको छैन तर मेरो पुर्पुरोको नाम्लो र भारी मेरो नातिले भने व्यहोर्न नपरोस् ।"

# हार्दिक शुभकामना

जनज्योति क्याम्पसको १६औं वार्षिकोत्सवको पावन अवसरमा प्रकाशन हुन लागेको **'ज्योतिपुञ्ज'** स्मारिकाको पूर्ण सफलताको कामना गर्दै क्याम्पसको उत्तरोत्तर प्रगतिको **शुभकामना** व्यक्त गर्दछौं ।

**अध्यक्ष**

**ऋषिराम राना**

मो.: ९८५६०३०७१६

**एवम्**

**भिमाद खानेपानी तथा सरसफाई उपभोक्ता समिति, भिमाद, तनहूँ**

फोन नं. : ०६५-५७२०६६



# विकासमा युवा

**नारायण मर्सेनी**
**सहायक प्राध्यापक**

कुनैपनि देश कति सम्पन्न र शक्तिशाली छ भन्ने कुरा त्यो देशको विकासको गति रेखाले निर्धारण गर्छ । यदी विकासको गति सुस्त छ भने त्यो देशले सम्पन्नताको शिखर चुम्न सक्दैन वरु गरिवी, अभाव, अशान्ति, युद्ध, भोकमरी, अशिक्षा, रोगव्याधि अनेक कष्ट झेलिरहेको हुन्छ । यदि विकासको गति तिव्र छ भने सजिलै सुख, शान्ति, समृद्धि छाउँछ । देशका नागरिक सधै हाँसी, खुसी, मिलनसार, स्वस्थ, सक्षम, सवल, सिपयुक्त हुन्छन । चारैतिर विकास र समृद्धिको ढोका कसरी खुल्छ त ? विकासको मुलस्रोत कहाँबाट आउँछ ? विकसित देशका इतिहासका पाना पल्टाउँदै जाने हो भने युवा शक्ति नै देशको विकास र समृद्धिको मुहान हुन भन्ने पुष्टि हुन्छ ।

राष्ट्रका निम्ति गतिशील युवाहरूमा पहाड फोरेर हिरा निकाल्ने तथा समुन्द्रको गहिराइमा पुगेर मोती टिप्ने मात्र होइन आकाशका तारा ग्रह, उपग्रहको समेत विशेष अध्ययन गर्ने सामार्थ्य हुनुपर्दछ । तर हाम्रो देशका युवाहरू आफ्नो देशमा भएका सम्भावनालाई चटक्क बिर्सेर विदेशमा पैसाको बाढी आउँछ कि भन्ने आस लिएर बिदेसिएका हुन्छन् । घरमा आमा, बुबा, श्रीमती अनि छोराछोरीका सपनाहरू केवल सपनामा मै सीमित हुन्छन् । यदि बिदेसिएका सबै युवाहरूले स्वदेशमै बसेर केही काम गर्ने हो भने पक्कै पनि हाम्रो देशको उन्नति हुन धेरै टाढा छैन ।

विकास एक निरन्तर चलिरहने प्रक्रिया हो, जसले देशको सामाजिक, आर्थिक, भौतिक र वातावरणीय अवस्थालाई सकारात्मक तरिकाले परिवर्तन गरिरहेको हुन्छ । सामान्यतया विकासलाई कुनै पनि समुदायको र त्यहाँका नागरिकहरुको जीवनमा आईपर्ने समस्याहरुलाई हल गर्दै नागरिकहरुको जीवनमा आउने सकारात्मक परिवर्तनका रुपमा व्याख्या गर्ने गरिन्छ तर, परिवर्तन सहज छैन् । वास्तविक परिवर्तनका लागि समुदायका सबै तहका वर्ग र समूहको समान सहभागिताको आवश्यकता पर्दछ । त्यसमध्ये पनि माथि उल्लेख गरिएझैं सबैभन्दा उर्जाशील र परिवर्तनको चाहा राख्ने युवावर्गको सहभागिता अत्यन्तै महत्वपूर्ण हुन्छ ।

समाजशास्त्रीय दृष्टिकोणबाट हेर्दा मानिसमा मुख्यतयाः दुई प्रकारका गुण हुन्छन् । एक सिर्जनशीलता, अर्को निष्ठा । हरेक व्यक्तिमा कुनै न कुनै सीप हुन्छ, ज्ञान हुन्छ अनि तत्परता हुन्छ ।

विश्व परिचित विकासका विज्ञ लुवा रहिलका अनुसार व्यक्तिगत विकास यस्तो विकास हो त्यो जहाँ, जतिबेला र जुनसुकै स्थानमा आवश्यक हुन्छ । उहाँको यो भनाइ मानवताको निम्ति अपरिहार्य छ । सिर्जनशीलतालाई आत्मसात् गर्ने व्यक्तिले केही न केही गर्ने गर्छ । केही आफ्ना लागि त केही समाजको लागि गर्छन् । यदि उसले सिर्जनशीलतालाई आत्मसात् गर्न सकेन भने प्रगतिको बाटोबाट सधैंका लागि टाढा रहन्छ । वरिष्ठ मनोविज्ञ जोन.आर.एन्डोर्सनका अनुसार मनोविज्ञान बुझ्नका लागि समाज बुझ्नु जरुरी हुन्छ । जो त्यसमा गहिरिएर अध्ययन गर्छ, घुलमेल हुन्छ, त्यसले मात्र समाजको अन्तर रूपको छतछाँया बुझेको हुन्छ । त्यसैले युवालाई सिर्जनशिलतासँग यसरी जोड्न सकिन्छ ।

**विश्वमा युवा**

विश्वको सबैभन्दा कान्छो राष्ट्रप्रमुख अस्ट्रियाका चान्सलर ३१ वर्षका छन् । आफ्नो देशमा उनले

चामत्कारिक विकास गरेका छन्। युगान्डाकी प्रोस्कोभिया ओरोमाइट १९ वर्षकी हुँदा संसद् निर्वाचित भइन्। उनी संसारकै कान्छी सांसद बनिन्। ब्रिटिस स्कटमूलकी म्हाहारी ब्ल्याकले २० वर्षमै सांसद पद हात पारिन्। त्यस्तै, फ्रान्समा ३९ वर्षका युवा नेता इबम्यानुएल म्याक्रोन राष्ट्रपति बने। फिनल्यान्डमा स-नाना मरिन ३४ वर्षको उमेरमा प्रधानमन्त्री निर्वाचित भइन्। यस्ता युवाहरूले देश हाकिराखेका छन्। नेपालमा जंगबहादुर राणा २९ वर्षको उमेरमा मुलुकको प्रधानमन्त्री भए र राज्यसत्ताको बागडोर सम्हाले। त्यसको मुख्य कारण थियो, उनको जोश र देशप्रतिको बफादारिता। बीपी कोइराला ४५ वर्षको उमेरमा प्रधानमन्त्री भए। त्यसपछि मुलुकमा युवाशक्ति राज्यको नेतृत्वदायी भूमिकामा आउन सकेको छैन्। मुलुकको वर्तमान परिवेश हेर्ने हो भने ठीक उल्टो जस्तो देखिन्छ। एउटा उखान छ, *"युवा जति खाडीमा, बुढा नेता गाडीमा"* वृद्धा जतिले नै राज्यको बागडोर सम्हाली रहेका छन्। त्यसैले विश्वका नमुनालाई आधार मानी नेपालमा युवालाई राज्यको बागडोर तिर प्रेरित गर्दा उपयुक्त होला कि !

जुन देशले युवालाई आफ्नो मुलुकको विकासमा उपयोग गर्छ। त्यस देशले आर्थिक र सामाजिक विकासमा फड्को मार्छ। उदाहरणका रूपमा क्यानडा, डेनमार्क, नर्वे, फिनल्यान्ड, न्युजिल्यान्डलाई लिन सकिन्छ। यी देशले युवाहरूलाई विकासका गतिविधिमा सहभागी गराई समृद्धिको शिखर चुमेका छन। ती देशलाई उन्नतिको शिखरमा डोऱ्याउन युवाको योगदान छ। श्रम र पसिना बगेको छ। युवाको उपस्थितिले राजनीतिक स्थितिमात्र होइन सामाजिक पुरातनवादी मनोवृत्तिमा पनि परिवर्तन गर्न सक्छन्। युवाहरूलाई सोही तरिकाबाट जिम्मेवारी र प्रोत्साहन गर्दा नेतृत्व गर्ने तत्परता, क्रियाशीलता र सहभागिताले देशको मुहार फेरिनमा नयाँ आयाम दिन सक्छ। सामाजिक, रूपान्तरण र समतामूलक समाज निर्माणका लागि युवाको ऊर्जालाई जोड्नै पर्छ। माथिका तथ्यलाई हेर्दा, यो मुलुकको हित र समृद्धिका लागि राज्यको नीति निर्माण र नेतृत्व तहमा ऊर्जा भएका, ज्ञान र सीप भएका युवाको समान अनि अर्थपूर्ण सहभागिता आवश्यक छ।

कर्म र भक्ति गर्ने दुवै थरीका मानिसहरू हाम्रो समाजमा छन्। जहाँ बहुभाषिक, बहु सांस्कृतिक र बहुजातीय विविधतायुक्त छ। समाजले भएको विविधतायुक्त ज्ञान, फरक भाषा, धर्म, कला, संस्कृति, परम्परा तथा रीतिरिवाजलाई जोगाउन सबैको एकताबद्ध प्रयास आवश्यक छ। अनि, मात्र राज्यको समग्र मुहार फेरिन सक्छ। कार्ययोजना बनाई युवा संग भएको ज्ञानलाई ऊर्जामा मोडौं। आधुनिक प्रविधिलाई मौलिक र स्थानीय ज्ञानसँग जोड्दै आवश्यकताअनुसार उनीहरूको सहभागिता बढाउँ। युवाको उपस्थितिले राजनीतिक स्थितिमात्र होइन सामाजिक पुरातनवादी मनोवृत्तिमा पनि परिवर्तन गर्न सक्छन्।

आधुनिक विज्ञानको प्रयोग गर्न सक्ने, चमत्कार गर्न सक्ने र उपयोग गर्ने तागत भएको चेतनशील प्राणी हो तर विडम्बना के हो भने, यिनीहरूको जोस, शक्ति र सोचलाई कहाँ, कसरी, के गरी प्रयोग गर्न सकिन्छ, भन्ने भेउ नपाउँदाको समस्या हो यो। विश्व चर्चित भारतीय नागरिक अंकिता कवात्राले युवा नै देशको मेरुदण्ड हो, यस्ले शरीर चलाएमान हुनमा गहन भूमिका खेलेजस्तै राज्य सञ्चालनमा पनि युवाको भूमिका आवश्यक छ भनेकी छिन्। राज्यले यस्तो योजना बनाउने समार्थ्य राखोस् जसबाट यूवाहरुको शक्ति कहाँ छ ? सीप कहाँ छ ? ती सीप र शक्तिलाई कसरी समावेश गर्न सकिन्छ ? अनि कसरी सबैलाई सीपअनुसारको हैसियात दिन सकिन्छ ? त्यसको यकिन गरी ठोस योजना बनाई ध्यान देहोस्।

सही या गलत पहिल्यै छुट्याऔं र सही गोरेटोको खोजीमा लाग्न प्रेरित गरौं, यसले एकातर्फ

आत्मसम्मान मिल्ने छ भने अर्कोतर्फ समाजका लागि केही न केही गरौं भन्ने भावनाको विकास हुनेछ । अब्राहम लिंकनले एउटा युवा प्रेरित भाषणमा भनेका थिए, गोलीभन्दा बोली धेरै बलियो हुन्छ । त्यसैले बोलीबाट कुनै पनि मार्ग बनाउनका लागि युवा जमातलाई जोडिनु राज्यको लागि उपयुक्त बाटो बन्न सक्छ । मानिस मात्र त्यो प्राणी हो, जुन धर्तीमा नयाँ कुराको खोजीमा हुन्छ । र, सधैंका लागि रहन्छ। त्यसैले धर्तीमा अनेकै प्रकारका चमत्कार गरिरहन्छ । खोजमा लाग्न अल्छी नमानौं । तथ्यलाई आधार मानी सोचमा परिवर्तन गरौं । ठोस योजनालाई उत्पादनसँग परिमार्जन गरी अगाडि बढौं । त्यसै गरी थोमस एल्बाएडिसनले हावा बिना बत्ती बाल्नका लागि २५ वर्ष लगानी गरे । लागे ९ सय ९९ चोटीसम्म सफल भएनन् । तर, हजार चोटीमा हावा बिना बत्ती बाल्न सफल भए । त्यसैले धर्यता र निरन्तरता सिर्जनशीलता र सफलताका लागि कडी हुन् भन्ने कुरा सबैले मनन गर्नु पर्दछ ।

**समयको सदुपयोग र सिर्जनशीलता**

मौरीको घार हामी सबैले देखेकै छौं । नियालेर हेऱ्यौ भने जीवनोपयोगी धेरै कुरा सिक्न सक्छौं । जुन, समयको सदुपयोग गरी चाका निर्माणमा ध्यान दिएको हुन्छ । रानी मौरीलाई चाहिने स्थान, चाकाको फेरा, मह बस्ने स्थान, शत्रुले आक्रमण गर्दा कसरी सुरक्षति हुने । र, प्रकृति प्रकोपबाट कसरी बच्ने उपाय आदि । त्यसैले मानिसको उमेर र समय कहिले पनि पर्खंदैन । हामी त्यसका उपयोगी र समर्थक दुवै हौं । सही कामका लागि सही तवरबाट लाग्न सिकौं ।

हामीले समाजिक परिवेशको तवरबाट निहाल्यौं भने समाजमा तीन प्रकारका मानिसहरू हुन्छन् । सज्जन, मूर्ख र क्रियाशील । यसको समिश्रणबाट नै समाज बनेको हुन्छ । त्यसैलाई हामी कुन राम्रो ? कुनमा के फरक छ ? कसरी फरकपन आउन सक्दछ ? विचार गरी पुर्खाले छोडेको ज्ञानलाई आत्मसात गरी आफ्नो भविष्य निमार्णका लागि ध्यान दिउँ पक्कै समाजमा परिवर्तन आउँदछ । यसै सन्दर्भमा फ्रेन्च समाजशास्त्री अगष्टी कम्टीले प्रत्यक्षवादको सिद्धान्त नै समाजबाट सिक्ने उच्चस्तरको शिक्षा हो भनी भनेका छन् ।

आजको समयमा मानिसमा भएको सिर्जनशीलता र फरकपनलाई कसरी आत्मसात गरी अघि बढ्न सकिन्छ भन्ने तवरबाट पनि सोच्न आवश्यक छ । बिना सिर्जनशीलाताले जीवन सजिलो हुँदैन नत कुनै परिवर्तन गर्नमा भूमिका खेल्न सक्छ बरु त्यसले उत्पादनमा ह्रास आउँछ । त्यो हुन नदिनका लागि लाग्नुपर्ने स्थानमा लागौं । जुट्नु पर्ने स्थानमा जुटौं । कसरी सिंगो समाजलाई माथि उठाउन सकिन्छ, भन्ने सोचका साथ एक आपसमा सहयोग आदानप्रदान गरौं । आफ्नो तह र तप्काबाट युवालाई सिर्जनशीलतामा लाग्न प्रेरित गरौं ।

**नेपालमा यूवा**

हाल नेपालमा केही युवाहरुले नेतृत्व लिन सफल भएका छन् जसबाट युवाले चाह्यो भने र अवसर पायो भने देश बन्न समय लाग्दैन भन्ने उदाहरण देखि सकिएको छ । काठमाण्डौ महानगरपालिकाका मेयर बालेन्द्र शाहले देशका प्रमुख दलका नेताहरुले बर्षौ सम्म गर्न नसकेका कामहरु केही महिनामै गरेर देखाईदिएका छन् भने संघीय सरकारले आँट पार्न नसकेका कामहरु सजिलै प्रमुख राजनैतिक दलको अबरोधलाई परवाह नगरिकन सम्पन्न गरेका छन् । उनले सरकारको लाजमर्दो भ्रष्ट व्यवहार, देशको अशान्ती, युवा पलायन र न्यायिक निकायमा राजनैतिक हस्तक्षेपलाई व्यङ्ग्य गर्दै सामाजिक सञ्जालमा यसो भनेका छन् *"यो देशले सज्जनलाई लाचार बनाउछ, लाचारलाई मर्न बाध्य बनाउछ मर्न नसकेकोलाई अपराधी बनाउछ, अपराध पछी आफु उठ्ने माध्यम बनाउछ । यो देशले मुर्दाघर बनाउछ, बाच्ने ठाउँ दिदैन, परीस्थितीले लाशको दर बनाउछ, मान्छेलाई भाउ दिदैन ।"*

त्यस्तै, धरान महानगरपालिका का मेयर हर्क सम्पाङले दशकौ सम्म खानेपानीको पिडाले छटपटिएका धराने जनतालाई जनताकै श्रमदान र आर्थिक सहयोगबाट पानी ल्याएर विश्वलाई नै चकित बनाई दिएर अब फेरी कुनै पार्टिका नेतालाई सो पानीका नाउँमा बजेट ब्रहमलुट पार्ने बाटो बन्द गरिदिएका छन् भने वृक्षारोपण, सडक निर्माण, सरसफाई, उद्योग कलकारखाना लगाएतका राष्ट्र निर्माणका कार्यमा युवाको महत्वलाई दुइ चार बुदा थप्न सफल भएका छन्। हर्क साम्पाङको आग्रह छ :- *“आउने दिनहरुमा भोट लगाउँदा १० चोटि सोचेर मात्रै लगाउने गर्नु !”*

त्यस्तै, धनगढी उपमहानगरपालिकाका मेयार गोपी हमालले पनि नयाँ जोस र जागर सहित निश्चित योजना बनाई विकासका काम धमाधम सुरु गरेका छन्। उनले जनताको स्वास्थ्य सुरक्षा र आर्थिक सुरक्षालाई ध्यानमा राखि विभिन्न किसिमको निर्णयहरु गरेका छन्। उनले २०८०/०९/१७ को सुचनामा २०८० साल माघ १ गते देखि चुरोट, बिँडी, सिगार, तमाखु, सुल्फा, कक्कड, कच्चा सूर्ती, खैनी, गुट्खा, सुर्ती वा यस्तै प्रकारका अन्य सूर्तीजन्य पदार्थ विक्री वितरण नगर्न नगराउन हुन सम्बन्धीत सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ। उनले विकासका प्रमुख तत्वहरु शिक्षा, स्वास्थ्य र उद्योगधन्दा तथा रोजगारलाई विशेष जोड दिई आफ्ना कार्यक्रमहरु अघि बढाएका छन्।

अन्त्यमा, नेपालमा हाल उदयीमान युवा नेतृत्वहरुको सक्रिय सहभागितामा सामाजिक, आर्थिक, राजनैतिक, शैक्षिक र प्राविधिक रूपान्तरण गर्न सकेमा निःसन्देह समृद्ध र समतामूलक समाजको निर्माण हुने निश्चित छ। यसबारेमा समाजका सबै वर्ग, समूहले ध्यान दिनु पर्दछ र राज्यले यसको निम्ति आवश्यक नीति निर्माण गर्नु पर्दछ। सबैभन्दा महत्वपूर्ण कुरा त यसको लागि सबैभन्दा बढी बिचार गर्नुपर्ने र राज्यलाई आवश्यक दवाव सिर्जना गर्नुपर्ने त युवाहरुले नै हो। यसका लागि देशका सम्पूर्ण युवाहरुले गम्भीरतापूर्वक बिचार गरौं। आउनुस् यूवाहरु हो एक आपसमा हातेमालो गरौं।



# Investment in Financial Securities

**Janak Raj Shrestha**
**Asst. Lecturer**

An investment can be defined as any medium or mechanism used for generating income or appreciation. It involves putting capital to use today in order to increase its value over time. We can invest our assets in different sectors such as gold, fixed deposits, real estates, public provident fund etc. Here, we are discussing about investment in financial securities such as shares, debt, derivatives etc.

Securities are tradeable assets representing ownership in financial instruments. It is issued by the companies to raise their needed capital. Common examples of securities are stock, bonds and derivatives. These securities enable investors to buy, sell and trade financial assets in security markets. A security market is a place where various securities are traded. Security markets can be divided in primary market and secondary market. In the primary market securities are issued by companies and governments to formulate the capital fund. The secondary market also called stock exchange, facilitates trade in already issued securities.

Early security market emerged in Europe in the 1600s as government issued bonds to raise funds and corporate were formed. In Nepal organized security market was started in 1993 A.D. as Nepal Stock Exchange commonly known as NEPSE. Security markets are foundational pillars of the global financial system that brings together investors and issuers. It provides irreplaceable economic utilities such as mobilizing savings and channeling them into productive sectors, capital formation, job creation, price discovery and investment diversification.

**Advantages of investing in financial securities**

a. **Better long-term return:** Historically the stock market has produced generous returns for investors over time. One of the key benefits of investing in security is the opportunity to be patient and watch your money compound and grow while. While past returns are no guarantee of future outcomes, the data does suggest that investing in securities in long term generally yields positive result if given enough time.

b. **Dividend income:** Dividend distributed by the company are a part of their profits that is a source of income for many shareholders. Dividend received from

the ownership of securities such as stocks can offer investors several benefits. Dividend can increase the total return on your investment in the stock. They also help lower volatility in the stock price by helping support the stock price.

c. **Diversification benefits and liquidity:** The stock market offer different financial instruments such as shares, bonds, mutual funds and derivatives that offer investors a wide range of securities to invest in as per their risk appetite and financial goals. Investment in different stocks offers great diversification as it reduces your portfolio concentration.

   Another benefit of investing in financial securities is that they are highly liquid assets. They allow you to buy and sell securities immediately without having to long search for buyer or seller for your securities. The same can not be said for other assets like real estate or long-term debt instruments.

d. **Ownership:** Purchasing securities such as stocks essentially represents owing a stake in a company. A shareholder usually has the power to vote in the company's decisions. This ownership in the company ensures that the shareholders can drive the management's decisions that are beneficial to their interest.

e. **Hedge against inflation:** They say that if your money is not moving forward, it's falling back. This is what inflation does to the purchasing power of money. To hedge against inflation, investment in stocks can be advantageous. Historically, it has been seen that the returns on stocks beat inflation rates. Rising prices can lead to more profit for companies, which in turn boost share prices.

f. **Transparency:** The security market is overseen and regulated by regulatory authority. Investing in the securities market is safer and more transparent with the establishment of such agency. The protection of the interest of investors is prioritized by such authority. This significantly helps in reducing risks due to fraudulent activities of companies.

**How to invest in securities ?**

There are two ways to invest in securities in Nepal, which are explained below:

a. **Investment through primary market:** Primary markets are those market where companies issue their securities to raise capital for the first time. In primary market stock, debts and derivatives are issued by the companies. To purchase securities through primary market we should have a DeMat account, Mero Share account and CRN number. We can visit any licensed depository participants including banks and other financial institutions that provide such facilities. We should fill a form with a copy of citizenship and one PP size photo. Generally, Rs 150 for opening DeMat account and Rs 50 for Mero Share

account is required to be paid.

b. **Investment through secondary market:** In primary market we can only purchase securities. We are not eligible to sell our securities or purchase securities which are already listed on NEPSE. So, to purchase or sell securities listed on NEPSE, we must have TMS account. To open a TMS account, we should visit the nearest broker house. We need to fill a form with a copy of citizenship, one PP size photo, DeMat details and a cheque of bank having DeMat account. After getting ID and password of TMS account from broker house, we can easily start trading securities.

**Things to be consider before investing in securities**

The journey of most investors starts by opening DeMat and TMS account. Every investor's success depends upon the significant decisions they make in the market regarding the securities they choose. If you choose good security, you will make profit and if you choose bad securities, you will suffer loss. We must know when to purchase and when to sell our securities to maximize our profit. As an investor, we should be patience and cautious before picking the securities. We must do the necessary research and select the companies that have profit potential and closely follow the latest news regarding the company and their securities. We should consider how much capital we can invest and how much risk we are willing to take. At last, to mitigate risk we should diversify our investment.

Stock investment does not come without its fair share of risk. There is always a risk of losing some (or all) of your investment. However, with a strategic investment plan an investor can achieve their long-term financial goal with the help of investment in securities.

# हार्दिक शुभकामना

विज्ञान र प्रविधिको विकासले दिनानुदिन नयाँ नयाँ ज्ञानका क्षेत्र प्रादुर्भाव गरेको छ । जसले सामाजिक धारणा तथा हिजो र आजका आवश्यकतामा परिवर्तन आएको छ ।

परिवर्तनको धरोहरका रुपमा रहेको प्राज्ञिक थलो जनज्योति क्याम्पसले समाज, राष्ट्र र अन्तर्राष्ट्रियस्तरमा आवश्यक जनशक्ति उत्पादन गर्न सक्षम बनोस् भन्दै यस क्याम्पस १७औं वर्षमा प्रवेश गरेको शुभ अवसरमा प्रकाशोन्मुख **'ज्योतिपुञ्ज स्मारिका-२०८०'** को पूर्ण सफलताको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं । साथै क्याम्पसको उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछौं ।

जनज्योति माध्यमिक विद्यालय
भिमाद-६, तनहुँ
स्था : २०३७

**गणेश सुवेदी**
**प्रधानाध्यापक**

**पदमराज सेन**
**अध्यक्ष, वि.व्य.स.**

**एवम्**

# जनज्योति माध्यमिक विद्यालय परिवार
# Janajyoti Secondary School

भिमाद–६, तनहुँ



# सहकारी संस्थामा लेखा सुपरिवेक्षण समितिको जिम्मेवारी तथा भूमिका

**राजु परियार**
**सहायक प्राध्यापक**

सहकारी एक अर्का बिचको सहकार्यात्मक अवधारणा हो । सहकारीमा समुदायका व्यक्तिहरू संगठित भई सदस्यको हित प्रवर्धन गर्ने कार्य गरिन्छ । प्राविधिक रूपमा यसलाई एउटा व्यावसायिक कौशलको रूपमा पनि लिइन्छ । "एकका लागि सबै र सबैका लागि एक" भन्ने भावना र व्यवहार मार्फत व्यक्ति, परिवार, समाज र समग्र राष्ट्रको आर्थिक एवं सामाजिक उत्थानको लागि गरिने एकीकृत प्रयास नै सहकारी हो । सहकारी कुनै पनि समाजको अभिन्न अंग हो, जसले समाजका विभिन्न पक्षहरुलाई आर्थिक अवसरहरू प्रदान गरी सभ्य र सम्मुन्नत समाज निर्माण गर्न मद्दत गर्दछ । नेपालमा सहकारी संस्थाको विकास क्रमलाई हेर्ने हो भने राणाकालको गुठी, पैंचो, पर्म, धर्म भकारी, ढुकुटी जस्ता अनौपचारिक संगठन हुँदै विकसित भएको देखिन्छ । चितवन जिल्लाको शारदा नगरमा स्थानीय व्यापारी, व्यवसायी, किसान, मजदुर, भूपू सैनिक, शिक्षक बौद्धिक व्यक्तित्वहरुको पहल र सक्रियतामा वि.सं. २०१३ साल चैत्र २० गतेदेखि "बखान ऋण सहकारी संस्था" स्थापना भई सञ्चालनमा आयो । जुन नेपालकै पहिलो सहकारी संस्था हो।

सहकारी संस्थामा सुशासन र पारदर्शिता कायम राख्न लेखा सुपरिवेक्षण समितिको महत्वपूर्ण भूमिका रहन्छ । व्यवस्थापन र स्व-नियन्त्रणलाई प्रभावकारी बनाउन सहकारी ऐन, २०७४ को परिच्छेद ६ दफा ४८ ले लेखा सुपरिवेक्षण समितिको व्यवस्था गरेको छ । साधारणसभा सहकारी संस्थाको सर्वोच्च निकाय हो । वर्षमा एक पटक अनिवार्य रुपमा बस्नुपर्ने साधारणसभा सदस्यहरुको विशाल र महत्वपूर्ण सभा हो । प्राय ! प्रत्येक ४/४ बर्षमा सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिको निर्वाचन र छनौट पनि यसै सभाबाट हुने गर्दछ ।

लेखा भन्नाले कारोबार भएको व्यहोरा देखिने गरी प्रचलित कानून बमोजिम राखिने अभिलेख, खाता, किताब आदि र सो कारोबारलाई प्रमाणित गर्ने अन्य कागजात समेतलाई बुझ्नुपर्छ । लेखा प्रणाली भनेको कारोबारको पहिचान, मापन विश्लेषण, वर्गीकरण अभिलेखांकनदेखि प्रतिवेदन सम्मका सम्पूर्ण कार्यको समष्टिगत रुप हो । त्यसै गरि सुपरिवेक्षण भनेको संस्थामा भइरहेको काम सहि रुपमा भए नभएको एकिन गरी सहि हुने गरी सुधारको सिफारिस, सुझाव/निर्देशन गर्ने कार्य हो । समग्रमा भन्नपर्दा संस्थाको लेखा र अन्य व्यवस्थापन के-

कस्तो भई रहेको छ भन्ने कुराको नियमित रुपमा अनुगमन गरी अपेक्षित रुपमा सुधार गर्न सञ्चालक समिति तथा व्यवस्थापनलाई सुझाव दिने कार्य गर्ने समिति नै लेखा सुपरिवेक्षण समिति हो ।

सहकारी संस्थाहरु खुल्ला र स्वेच्छिक सदस्यता भएका स्वायत्त प्रजातन्त्रिक आर्थिक र सामाजिक एकाईहरु हुन । सदस्यहरुद्वारा सदस्यहरुको लागि सदस्यहरुको संगठित संस्था भएकोले सहकारी संघ संस्थाहरुमा सदस्यहरुको प्रजातान्त्रिक नियन्त्रण र सहभागिता रहेको हुन्छ । प्रजातन्त्रका आधारभूत तत्वहरुलाई आत्मसात गर्ने सन्दर्भमा सहकारी संघ संस्थाको कारोवार तथा हर हिसावमा विश्वासनीयता र पारदर्शिता रहनु पर्दछ । यस परिप्रेक्ष्यमा सहकारीमा आन्तरिक लेखापरीक्षण एक अपरिहार्य र महत्वपूर्ण अंगको रुपमा क्रियाशिल रहेको हुन्छ । आन्तरिक लेखापरीक्षणको माध्यमबाट संस्थाको जिम्वेवार व्यक्ति वा समुहबाट भएका त्रुटि, गलत निर्णय, असावधानी, र अनुत्तरदायी कार्य समयमा नै पत्ता लगाउने र सो कार्य गर्ने गराउने व्यक्तिको ध्यान आकृष्ट गर्न र ठूलो नोक्सानी हुनबाट रोक्न तथा गल्ती सुधार गर्न सकिन्छ । औपचारिकताका लागि मात्र नभई सहकारी सम्बन्धी नीति विधि सम्बन्धमा दख्खल र कुशल सदस्यलाई लेखा सुपरिवेक्षण समितिमा निर्वाचित गर्न सके सहकारी संस्था कदापि जोखिममा पर्दैन । लेखा सुपरिवेक्षण समितिका सदस्यहरू आधारभूत वित्तीय प्रतिवेदन तथा विवरणहरू अध्ययन गर्न सक्ने, समालोचनात्मक ढंगबाट वित्तीय जाँच तथा विश्लेषण गर्ने क्षमता भएको, संस्थाको आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी ज्ञान भएको र संस्थामा लागुहुने कानून तथा नियमहरूबारे जानकार भएको व्यक्ति हुनुपर्छ ।

**लेखा सुपरिवेक्षण समितिको काम, कर्तव्य र अधिकारः**

सहकारी ऐन,२०७४ को दफा ४९ अनुसार लेखा सुपरिवेक्षण समितिको काम, कर्तव्य र अधिकार निम्नानुसार हुने व्यवस्था छ ।

- प्रत्येक चौमासिकमा सहकारी संस्थाको आन्तरिक लेखापरीक्षण गर्ने,गराउने,
- आन्तरिक लेखापरीक्षण गर्दा लेखापरीक्षणका आधारभूत सिद्धान्तको पालना गर्ने, गराउने,
- वित्तीय तथा आथिर्क कारोबारको निरीक्षण तथा मुल्यांकन गर्ने,गराउने,
- समितिको काम कारवाहीको नियमित सुपरिवेक्षण गर्ने र समितिलाई आवश्यक सुझाव दिने,
- साधारण सभाको निर्देशन, निर्णय तथा समितिका निर्णय कार्यान्वयन भए नभएको अनुगमन गर्ने,

- लेखा सम्बन्धी प्रतिवेदन र समितिको काम कारबाहीको सुपरिवेक्षण सम्बन्धी वार्षिक प्रतिवेदन साधारण सभा समक्ष पेशगर्ने,
- आफूलेपटक पटक दिएका सुझाव कार्यान्वयन नभएको कारणबाट कुनै सहकारी संस्थाको हितमा प्रतिकूल असर परेमा वा त्यस्तो संस्थाको नगद वा जिन्सी सम्पत्तिको व्यापक रूपमा हिनामिना वा अनियमितता भएको वा संस्था गम्भीर आर्थिक सङ्कटमा पर्न लागेकोमा सोको कारण खुलाई विशेष साधारण सभा बोलाउन समिति समक्ष सिफारिस गर्ने।
- आवश्यक परेमा आन्तरिक लेखापरीक्षक नियुक्तिका लागि तीन जनाको नाम सञ्चालक समितिमा सिफारिस गर्ने।
- लेखा सुपरिवेक्षण समितिको संयाजेक वा सदस्य सहकारी संस्थाको आर्थिक तथा दैनिक प्रशासनिक कार्यमा सहभागी हुनपाउने छैन।

**लेखा सुपरिवेक्षण समितिको जिम्मेवारी**

- लेखा सुपरिवेक्षण समितिको गठन शेयर सदस्यहरूले साधारण सभाबाट गर्ने हुँदा स्वभावैले साधारण सभा र शेयर सदस्यहरूप्रति नै जवाफदेही हुने ।
- लेखा सुपरिवेक्षण समितिले सहकारी मापदण्डको अनुसूची, २ अनुसारको प्रतिवेदन सम्बन्धित सहकारी संस्था एवं साधारणसभामा पेश गर्ने ।
- चौमासिक रूपमा संस्थाको नियमित अनुगमन, निरीक्षण र विश्लेशण गरी लिखित प्रतिवेदन पेस गर्ने ।
- नीति नियमहरुको ठीक ढंगले तर्जुमा नगर्नु र तर्जूमा भएका नीति नियमहरुको पनि उचित पालना हुन नसक्नु, वैज्ञानिक विधिबाट तथा प्रभावकारी रुपमा सहकारीको लेखा व्यवस्थापन हुन नसक्नु, सहकारीले प्रभावकारी वित्तीय व्यवस्थापन गर्न नसक्नु, सहकारीमा कर्मचारीको प्राप्ति, प्रयोग र सम्भारमा कमजोरी हुनु आदि जस्ता समस्याहरुलाई आन्तरिक रुपमै पहिचान गरी समाधानका लागि सुझाव पेश गरी सुधार गराउने ।
- सहकारी संस्थालाई आन्तरिक नियन्त्रण गर्दै सुशासन कायम गराउने ।

**लेखा सुपरिवेक्षण समितिको भूमिका**

लेखा सुपरिवेक्षण समिति र सञ्चालक समितिको केवल जिम्मेवारी मात्र फरक हो, सञ्चालक समितिले गरेका निर्णयहरु तथा भएका कार्यक्रमहरुको बारेमा समेत सुक्ष्म विश्लेषण तथा परीक्षण गरेर ऐन नियम, योजना तथा बजेट अनुसार भए नभएको पहिचान गरी आवश्यक परे सुधारका लागि सुझाव दिन सक्ने लेखा सुपरिवेक्षण समिति भूमिकाको हिसावले सञ्चालक

समिति भन्दा कम महत्वको हुन सक्दैन । संस्थाको लेखा सुपरिवेक्षण समितिको भूमिका निम्नानुसार रहेको हुन्छ :

**क) आर्थिक कारोबारहरुको परीक्षण :**

बिल, भर्पाइ तथा रसिद तयार गरे नगरेको, आर्थिक कारोबारको भर्पाइ उठाई सम्बन्धित खाताहरुमा ठीक ढंगले पोष्टिङ गरे नगरेको, आम्दानी रकम सही ढंगले बाँधे नबाँधेको, खर्च बजेट अनुसारनै भए नभएको, खरिद ऐन अनुसार खरिद भए नभएको, खर्च गर्ने तथा बिल प्रमाणित गर्ने अख्तियार प्राप्त व्यक्तिको दस्तखत भए नभएको, समयमा पेश्की फछ्र्यौट भए नभएको परीक्षण गरि गल्ती र छलकपट पत्ता लगाउनु पर्दछ ।

**ख) दैनिक कार्य सञ्चालनको परीक्षण :**

सञ्चालक समिति नियमानुसार बैठक बसे नबसेको, कर्मचारी नियमित भए नभएको, कर्मचारीहरुलाई कार्य विवरण प्रदान गरे नगरेको, कर्मचारीहरुको कार्य सम्पादन मुल्यांकन गरे नगरेको, सदस्य बनाउँदा आवश्यक विवरणहरु संलग्न गरे नगरेको, संस्थामा सदस्य बाहेक अन्य व्यक्तिहरुबाट  बचत संकलन गरे नगरेको, ऋण लगानी गर्दा ऋण कार्यविधि अनुसार गरे नगरेको, भाखा नाघेको ऋणको लागि पर्याप्त ऋण सुरक्षण व्यवस्था गरे नगरेको, सदस्यहरुलाई आवश्यक सेवाहरु प्रदान गरे नगरेको, बचत तथा ऋणको व्याजदर समय सापेक्ष रुपमा परिमार्जन गरे नगरेको, लाभांश तथा सेवा प्रदानमा सदस्यहरुबीच भेदभाव गरे नगरेको, विभिन्न कार्यक्रमहरुमा सदस्यहरुको अपेक्षित सहभागिता भए नभएको, संस्थाप्रति सदस्यहरु सन्तुष्ट भए नभएको परीक्षण गर्नुपर्दछ ।

**ग) नीतिगत निर्णयहरुको परीक्षण :**

सञ्चालक समितिले गरेका निर्णयहरु सहकारी ऐन, नियमावली, मापदण्ड, सहकारी विभागबाट बेला बेलामा जारी निर्देशिकाहरु, संस्थाको आफ्नै विनियम, संस्थाका आन्तरिक नीति तथा कार्यविधिहरु, साधारणसभाको निर्णयहरु अनुरुप भए नभएको, साधारण सभाबाट पारित वार्षिक कार्ययोजना कार्यन्वयन भए नभएको, साधारणसभा तथा सञ्चालक समिति आफैले गरेका निर्णयहरु कार्यान्वयन भए नभएको, संस्था सञ्चालनका लागि आवश्यक नीति तथा कार्यविधिहरु निर्माण भए नभएको परीक्षण गर्नुपर्दछ ।

**घ) कर सम्बन्धी परीक्षण :**

संस्थाका कर्मचारी तथा सञ्चालकहरुले पान नं. लिए नलिएको, कर्मचारीहरुको तलब तथा पारिश्रमीक कर कट्टा गरे नगरेको, सञ्चालकहरुले पाउने भत्तामा कर कट्टा गरे नगरेको, बचतको व्याजमा कर कट्टा गरे नगरेको, घरबहाल कर, लाभांश कर कट्टा गरे नगरेको, अग्रिम

कर दाखिला गरे नगरेको, किस्ताबन्दीमा कर दाखिला गरे नगरेको, तोकिएको समयमा E-TDS गरे नगरेको आदि परीक्षण गर्नुपर्दछ ।

संस्थाको दैनिक कार्य सञ्चालन गर्ने अङ्ग सञ्चालक समिति हुने हुँदा समितिको व्यवस्थापनमा संस्थाको दैनिक काम कार्वाही व्यवस्थित हुन्छ तर लेखा सुपरिवेक्षण समिति भने दैनिक कार्य सञ्चालन गर्ने निकाय होइन । यो समिति भनेको संस्थाका कार्य कसरी सञ्चालन भएको छ ? कमी कमजोरीहरू के कस्ता छन् ? भनि खोजि गरेर सुधार गर्नका लागि सञ्चालक समिति र व्यवस्थापनलाई निरन्तर राय, सल्लाह सुझाव दिने, सुधार नगरे यथार्थ स्थिति साधारण सभा समक्ष प्रस्तुत गरेर संस्थालाई ठीक गतिमा लैजाने समिति हो । लेखा सुपरिवेक्षण समितिले सहकारीको सुपरिवेक्षणमा महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । यो संस्थामा सबै भन्दा महत्वपूर्ण कार्य भएकाले यसलाई व्यवस्थित रूपले सम्पादन गर्नु पर्ने हुन्छ । लेखा सुपरिवेक्षण समितिको प्रमुख कार्य सुपरिवेक्षण भएकाले तिन तहमा केन्द्रित रहेर यसलाई सम्पादन गर्नु पर्ने हुन्छ । यी तहहरू अन्तरगत नगद, चेक, बैंक, भौचर, ऋण, सेयर, बचत, जिन्सी धितो, फायल, कागजपत्र नीति, विनियम, ऐन कानुन आदि पर्दछन् । लेखा सुपरिवेक्षण समितिले प्रत्येक वर्ष वार्षिक साधारण सभामा समितिका तर्फबाट वार्षिक प्रतिवेदन प्रस्तुत गर्नु पर्दछ । यस प्रकारको प्रतिवेदन मासिक रुपमा गरिएका आन्तरीक सुपरिवेक्षण, नियन्त्रण तथा आन्तरिक लेखा परीक्षणसँग आधारीत हुनुपर्दछ । संस्थालाई व्यवस्थित रूपमा ऐन, नियम तथा सहकारी मूल्य, मान्यता र सिद्धान्त अनुसार डोर्याउने भूमिका लेखा सुपरिवेक्षण समितिको भएकाले संस्थाको यो समिति सबै भन्दा जिम्मेवारी भूमिकामा रहनु पर्ने हुन्छ । जिम्मेवारी कुशलतापूर्वक निर्वाह नहुँदा संस्थाहरू दुर्घटनामा पर्न सक्छन् । यसर्थ लेखा सुपरिवेक्षण समिति शसक्त रूपमा संस्थाको अग्रगतिका लागि सक्रियतापूर्वक अघि बढ्नु नै सहकारी संस्थाको स्थायित्व र दिगो विकासको लागि वातावरण बन्नु हो । सहकारीमा लेखा सुपरीवेक्षण समितिको अभ्यासको कारणले नै विभिन्न सहकारी संस्थाहरूको लेखा प्रणाली र वित्तीय स्वस्थतामा सुधार आएको छ । सहकारीको समृद्धि र विकासका लागि लेखा सुपरीवेक्षण समितिले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ ।



# मेरो लेखनी

**सुकला उपाध्याय**
**आजिवन सदस्य/पूर्व सहायक प्राध्यापक**

लेखूँ क्यै कविता भनेर मनमा चल्दै थियो तुल्बुल
नेपाली जनका समाजतिरका आए छवि चुल्बुल
कोही छन् सुखमा बसी महलमा आदेश दिनेहरु
कोही छन् दुखः दर्दले नै सपना देख्नै भुलेकाहरू ॥

आमा छन् कति बाल छाडी घरमा कुद्दै गरेकाहरू
बालिका कति छन् पतित जनका दृष्टि परेकाहरु
बाधा भै घरमा अनेक दुख:ले मौका गुमेकाहरु
खाली पेट हुँदा कसेर पटुकी बाँधा बसेकाहरु ॥

झुक्याइ जनता मिठा ती सपना बेच्नेहरू छन् कति
सामाजिक रुपमा चरित्रहीन भै विश्वास गुमेका कति
चेली छन् अलपत्र आज घरमा खै के भए के भए
कोही ती अरुको परिस्थिति दुखद हेर्दै रमाइ रहे ॥

लोग्ने जान्छ पराइको मुलुकमा पैसा कमाऊँ भनी
स्वास्नी बुझ्दिन लोग्नेको त्यो पसिना लाग्छे उडाऊँ भनी
कहाँ गै म टिपूँ म खोजूँ कविता हे शैलका टाकुरा
खोजूँ कि म टिपूँ यी गाउँ घरमा देखे भएका कुरा ॥

लेखुँ यो कविता पढेर जनको सुर्ता भगाओस् अनि
लेखूँ यो कविता सुनेर सबको निद्रा हराओस् पनि
अन्यायीहरुको जलाऊँ सपना दावाग्नि ज्वाला बनी
दुखीका मनमा भरी शितलता दिने बनोस लेखनी ॥

मेरो काव्य बनोस् जलाउन सकूँ दुर्भावनाको वन
मेरो काव्य बनोस् पगाल्न म सकूँ ढुङ्गाहरुको मन
मेरो काव्य बनोस् खराब हृदयमा घोच्ने ती काँडा अनि
मेरो काव्य बनोस् जगाउन सकूँ भै क्रान्ति सौदामिनी ॥



विद्या नाम नरस्य रुपमधिकं प्रच्छन्नगुप्तं धनं, विद्या भोगकरी यशः सुखकरी विद्या गुरूणां गुरूः ।
विद्या बन्धुजनो विदेशगमने विद्या परा देवता, विद्याराजसुपूजिता न हि धनं विद्याविहीनः पशुः ॥
भर्तृहरि

# शिक्षा

**नारायणकैलाश सिग्देल**
**साहित्यकार**

एउटा यस्तो ठाउँ छैन जहाँ आकाश नपुगेको होस् अनि एउटा त्यस्तो कुनै मानिस भेटिदैन जो शिक्षादेखि त्रसित होस् । दुई खुट्टे हामी प्राणीलाई मान्छेदेखि मानवीय विजारोपणको सिङ्गो साकारका लागि लालायित गर्ने एक मात्र अस्त्र शिक्षा हो । विकासका लागि शिक्षा अचुक र उत्कृष्ट रामवाण हो जसले यो उजाड, बन्जर र मरुभूमि जस्तो स्तब्ध उषरलाई उनैको पवित्र कर्म, संरक्षण र सदभावका कारणबाट आज हराभरा, रसिलो र गुनिलो बनाएको छ । चाहे किसान भई फाटेको चप्पलमा उनले आफ्नो कर्तव्य निभाएको हुन् वा कृषिविज्ञ भई यदाकदा मयलपोसमा सजिएको हुन् । उनका पुरातन स्वरूपमा कलात्मक बुट्टाहरू भर्ने काम खाँदिएको शिक्षाको परिपक्व व्यवहारले सम्पन्न भएको हो । प्रकृतिले निर्माण गरेको यो विश्व व्रह्माण्ड, उसैका उरमा विकशित हुँदै आएका मानिस र उनीहरूबाट निर्मित अथाहा खोजका खजानामध्ये आजसम्मकै सबैभन्दा प्रभावशाली उपलब्धि भनेकै शिक्षा र त्यसबाट उब्जेको ज्ञानको खजाना हो ।

त्यसैले त गीतामा कृष्णले अर्जुनलाई यसको महत्व बताउँदै भन्छन्:

न हि ज्ञानेन सदृशं पवित्रमिह विद्यते ।

अर्थात् यस संसारमा ज्ञान जत्तिको महान र पवित्र वस्तु अरू केही छैन ।

प्रत्येक मानिसबाट निस्कने बोली, बोलीबाट निस्कने आवाज र ती आवाजहरू उनेर बनाइने शब्दका पुञ्जमा उसको सभ्यताको सुगन्ध झल्केको हुन्छ । त्यति मात्र होइन उसले गर्ने हरेक क्रियाकलापमा र ती क्रियाकलापबाट आम मानिसमा पर्ने प्रभाव वा असरबाट उसको शिक्षा र ज्ञानको स्तर मापन गर्न सकिन्छ । कसैको व्यक्तित्व कति जीवित वा निर्जीवित छ भनेर मुल्याङ्कन गर्ने आधार हो शिक्षा । सर्वसाधारणले निर्माण गर्ने फुर्लुङ्देखि वैज्ञानिकले आजसम्म जोडेका अत्याधुनिक क्षेप्यास्त्र र जेटहरूमा शिक्षाको प्रभुत्वको अनुभूति छाम्न सकिन्छ । मानिसले प्राप्त गरेका हरेक क्रियाकलापका आधार र त्यसबाट अरूमा प्रसार हुने ज्ञानको झिल्कोबाट उठेका प्रकाशको न्यान्योपनमा व्यक्तिमा अन्तरनिहित शिक्षाको मात्रा थाहा हुन्छ । विद्यालयमा शिक्षकले कालो भित्तामा चक घोटेर निर्माण गरेका आकारले वा उसका अथकित स्वरका सहयोगमा प्रष्फुटन भएका सिकाइले मात्र शिक्षाको कथित उद्देश्य पूर्ण हुन नसक्ला । अपितु हजारौं वर्ष पहिले ध्यान, तपस्या र योगका माध्यमबाट प्राप्त खोज, अनुसन्धान र उपलब्ध भएको ज्ञानरूपि अनुभव पनि उत्तिकै महत्त्व र जीवनोपयोगी हुन्छन् । तिनीहरूलाई पनि हाम्रो पाठ्यक्रममा समावेश गराउनुपर्छ भन्ने लाग्छ । चौतर्फी ज्ञान आजको आवश्यकता हो । हर प्रकारका ज्ञान हरेक समस्याको निकास र कल्याण पनि हो । त्यसैले त खप्तडस्वामी धर्म विज्ञानमा लेख्छन्, ज्ञानबाटै परम कल्याण हुन्छ ।

मानिसका हेरक आवश्यकता र त्यही आवश्यकता परिपूर्तीका लागि पछिल्लो पटक निर्माण हुने शैक्षिक संस्थाले प्रदान गर्ने उच्च शिक्षाका कागजी घोडालाई गणित्याङ्क हिसाबमा दौडाए पनि

लगानीका हिसाबले अन्ततोगत्वा त्यसको फल टर्रो अनुभव भएको छ । वास्तवमा त्यो अपत्यारिलो र अव्यावहारिक हाम्रा लागि पीडादायी नै हुन्छ । हिजो हाम्रा विद्यालय वा महाविद्यालयका कक्षा कोठामा टनाटन देखिने सुन्दर, रसिला, हराभरा एवम् कलकलाउँदा युवायुवती आज विदेशीका उद्योग, भान्छा कोठा, सडक निर्माण वा कमसल काममा उपस्थित देखिनुको रहस्य के हो ? यो वातावरणले ल्याएको रोग कि ? हौवादारी शिक्षाका कारण हाम्रा मस्तिष्कमा पलाएको आर्थिक लालायितको पराकाष्टा ? मानिस ठुलो शिक्षाले कि पैसाको हौवाले ? हो, हामीलाई थाहा छ, हामीले शैक्षिक व्यक्तित्वका छहारीभन्दा अनैतिक, भ्रष्ट र वित्तीय मिठासमा हाम फाल्ने कतिपय लठेतलाई उच्च ओहदामा पुऱ्याउन सफल भयौँ । अनि त्यसैको नतिजालाई हामीले आफ्नो महान् अस्मिताको प्रतिष्ठा बनायौँ जसको कारण आज हामीले चौतर्फी हीनताबोध गर्न परिरहेको छ ।

हाम्रो देशमा नजन्मिए तापनि महात्मा गान्धी, अब्राहम लिङ्कन, नेलसन मण्डेला जस्ता कालजयी महापुरुषहरूलाई देवत्वका रूपमा पुजी हृदयमा राख्न हामी तत्पर छौँ । तर, स्वदेशमा भने हामी भ्रष्टचारका उन्मादले अकुत सम्पत्तिका मालिक, अनैतिक कर्तुतका कारण, समाजबाट पर्गेलिएर जेलमा सडेकाहरू बाहिर निस्किँदा पनि  निर्दोष सयपत्रीलाई निर्ममपूर्वक चुँडाली सयौँ किलाका माला अर्पणमा पुरुषार्थी ठान्छौँ । यही होइन त हाम्रो महानता ? आखिर यो पछिल्लो महानताको कसी हाम्रै शिक्षाको परिणती होइन र ? शिक्षा जस्तो पवित्र तत्वको लाचार अवसान गराउने हामी हौँ कि हाम्रा कथित अग्रज ? के अझै पनि हामी उनैका चेला बन्ने शिक्षाको निरन्तरतामा छौँ ? 'शिक्षा विकारे सकलो विकारेः शिक्षा सुधारे सकल सुधार' यो पवित्र भाव सबैले बुझ्नुपर्ने होइन र ?

आजको अव्यावहारिक शिक्षा भित्र आध्यात्मिक चिन्तनको लामो खडेरी एउटा डरलाग्दो विनास हो । शास्त्र भन्छ, विद्याविहिनाः पशुभि समान । यो विनास दिनप्रतिदिन बढिरहेको छ । यसलाई छेक्न, रोक्न वा थाम्न त्यस्तै प्रकृतिका विद्धतवर्ग सम्बन्धित निकायमा जानुपर्नेमा ती निकायका मुहानहरू नै सुगन्धहीन बनेका छन् । अनुकरणीय चरित्र नदेखेका, नसुनेका र नजन्माइएका आजका विद्यार्थीले अध्ययन गर्ने उच्च शिक्षाबाट कस्तो प्रतिफलको आश गर्ने ?। हामी दोधारमा छौँ । यसको जिम्मा कसले लिने ? हार्डेनबर्गले त्यसै भनेका होइननः Character is destiny. भनेर ।

जोरजार गरेर निर्माण गरिने सरकारमा योग्यभन्दा पनि भाग बण्डामा जो पर्छन् उसैलाई सम्वेदनशील मन्त्रालयको जिम्मा दिँदाको परिणामले आजको अवस्था निम्त्याइएको हो । "बाँदरको हातमा नरिवल" हुनु र अनुभवहीन मान्छेले सत्ताको चापी समाउनु आजको परिस्थितिको द्योतक हो । यो यथार्थतालाई छिटोभन्दा छिटो ननिप्ट्याउने हो भने यसले विकराल रूप लिने छ र केही वर्षमै सम्हाली नसक्नु हुने छ । त्यसैले राष्ट्रप्रेमी एवम् सम्बन्धित विषयका विज्ञले शिक्षाको यस प्रकार नाजुक स्थितिको नतिजाको निकासका लागि तत्कालै उपाय निकाल्नु सर्वथा बुद्धिमानी हुने छ । नत्र भने गजलकार प्रदिप रोदनले 'बच्चाहरू त असिना खेलिरहेका छन्, बाली चुटेको पिर बालाई परेको छ', भने झैँः हुनेछ ।

मानवीय चिन्तनको प्रमुख आधार भनेको उसको स्वतन्त्रता र उसले वातावरणबाट ग्रहण गरेको सकारात्मक र नकारात्मक विषयवस्तुको लेखाजोखा हो । व्यक्तित्व विकासको प्रमुख आधर उसको निकटको वातावरण र अन्तरघुलित शैक्षिक कोर्ष हो । वातावरणबाट स्वीकार गरिएका कतिपय विषय जीवन पर्यन्त हुन्छन् । अपवादका रूपमा कतिपय क्षणिक, हानिकारक र जीवन समेत बर्बाद गराउने खालका हुन्छन् । आफ्नो परिवेशको शुद्ध वातावरणसँग मिठो सम्बन्ध गाँस्न सक्ने र वातावरणका परिपक्व व्यवहारलाई मात्र जीवनमा अगाल्नुले व्यक्तिको जीवनपर्यन्त शिक्षाका हरेक पहलुमा एउटा

सार्थक र मजबुत गोरेटो बन्न सक्छ। मानिसको सबैभन्दा ठुलो र खतरनाक शत्रु भनेकै मानिस हो (हुन त आचार्य चाणक्यले मानिसको सबैभन्दा ठुलो शत्रु भोकलाई मानेका छन् तर म यसलाई बुनियादी रूपमा मात्र स्वीकार गर्न तयार छु)। मानिस भित्रको ठुलो शत्रु शक्तिलाई पहिचान गर्न नसक्नु उसको कमजोरी हो। मानिसका मन, मस्तिष्कबाट निस्कने अहङ्कार स्वयम्लाई घातक गराउने एउटा तरबार हो। प्रकृति सधैं शान्त, सुन्दर र शुद्ध छ। उसमा कहिँ कतै अहमता, घमण्ड, क्रोध, दम्भ र पक्षपात देखिँदैन। तर यसका विपरित यी सबै हामीमा हुनु हाम्रो आजको शिक्षा र खराब वातावरणको परिणती हो। हाम्रा अगुवाइको परिणती हो। अझै भनू आफ्नै हैसियतको गतिलो मुल्याङ्कन गर्न नसक्नुका कारण हुन्।

आज हामीलाई चाहिएको जीवनपर्यन्त शिक्षाका खास चरणहरू छन्। मानव जीवनलाई सुखमय, अस्तित्वपूर्ण र प्रभावकारी बनाउनका लागि हामीले यी बुँदाहरूमा ध्यान दिनै पर्छ। त्यसमध्ये लगाम सहितको स्वतन्त्रता पहिलो चरणमा पर्दछ। मानव जीवनको नारकीय पक्षलाई समाप्त पार्दै हजारौं बलिदान पश्चात् प्राप्त उपलब्धिलाई सम्मानजनक रूपमा जिम्मेवारिपूर्वक प्रयोग गर्नु अति आवश्यक छ। दोस्रो चरणको प्रभावपूर्ण बुँदा दिगो निर्णय हो। जनतालाई सम्प्रेषण गरिने दिगो एवम् असल निर्णयले समाजमा न्यानोपन ल्याउँछ। जीवनका अनेकन भोगाइबाट अविच्छिन्न सिकिरहने पाठ मानवीय गुण भएकाले म विद्यार्थी अवस्थामा छु भन्ने चिन्तनमा रहिरहनु अत्यावश्यक छ। सामाजिक पक्ष मानव जीवनको प्रमुख र अखण्ड आधार भएकाले सकारात्मक पक्षको सदा उजागर गर्नुपर्छ। चौथो आधार भनेको उसको चरित्र हो। यसैको आधारमा समाजले व्यक्तिको स्तर मापन, स्मरण र निर्धारण गर्ने हुँनाले समाजको कर्तव्यमा सदा सभक्ति देखाउनु उत्तम हुन्छ। व्यक्तित्वका विविध पाटाका विकासका लागि व्यक्ति आफै पनि गतिशील हुनु परम आवश्यक छ। पाँचौ नम्बर भनेको आत्मा ज्ञान हो। आत्म ज्ञानविना आफ्नो पहिचान हुन नसक्ने हुनाले त्यसको खोजीमा लाग्नु सर्वथा उत्तम हुने छ। २०७१/०७/२८) (परिमार्जन गरिएको।)

**सन्दर्भ सामग्री**


खनाल, यदुनाथ,(२०६८), यदुनाथ खनालका समालोचना, नेपाल प्रज्ञा प्रतिष्ठान कमलादी, काठमाडौं।

खप्तडस्वामी, (२०५८), धर्म विज्ञान चतुर्थ खण्ड, श्रीखप्तड आश्रम प्रकाशन समिति।

दास, वादरायण (१९९७), श्रमद्भवद्गीता यथारुप, भक्तिवेदान्त बुक ट्रस्ट, हरे कृष्ण धाम, जुहू, मुंबई ४००, ०४९ भारत।

सिंह, सुमित्रा, नीति चाणक्य, विदुर र भर्तृहरि प्यासिफक पब्लिकेशन, बागबजार, काठमाडौं

प्रदीप रोदन, (२०७९), मफलर फाइनप्रिन्ट प्रा लि विशालनगर काठमाडौं।

प्रज्ञा नेपाली बृहत शब्दकोष, (२०७९), नेपाल प्रज्ञा प्रतिष्ठान



# जो म खोजिरहेछु

**किशोर काफ्ले**
**सहायक प्राध्यापक, सहिद स्मारक कलेज, शारदानगर, चितवन**

प्यारो लाग्छ पहाड स्वस्छ वनको हावा र पानी अनि
उस्तै प्यार छ यो हिमाल तलको स्वर्गीय गङ्गा पनि
माटो त्यो मलिलो मधेशभरको खाद्यन्न उब्जाउने
मैले देखिरहेछु यो मिलनले समृद्धि निम्त्याउने ।१।

आमाको मन काख अमृत सरी पाऊँ म अन्तै कहाँ
जन्मायौ सिप रोप्न भूमि जसमा खोजूँ म अन्तै कहाँ
जे जे जान्दछु हात पाउ सबला रोपूँ खन्याऊँ यहीँ
आफ्नो भूमि भुली अरू मुलुकमा जाऊ नभन्नू कहीँ ।२।

आमाको करको पवित्र मनको सिस्नो र आँटो बरु
केही छैन मिठो कुनै अलगमा मानो मसिनो अरू
आमा एक सुपुत्र जन्मन सकोस् समृद्धि झल्काउने
खाडीबाट छुटाइ कर्म गरने जौवान फर्काउने

टेक्ने ठाम र एक काम दिइयोस् छन् पौरखी साहस
आफ्नै ज्ञान विवेक सार्थक बनोस् रोप्नु सुनौलो फल
आफ्नै मौलिक ज्ञान बुद्धि सिकियोस् पर्दैन आयातित
मेरै देश पवित्र अमृतसरी बाँचिरहोस् सर्वदा।४।

सत्ताको सुख भोग केवल तिमी सिँडी बनुँला बरू
कुल्चेको कणमा कुनै बखतमा बाधा नबन्नू अरू
छानो होस् खरको पवित्र घरको आदन्द आवासमा
सन्तोषम् परमम् खुखम् अमर होस् समृद्धि स्यावासमा।५।

के खोजूँ धनमा म देख्दिन कुनै आनन्दको लक्षण
जे जे छन् उसमै छ शान्ति मनमै खोजी गरे तत्क्षण
मेरो कर्म म रोप्छु केवल यहीँ साथी बनाऊ तिमी
आफ्नै हात बजार्छु यो जमिनमा बाधा नदेऊ तिमी ।६।

मेरो जीवनकै त अन्तिम नहोस् यो सिर्जना नै कतै
धेरै कर्म छ गर्नु यो सहरमा बाँचिरहेर अझै
जे पाऊँ सब होस् पवित्र यसमा तृष्णा नजागोस् ममा
सेवा भाव झनै बढोस् हृदयमा वैराग्य निस्काममा !



# कविता : प्रकृति सौरभ

जनार्दन दाहाल
शुक्लागण्डकी, तनहुँ

एउटा साँझ,
गोधुली साँझ
रुखहरूका माझ
जूनको मुस्कान
खसेर जलविन्दु बनी तप्प तप्प
हाँगा हाँगा र पात पातमा
काउकुती लगाइरहेछ ।

एउटा प्रभात,
कलिलो प्रभात
लिएर सौगात
घाम डोहोऱ्याएर
धर्तीमा ओर्लिएर
मन्द मन्द पाइला चाल्दै
धर्तीलाई न्यानो बाँडिरहेछ ।

एउटा पहाड,
जीवनकै आड
हरियो बर्को ओढेर
ढुक्कसँग
मायाको आभास र
छायाको अनुभूति दिलाइरहेछ ।

एउटा फूल,
साह्रै कोमल फूल
मौरीका हुल
स्वागत गरिरहेछ,
गुलाफी लाली बोकेर
मुस्कुराइरहेछ हाँगाका ओठहरूमा ।

एउटा झरना,
झरझर झरना
कहाँ पुग्ने चाहना !
खै केको हतारमा
खसेर आकाशबाट
धर्तीलाई अँगालो हालिरहेछ ।

एउटा नदी,
कञ्चन नदी
चाल छ शदपदी
अमृत काखी च्यापेर
खेत खेतमा सिञ्चित भइरहेछ
पसिना उमार्न ।

एउटा हिमाल,
स्निग्ध हिमाल
हरेक साल
शिर ठाडो पारेर
आकाशसँग मितेरी लाइरहेछ ।

मेरो देशको,
मेरो प्रकृतिको
यति धेरै रूप
जति हेर्छु त्यति
पाउँछु अनेक स्वरूप ।



# मानव जन्मको रहस्य

**रामचन्द्र उपाध्याय खनाल**
**पूर्व शिक्षक घिरीङ गा.पा-१ पुटटार, तनहुँ ।**

गृहस्थी आश्रममा सवैलाई छोराको चाहना हुनु स्वभाविक हो । किनभने वृद्धावस्था अथवा अशक्त अवस्थामा वावुआमाको पालनपोषण तथा हेरचाह गर्न , आफूसंग भएभरको धनसम्पत्ति जग्गा जमिन र सामानको जिम्मा दिन अनि मरेपछि तुरुन्तै अन्तेष्ठि तथा किरीया कर्म गरी पितृहरुलाई स्वर्ग पठाउनका लागि अपुत्रश्य गति नास्ति अर्थ छोराछोरी नहुने मानिसलाई स्वर्ग जाने अधिकार पनि छैन भन्ने शास्त्रको मान्यता रहेको हुँदा गृहस्थीहरु छोराको जन्म भएहुन्थ्यो भन्ने चाहना राख्दछन् । तर कर्मको खेल विचित्र छ पूर्व जन्मानि कर्माणि ,अस्तिन जन्मनी भुञ्जते : अर्थ :अघिल्ला जन्ममा गरेको कर्मको फल यो जन्ममा मिल्दछ भन्ने मान्यताअनुसार छोराछोरी, धनसम्पत्ति,सुख दुःख आदि सवै पूर्वजन्मको कर्मको फल हो भनेर शास्त्रमा लेखिएको छ ।

आत्मा अमर छ यसलाई न आगोले जलाउन सक्छ ,न पानीले वगाउन सक्छ, न हावाले उडाउन सक्छ न त कहिल्यै नाश नै भएर जान सक्छ । अमर अविनाशी आत्मा मानव हृदयमा पूर्व जन्मको कर्म अनुसार वास गर्ने यो आत्मा उसले गरेको पाप र पुण्यका आधारमा कुनै प्राणीका हृदयमा बास गर्दछ र आफ्नो समय सकिएपछि त्यस प्राणीवाट अर्को प्राणीमा बास सर्दछ । यदि उसले कुकर्म गरेको छभने उसले खराव योनीबाट जन्मलिन पुग्दछ त्यसैले मानव जन्म रहदासम्म सधैँ सत्कर्म गर्नू पर्दछ । आध्यात्मिक बनी सधैँ इश्वरको भक्तिभावमा लाग्नु पर्दछ ।

यसै सन्दर्भमा शङकर भगवान पार्वतीलाई भन्नु हुन्छ :

उमा सुवहु लोक अभागी
हरि पद छोडही विषय अनुरागी

अर्थ : हे पार्वती मानिस कति अभागी हुन् ,भगवानको भजन नगरेर सान्सारिक विषयमा लम्पट भै राखेका छन् हेर त भगवानको भजन गरे फेरि जन्म लिनु मर्नु चक्रमा पर्नु पर्दैनथ्यो भगवानको धाम बैकुण्ठ जान पाउँथ्यो ,सुख र आनन्दपूर्वक हरिभजन जप्दै भगवानसंगै आनन्दपूर्वक बैकुण्ठको सुखानुभूति गर्न छोडेर मानिस विषयबासना ,लोभ, मोह ,मायाजाल, इर्ष्या ,घमण्ड आदिमा फसेर हरिभजन गर्न छोडी मानिस चौरासीलाख योनीमा विचरण गरी दुख भोग गरिरहेको छ ।अमुल्य मानव जीवन व्यर्थै गुमाइरहेको छ ।

असल कर्म गरेर मात्र प्राप्त गर्न सकिने अति दुर्लभ मानिएको यो मानव जन्ममा साधु माहात्माहरुको संगत गर्नु ,भगवानको कथा श्रवण गर्नु ,किर्तन भजन गर्नु ,मठ मन्दिरहरु गई भगवानको दर्शन पुजापाठ गरी आनन्दित रहनु , दीनदुखि ,गरिव, असहायहरुको निस्वार्थ भावनाले सेवा गर्नु द्वैस नगर्नु,केहीको पनि लोभ नगर्नु, कसैमाथि इर्ष्या भाव नराख्नु ,परस्त्रीसंग आमा,बहिनी तथा छोरीको जस्तो व्यवहार गर्नु, सधैँ सत्कर्ममा रहनु,आचरण सधैँ शुद्ध राख्नु ,मानव सेवा र राष्ट्रसेवालाई आफ्नो कर्तव्य सम्झनु, चोरी चकारी नगर्नु , बाबाआमालाई प्रत्यक्ष भगवानका रुपमा पुजा गर्नु कहिल्यै झुटो नबोल्नु कुभले नगर्नु आदि जस्ता कर्मले नै मानिसले भगवानको परमपद प्राप्त गर्न सक्छ । यसमा नै मानव जन्म सफल भएको मानिन्छ ।



# क्षणभंगुरता नै जीवनको सौन्दर्य

**अमृत गैह्रे**
**अध्यक्ष, ने.वि.संघ, जनज्योति क्याम्पस इकाई**

मृत्यु सबैभन्दा ठूलो शल्यक्रिया हो । सामान्य शल्यक्रियामा शरीरको कुनै भाग काटिन्छ तर मृत्युमा यो जड शरीरबाट चेतनालाई खिचेर बाहिर निकालिन्छ । हरेक शल्यक्रियामा पीडा हुन्छ । त्यसकारण चिकित्सकले शल्यक्रियापूर्व हरेक बिरामीलाई एनेस्थेसिया दिई बेहोस पार्छन् । मृत्यु एक महाशल्यक्रिया हो। सामान्य मानिसले शरीरबाट आत्मा छुटेको पीडा झेल्नै सक्दैन । त्यसकारण प्रकृतिले नै एक प्राकृतिक एनेस्थेसियाको व्यवस्था गरेको छ । मृत्युपूर्व अधिकांश व्यक्ति अचेत हुन्छन् । उनीहरूको बोध हराउँछ र बेहोसीमै आत्मा र शरीर छुट्टिन्छन् । फेरि त्यही बेहोसीमै नयाँ जन्म हुन्छ । न हामी मृत्युलाई राम्रोसँग देख्न सक्छौं नयाँ जन्मलाई । यो प्रक्रिया निरन्तर चलिरहन्छ । यसैकारण हामी मृत्यु र जन्मको रहस्य बुझ्न सक्दैनौं ।

जसलाई हामी जीवन भन्छौ, त्यो हो - पदार्थ र चेतना, शरीर र आत्माको मिलन । यो मिलन थोरै समयका लागि हुन्छ, शाश्वत हुन सक्दैन । शरीर पञ्चतत्वले बनेको हो । यी पाँचै तत्त्व पदार्थका विभिन्न रूप हुन् । पदार्थ जड छ र यो मृत नै हो । चेतना या आत्मा नित्य छ, कहिल्यै मर्दैन । मृत शरीर पनि जीवन्त चेतनाको संगतमा जीवन्त देखिन्छ । संगतको प्रभावको योभन्दा राम्रो उदाहरण अरू केही हुन सक्दैन । माटो, पानी, अग्नि, हावा, आकाश पञ्चभूतले वनेको जड शरीर पनि चैतन्य आत्माको सत्संगले जीवन्त देखिन्छ । आत्मा बिदा हुनासाथ आफ्नो अति प्रिय व्यक्तिको शरीरबाट पनि भय हुन थाल्छ । सधैं प्रेम गर्ने आफ्नो अति प्रियजनको शरीरले प्राण छोडिसकेपछि त्यो मृत शरीरसँग राति एक्लै वस्न सकिदैन । हामीले शरीरलाई प्रेम गरेको भए त्यसवाट यस्तो किन हुन्छ ? शरीर त त्यहीं छ, हामीले शरीरको माध्यमवाट सायद त्यही शाश्वत चेतनालाई नै प्रेम गरिरहेका हुन्छौ, परमात्मालाई नै प्रेम गरिरहेका हुन्छौ त्यसकारण सन्तहरूले भनेका छन्, 'प्रेम नै परमात्मा हो ।'

पूर्वमा हाम्रा पूर्खाहरूले योग र तन्त्रको गहिरो खोज गरे । उनीहरूले के 'भेट्टाए 'भने यो स्थूल शरीर हाम्रो एकमात्र यथार्थ होइन । यसभित्र अरू ६ वटा सूक्ष्म शरीर छन् । स्थूल शरीरभित्रको दोस्रो शरीर हो भाव शरीर (इथरिक बडी), तेस्रो स्वप्नले बनेको एस्ट्रल बडी, चौथो विचारले बनेको मनस् शरीर (मेन्टल वडी), पांचौं आध्यात्मिक शरीर (स्प्रिच्युल बडी), छैटौं ब्रह्मकाया (कस्मिक बडी) र सातौं निर्वाण काया। सामान्यतः हामी जसलाई मृत्यु

'भन्छौं, यो आत्मासहित सूक्ष्म शरीरहरूको स्थूल शरीरबाट बाहिर निस्कने प्रक्रिया हो। मृत्युमा आत्माको स्थूल श्रीरेबाट सम्बन्ध विच्छेद हुनासाथ भौतिक शरीर प्राण ऊर्जा नपाएर कुहिन थाल्छ र दुर्गन्ध सुरु हुन्छ ।

सामान्यतया हामी मृत्युसँग अपरिचित रहन्छौं । अपरिचितसंग जहिले पनि 'भय लाग्छ । यो अपरिचय 'भयवश मृत्युको समयमा हुने बेहोसीले हो । अधिकांश व्यक्ति मर्ने वेलामा अंचेत हुन्छन् र मृत्युमा के भयो, त्यसको साक्षात्कार गर्ने सक्दैनन् । त्यसकारण मृत्युलाई बोधपूर्वक स्वयम् वरण गर्ने व्यक्तिहरूलाई हामी * सहिद भन्छौं, वीर 'भन्छौं किनभने उनीहरू मृत्युलाई स्वेच्छाले ग्रहण गर्छन्, 'भयभीत हुँदैनन् र मृत्युलाई बोधपूर्वक साक्षात्कार गर्ने व्यक्तिको संमाधि त्यसै क्षणमा घटित हुन्छ ।

साँचो भन्ने हो भने जो मृत्युसँग डराउँछन्, तिनीहरू कहिल्यै पनि पूर्णरूपले बाँच्दैनन् । सुरक्षाको गहिरो आकांक्षा हुनेहरू जीवनका कुनै पनि जोखिममा जान सक्दैनन् । न उनीहरू कुनै समारोह, उत्सव, तीर्थ, वनभोजमा स्वतन्त्रतापूर्वक जान सक्छन्, न एकान्त प्रकृतिको रस लिन सक्छन् । सुरक्षाका बाहिरी व्यवस्थाले घेरिएको व्यक्तिको जीवन पट्यारलाग्दो र मृतप्रायः हुन्छ । जब यो चेतनाले स्वतन्त्रता गुमाउँछ, ऊ अर्धमत नै हुन्छ । अर्को यथार्थ के हो भने सुरक्षाको जति व्यवस्था मिलाए पनि जीवन सत्र असुरक्षित नै छ । असुरक्षा नै जीवनको पुलक र सौन्दर्य हो । ढुंगा ठास छ, जड छ, सुरक्षित छ, धेरै दिन बांच्न सक्छ । फलेको गुलाव ति कोमल छ, र 'स्पर्श हुनासाथ, हावाको एक झोक्काले उसलाई जतिखेर पनि जमिनमा झार्न सक्छ, त्यो कोमलता नै उसको आकर्षण हो। जीवनको सौन्दर्य उसको क्षणभंगुरतामा छ । जवानीको आकर्षण छ किनभने यो पनि चिर छैन, अस्थायी छ । जवानी आएको मात्र के आभास हुन्छ, जान सुरु भइसकेको हुन्छ । प्रेमको यत्राः उद्दाम आर्कषण छ किनभने विवाहजस्तो यसमा कुनै स्निश्चितता हुदैन तार्पान हामी प्रेममा आफूलाई सबैभन्दा जीवन्त पाउछौं । विवाहभन्दा प्रेम आकर्षक लाग्छ किनभने बिहेले प्रेमले जति पुलक आनन्द र जीवन्त संवेग सञ्चार गराउन सक्दैन । विवाह समाजद्वारा मान्यताप्राप्त सुरक्षित, स्थायी र त्यतिकै मृतप्राय व्यवस्था हो । त्यसकारण अधिकांश विवाहित त्यसमा दिक्क भई जकडिएको महसुस गर्छन् । समाज, कानुन र धर्मले रोक्दारोक्दै यसको सीमारेखा नाघ्ने अभीप्सा अधिकांशको मनमा चुलबुलाइरहेको हुन्छ । मानिस किन सगरमाथा चढ्छ, उत्तरी ध्रुव र आन्ध्र महासागरको गहिराइ नाप्छ र जीवनका अनेकौं चुनौती किन स्वीकार्छ किनभने ऊ असुरक्षाको त्यस्तो अभियानमा आफूलाई अझ जीवन्त पाउंछ ।

यथार्थमा सुरक्षा एक भ्रम हो । सुरक्षाको जति आयोजन गरे पनि जीवन सधैं असुरक्षित नै रहन्छ । अस्त्रशस्त्र र सैन्यबलले सुरक्षा हुने भए राजदरबार हत्याकाण्ड नै हुने थिएन, इन्दिरा गान्धीको हत्या नै हुने थिएन ।

मृत्यु सारा सुरक्षाव्यवस्था नाघेर आइपुग्छ । संसारमा मृत्यु नभए धर्म पनि हुने थिएन । त्यसकारण हिन्दूहरू मृत्युका देवता यमराजलाई धर्मराज पनि 'भन्छन् । मृत्युको यथार्थत्ताले नै मानिसलाई धार्मिक वनाउँछ । बुद्धलाई पनि मृत्यु देखेर नै जीवनको क्षणभङ्गुरताको बोध भयो र महलको सुरक्षित जीवन त्याग्ने साहस र चेतना आयो । बुद्धलगायत अनेकौं गुरुले आफ्ना शिष्यलाई मसानघाटमा बस्न पठाउँथे ता कि मृत्युको साक्षात्कार र जीवनको क्षणभङ्गुरताको बोधले सम्यक् वैराग्य उदय होस् ।

*साभारः स्वामी आनन्द अरुण, शान्तदर्शन*



# तिमी को हौ ?

**सुमन रतन**
**स्ववियू उपसभापति**



तिमी तारा हौ बस् चम्कीन बाँकी छौं ।
तिमी जुन हौ बस् उदाउन बाँकी छौं ॥
तिमी कलकल बग्ने खोला हौ ।
बस खोजी नदी अनी समुद्र को छ ।
तिमी ८८४८ मि. भन्दा माथी छौ ॥ २
तिमी त क्षितिजमा छौ .............
तिमी आकाश पर छौं, सुर्य वर पनि छौ ।
तिमी-तिमी त तिमी मै पूर्ण छौ, किनकी तिमी नै ब्रमाण्ड हौ ॥
तर विडम्वना तिमी अज्ञात छौ ।
तिमी अन्धकारको पनि अन्धकारमा हराएका छौ ।
तिमी अपरिचीत छौ, आफु संगै अल्मलीएका छौ ॥
बन्धन घेरा र वाचाहरुमा ... साना-साना अनी अनावश्यक ढाचाँ हरुमा
तिमी थिचीएका छौ, रहरै रहरहरुमा
बगेका छौ, टुङ्गो नभएको लहरहरुमा
हारेका/डराएका छौ, प्रत्येक प्रहरहरुमा
(तिमी मात्र हैन म मात्र हैन) २
तिमी र म जस्तै लाखौ छौ प्रत्येक सहरहरुमा २



# उनी

**गेविन्द गैह्रे**
**विविएस चौथो वर्ष**

आसा भरिलो होस माया कसिलो होस
समय तरल्ताले झुक्याउने गर्छ ।
रित पृत र संगीतले भुलाउने मन लाई
उसका तस्बिर ले झन सम्झाउने गर्छ ।
चुढि लगे हावा सरि धुलाको कणले
फेरि चैत्र सकिए पनि बैसाख मा पालुबा पलाउने गर्छ ।
आउँछ जान्छ महिना होस या दिन
उ कैले आउदिन थाहा पाउँदा पाउदै पनि मन चर्किने गर्छ
बिर्सिन हेए मन भन्यो झन बढी सम्झिने गर्छ ॥

आमा
बालक बबुरो म, चि च्या चु गर्दै जमिन छोएँ
भोक लाग्दा कति रोएँ,
पत्तो पाएनौ बुबा तिम्ले, आमा तिम्रै नजिक भए
बिरामी हुदा होस या नुनु गर्दा तिम्रै वरिपरि लडबद्डिए
आधा पेट पोड्का बाधि मेला पात धाउथेउ कैले
साझ पख अन्कनाउदै ,ढाड समाउँदै आउथेउ जैले
तिर्खाउदा पानी भन्छुन, भोकमा खानु आहार रे
माया तिम्रो स्याहार तिम्रो भुल्ने छैन कैले ..।



# NATURE

**Milan Rijal**
**B.Ed. 4th Year**

The water flowing
The rocks trips
And falling
Stream

A winter
Blanket covers the
Earth

The wind is blowing
The leaves rustle
in rhythm
To nature
Heartbeat



# गूरू

**रविना कुमाल**
**वि.एड चौथो वर्ष**

पढ्नुपर्छ भनी हामीलाई,
क ख ग घ सिकाउनु भो ।
हामी ठुलो मान्छे बन्नुपर्छ भनी,
हात समाई हिडाउनु भो ॥

ज्ञानको ज्योति छर्दै-छर्दै,
हामीलाई ज्ञान दिनु भो ।
असल मान्छे बन्नुपर्छ,
भनी सही मार्ग देखाउनु भो ॥

पढेर हामीलाई ठुलो मान्छे बन्नुपर्छ,
भनी सिकाउनु भो ।
मनको रहर मार्नु हुन्न भनी,
अघि बढ्नु पर्छ भनी सिकाउनु भो ॥

ज्ञान लिए सधैलाई हुन्छ धन भए,
आज छ भोलि हुन्न भनी सिकाउनु भो ।
राम्रो लाएर देखाउने होइन, पढेर सक्षम बन्नुपर्छ,
भनी सिकाउनु भो ॥



# उदास भावनाहरू

रिता श्रेष्ठ
विएड चौथो वर्ष

कति कतै इच्छाहरु मर्दै छ,
सपनाहरु सवै हराउँदै छ,
मनका रहरहरु बिलाउदै छ,
खोई के भयो मलाई आज,
हँसिलो अनुहार निराश बन्दै छ।

प्रयास गर्दा गर्दै असफल भइरहेको छ,
अगाडि बढ्न खोज्दा खोज्दै,
पछाडि खुट्टा ताने धेरै भेटिरहेको छ,
को आफ्नो को पराई यो,
शहरमा छुट्याउन गाह्रो भइरहेको छ।

खोई, के कुरामा अल्झिएँ म थाहा छैन,
सानो सानो कुरामा खुःशी खोज्ने म,
आज बन्द कोठामा टोलाइ रहेकी छु,
भावनाहरु, पिडाहरु लुकाइ समय अनुसार,
मन्द मुस्कान ओठमा ल्याएकी छु।

खोई, कस्ले बुझ्छन् र मलाई यहाँ,
सवैको आ-आफ्नो समस्या आफैसँग हुन्छ,
सुनाउँ भने आफ्नो मनका पिडा,
सुनी दिने र बुझिदिने को छ र यहाँ,
यस्तै रैछ नियतिको खेल भनी,
आफैसँग सम्झौता गरिरहेकी छु।



# गजल

**रवि सिग्देल**
**विएड चौथो वर्ष**

हाम्रो यी नयनले खास देख्नुछ,
साच्चै भिमादको विकास देख्नु छ ।

राज्यबाट मिचीएका जनताहरुले,
खुशी खुशीले फेरेको सास देख्नुछ ।

युवाको पसिनाले भुमीको सिचाइ गरी,
यै माटोले उब्जिएको गास देख्नुछ ।

अब विभेद नजन्माउ एकता रोजौं,
समृद्ध अनि सुखी भिमाद देख्नुछ ।

जिम्मेवार अब भिमाद सरकारको,
जनताले गरेको बिश्वाश देख्नुछ ।



# बुबा !

**रचना वि.क.**
**वि.एड दोस्रो वर्ष**

सुरुवात मेरो दुर्गम त्यो गाउँदेखि,
चिनिने गर्थेउ हामी बुवाको त्यो नामदेखि,
प्रश्न सोध्न मन थियो तर उत्तर थाहाँ थियो
भनि किन वगिराछ रगत तिम्रो पाउँदेखि ॥
सलाम छ बुवा तिम्रो अटल संघर्षलाई
सँधै अघि बढ्ने तिमी त्यागी त्यो हर्षलाई
हाम्रै खुसीको लागि सहयौ तिमिले
सधैं दुःख अनि कष्ट हरेक वर्षलाई ।
आभारी छु बुवा तिम्रो अमूल्य पसिनाको,
कल्पना नि गर्दिन म जीवन तिमी बिनाको
कारण तिम्रै दुख अनि
मिहिनेतले हामीलाई समाजमा चिनाएको ॥
गरेनौ पर्वाह कि त्यो चर्को घामको,
सँधै सम्मान गरिरहयौ आफ्नो कामको,
तर कमि हुन दिएनौ हामीलाई
कहिले पनि त्यो चिल्लो दामको ॥
बुवा तिम्रो बचन त्यो वाण थियो रामको,
हरेक समय सत्य, बोल्थेउ जो हुन्थ्यो कामको,
अबुझ्ह त मै थिएँ पुजा गर्न
छोडी तिम्रो पछि लागे त्यो मूर्ति रामको ॥



# दलित

**भावना नेपाली**
**वि.एड दोस्रो वर्ष**

मैले मन्दिर बनाएँ, भगवानको मुर्ति बनाएँ सबै पुजिए ।
मलाई भने छि ! छि ! र दुर्दुर गर्दै तिमीले त्यहा छिर्न
त के ढोकाबाट धेरै पर वस्नसम्म दिएनौ ।

हतियार बनाएँ, तिम्रो घरभित्र भान्सा चुलोचौकोसम्म पुग्यो,
त्यो छुत भयो म अछुत गनिए ।
मलाई जात, धर्मका आधारमा तिमीले अछुत भन्यौ
मैले सिलाएका कपडाबाट तिम्रो आङ ढाकिएको छ
नत्र तिमी नाङ्गौ हुन्थ्यौ ।

मैले बनाएका सिलाएका जुत्ता लगायौ चिटिक्क परेर
सजिदा महान कहलिदा तिम्रो स्वाभिमान सगरमाथा जतिकै उच्च भयो ।
तर मलाई भने उठ्न र उच्च हुन नदिई थिची मात्र रह्यौ ।

मैले तिम्रो लागि के-के गरिन,
मर्न लागेकालाई जिवन दिए,
स्वास दिए, सम्मान दिए,
त्यसको बदलामा मैले पाए त केवल
अपमान, अनादर र दलित अछुतको दर्जा ।

मैले कहित्यै तिमीलाई कुनै कार्यमा छुट्याइन
तर तिमी भने बदलामा जहिल्यै छुत कहलिएर मलाई
अछुत भनी रह्यौ, अपमान गरिरह्यौ
विभेदको पर्खाल र सिमाना कोरिरह्यौ ।

विवाह, ब्रतबन्ध अनि गुन्युचोलीमा मेरो दक्षिणा चल्यो
तर टीका चलेन,
मेरो काम चल्यो तर भान्सा चलेन ।
मेरो काम चल्यो तर भान्सा चलेन ॥



# देशप्रतिको प्रेम

-मुक्त छन्द वा गजल शैलीमा आधारित

**सविना लम्साल**
**वि.एड दोस्रो वर्ष**

तिम्रो हाम्रो माया प्रीति सागर हो तर्न सिक,
मलाई जस्तै माया तिमी देशलाई पनि गर्न सिक ।

बाँचे-बाँच मरे-मर भन्छ तिम्रो पिरतीले
दुनियालाई बचाएर बरु आफू मर्न सिक ।

थोपा-थोपा मिलि सागर बन्छ भन्ने जानी राख,
कुवाबाट पानी उठाई अञ्जलीले भर्न सिक ।

देशलाई जोगाउने तिम्रो हाम्रो दायित्व हो
हिमाल, पहाड, तराईमा चढ्न अनि झर्न सिक ।

प्रकृति र संस्कृतिले भरिभराउ हाम्रो देश
देशलाई अघि बढाउन बनाउँ है राम्रो परिवेश ।

यो देशलाई जोगाउन वीरपुर्खा रातदिन खटिए
यही देशलाई भन्दा आफ्नो ज्यान दाउमा लगाए ।

मायाभन्दा मैले चिन्छु अरु कसले चिन्छ तिम्लाई
जुनकिरी झैं ज्ञानको ज्योति विश्वभरि छर्न सिक ॥